**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री कुमार रेग्मी**

**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**

**आदेश**

**०७५-WO-०९४६**

मुद्दाः **उत्प्रेषण।**

| | |
|---|---|
| जनहित संरक्षण मञ्चको तर्फबाट अख्तियार प्राप्त र आफ्नो हकमा समेत कपिलवस्तु जिल्ला स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ कुलेश्वर बस्ने कार्यकारी अध्यक्ष वरिष्ठ अधिवक्ता प्रकाश मणी शर्मा------------------------------------------------------१<br>रुपन्देही जिल्ला स्थायी घर भई हाल काठमाडौं जिल्ला,काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने वरिष्ठ अधिवक्ता दिनेश मणी त्रिपाठी----१<br>जनहित संरक्षण मञ्चको तर्फबाट अख्तियार प्राप्त र आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता रमा पन्त खरेल------------------------------------------------१<br>महोत्तरी जिल्ला बस्ने पंकज कुमार कर्ण-----------------------------------१<br>काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० बस्ने भुपेन्द्र प्रसाद पौडयाल------------------------------------------------------------१<br>काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३१ बस्ने गणपति लाल श्रेष्ठ--------------------------------------------------------------१<br>काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ मदननगर कुलेश्वरस्थित काठमाडौं एकडेमी अफ टुरिजम एड हस्पिटालिटीमा अध्ययनरत आशुतोष भुसाल-------------------------------------------------------१<br>ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. १ जनहित संरक्षण मञ्चमा कार्यरत तथा काठमाडौं स्कूल अफ ल मा अध्ययनरत संजय अधिकारी------१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं----------------------------------------------------------------१<br>नेपाल सरकार,उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं---१<br>नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरबार, काठमाडौं----------------------------------------------------------------१<br>नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय काठमाडौं---------------------१<br>नेपाल सरकार, अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं------------------------१<br>नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं१<br>अध्यक्ष, नेपाल नेशनल कमिसन फर युनेशको, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय----------------------------------------------------------------१<br>नेपाल सरकार, उद्योग विभाग त्रिपुरेश्वर, काठमाडौं--------------------------१<br>नेपाल सरकार, सडक विभाग बबरमहल, काठमाडौं-------------------------१<br>नेपाल सरकार, पुरातत्व विभाग रामशाहपथ, काठमाडौं----------------------१<br>लुम्बिनी विकास कोष, अख्तियार मार्ग, काठमाण्डौ--------------------------१<br>नेपाल सरकार, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहल काठमाण्डौ-------------------------------------------------------------१<br>जिल्ला प्रशासन कार्यालय रूपन्देही, भैरहवा---------------------------------१<br>सुप्रिम सिमेन्ट प्रा.लि. थापाथली, काठमाण्डौं-----------------------------१<br>जगदम्बा सिमेन्ट प्रा.लि. तिनकुने, काठमाण्डौं-----------------------------१<br>गोयन्का सिमेन्ट प्रा.लि. प्रहरी टोल, सिद्धार्थनगर, भैरहवा--------------------१<br>अम्बे स्टिल प्रा.लि. टेकु काठमाडौं--------------------------------------१<br>रिलायन्स सिमेन्ट प्रा.लि. बाग्मती चेम्बर, टेकु, काठमाडौं--------------------१<br>सिद्धार्थ सिमेन्ट प्रा.लि. रूपन्देही------------------------------------------१<br>ब्रिज सिमेन्ट, तिनधारा रोड, कमलादी, काठमाडौं-----------------------------१<br>अग्नि सिमेन्ट इन्डष्ट्रिज प्रा.लि. कुलेश्वर, काठमाडौं--------------------------१<br>कैलाश सिमेन्ट प्रा.लि. कमैया ५, रूपन्देही---------------------------------१<br>विशाल सिमेन्ट उद्योग, पिङ्गलास्थान, काठमाण्डौ-----------------------------१ | विपक्षी |

श्रीराम सिमेन्ट उद्योग, रूपन्देही-----------------------------------------१
अर्घाखाँची सिमेन्ट, थापाथली, काठमाण्डौं-------------------------------------१
नेपाल अम्बुजा सिमेन्ट उद्योग, कमहरीया ३, रूपन्देही-----------------------१
श्याम प्लाइउड उद्योग, रूपन्देही-----------------------------------------१
हिमालयन स्न्याक्स एन्ड नुडल्स प्रा.लि. हात्तिसार, काठमाडौं-----------------१
अम्बे स्टिल प्रा.ली. टेकु, काठमाडौं----------------------------------------१
सिद्धार्थ आयल ईण्डष्ट्रिज त्रिपुरेश्वर, काठमाण्डौ-------------------------------१
रिलायन्स पेपर मिल्स टेकु, काठमाण्डौ-------------------------------------१
गोयन्का स्टिल उद्योग नक्साल, काठमाण्डौ----------------------------------१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२)(३) बमोजिम यसै अदालतको असाधारण अधिकार क्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

**तथ्य खण्ड**

१. नेपाल भौगोलिक रूपमा सानो भएपनि प्राकृतिक र सांस्कृतिक सम्पदाको हिसावले विश्व मानचित्रमा सम्पन्न र विशाल छ। ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा प्राकृतिक महत्त्वका अमूल्य निधिकै कारण नेपालले विश्वमा अलग पहिचान बनाउन सफल भएको छ। यस्ता ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा प्राकृतिक महत्त्वका वस्तु तथा क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्नु राज्यको दायित्व हो। नेपालमा रहेको सम्पदाहरू मध्ये भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र एक महत्त्वपूर्ण सम्पदा हो। बुद्धलाई बौद्ध धर्मका धर्म गुरु तथा अन्तराष्ट्रिय रूपमा एसियाको ज्योति (Light of Asia) भनेर चिनिन्छ। लुम्बिनी क्षेत्र विश्व समुदायको लागि नै अत्यन्त महत्त्वपूर्ण स्थान मानिन्छ। लुम्बिनी क्षेत्रमा विश्वका विभिन्न देशबाट लाखौ तीर्थयात्रीहरू लगायत विभिन्न देशका विशिष्ट व्यक्तिहरू आउने गरेका छन्। संसारको जनसंख्याको २२ प्रतिशत अर्थात १ अर्ब ६० करोड बौद्ध धर्माबलम्बीहरू रहेको अनुमान छ। १ अर्ब ६० करोड बौद्ध धर्मावलम्बीहरूका साथै हिन्दु धर्मावलम्बीहरु जो बुद्धलाई भगवान् विष्णुको दशौं अवतार मान्दछन्। तिनिहरू सबैको तिर्थस्थलको रूपमा रहेको विश्वको अतुलनीय

सम्पदा भएको हुँदा यसको संरक्षण राष्ट्रको आर्थिक विकाशको लागि समेत अपरिहार्य छ।

२. संविधान, राष्ट्रिय कानूनी व्यवस्था तथा अन्तराष्ट्रिय कानूनको प्रावधानले धार्मिक, ऐतिहासिक तथा पुरातात्विक क्षेत्रको संरक्षण गर्नु पर्ने जिम्मेवारी सरकारलाई दिइरहेको अवस्थामा ब्रह्माण्डकै अतुलनीय मूल्य (Universal outstanding value) रहेको स्थानको संरक्षणमा प्रतिकूल असर पर्ने गरी केही व्यक्तिहरूको निजी स्वार्थ पूर्ति गर्न प्रदूषणजन्य निजी उद्योग स्थापना गर्ने कार्यलाई स्वीकृति प्रदान गर्नु सविधान, विभिन्न राष्ट्रिय कानूनी व्यवस्था, औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय तथा अन्तराष्ट्रिय कानून समेतको विपरीत कार्य हो। लुम्बिनी क्षेत्रमा रहेका ६१ भन्दा बढी प्रदूषणजन्य उद्योगहरू स्थानान्तरण नभएबाट विश्व प्रसिद्ध तथा ब्रह्माण्डकै अतुलनीय मूल्य रहेको भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक अस्तित्व खतरामा पर्नुका साथै निवेदक लगायत त्यस क्षेत्रका जनताको मौलिक हकमा समेत असर परेको छ। अन्तराष्ट्रिय स्मारकको संरक्षण गर्नुपर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय दायित्व बोकेको स्थितिमा विपक्षीहरूको स्वेच्छाचारी निर्णय एवम् अकर्मण्यता (inaction) ले गर्दा नेपालको संविधानको धारा २६, ३०, ३१, ३२, ३५, ५१ (क) (२), ५१ (ख) (२) (३), ५१ (ग (छ) ५१(ङ) (३), ५१ (छ) (१), (५), (७), (८) तथा नेपाल पक्ष भएको UNESCO Convention Concerning the protection of the World Cultural Heritage and Natural Heritage, 1992, RAMSAR Convention on Wet Lands 1971, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ), दफा १२ (ख), वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, दफा ७ दफा ९, वातावरण संरक्षण नियमावली, २०५४, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १०, औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३ (घ), पर्यटन बोर्ड ऐन २०५३ को दफा ६ विपरीत कार्य भएको हुँदा उक्त स्थानमा प्रदूषणजन्य उद्योग स्थापना गर्ने कार्यलाई अविलम्ब निषेध गर्नुपर्ने र उक्त स्थलमा रहेका उद्योगहरूलाई वैकल्पिक स्थानमा स्थानान्तरण गर्नुपर्ने अपरिहार्य एवं वाञ्छनीय हुन गएको र लुम्बिनीमा मात्र नभइ वृहत लुम्बिनी क्षेत्रमा कुनै पनि प्रदूषण उत्सर्जन गर्ने उद्योग स्थापना गर्ने कार्यलाई अविलम्ब निषेध गर्नुपर्ने प्रष्ट हुन्छ।

३. नेपाललाई विश्वसमक्ष परिचित गराई नेपालको प्रतिष्ठा बढाउने विभिन्न प्रसिद्ध स्थान मध्ये भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी पनि एक महत्त्वपूर्ण स्थान हो। आजभन्दा करिब २६४२ वर्ष अगाडि वैशाख पूर्णिमाको दिन तत्कालीन कपिलवस्तु राज्यका शाक्य वंशका राजा शुद्धोदनकी रानी मायादेवीको गर्भबाट राजकुमार सिद्धार्थको जन्म भएको ऐतिहासिक तथ्यहरू स्थापित छन्। मौर्य सम्राट अशोकले इशापूर्व २५५ मा कनकमनी बुद्धको जन्मभूमिमा तीर्थ यात्रा गरी लुम्बिनीमा शाक्यमुनि गौतम बुद्ध जन्मेका थिए भनी ढुंगाको शिला स्तम्भ निर्माण गरेको तथ्य र चिनियाँयात्रीहरू फाहियान र हुयानसाङ्गले क्रमशः पाँचौं र सातौं शताब्दीमा लुम्बिनीको भ्रमण गरी यही शिला स्तम्भ (अशोक स्तम्भ) भएको ठाउँमा नै गौतम बुद्धको जन्मस्थल हो भनी प्रकाशित गरेका ग्रन्थ समेतका आधारमा गौतम बुद्धको जन्मस्थल नेपालको हालको रूपन्देही जिल्ला स्थित लुम्बिनी हो भन्ने कुरा विभिन्न तथ्यगत प्रमाणवाट स्थापित भइसकेको छ। लुम्बिनी क्षेत्र विश्वका हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको अत्यन्त पवित्र र पावन तिर्थ क्षेत्र र पुरातात्विक दृष्टिकोणले पनि अत्यन्त महत्त्वपूर्ण रहेको हुनाले युनेस्कोले सन् १९९७ मा लुम्बिनी क्षेत्रलाई ब्रह्माण्डकै अतुलनीय मूल्य भएको सम्पदा भन्दै विश्व सम्पदा सूचीमा सूचीकृत गरेको हो। लुम्बिनी क्षेत्रमा रहेको युनेस्कोद्वारा स्थापित ताम्रपत्रमा "Lumbini, the birthplace of Lord Buddha has been inscribed on the World Heritage List. This Heritage Site is of exceptional universal value which deserves protection for the benefits of humanity." भनी लुम्बिनीको अत्यन्त महत्त्व रहेको र मानवताको लाभको लागि लुम्बिनी क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गरिएको हो भनी उल्लेख गरिएको छ। लुम्बिनी बाहेक कपिलवस्तु तिरौलाकोट, कुडॉन, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, देवदह, नवलपरासीको रामग्राम लगायतका स्थलहरू पनि भगवान् गौतम बुद्धसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भएकोले यी सम्पूर्ण स्थलहरूको आफ्नै महत्त्व रहेको छ। त्यस मध्ये पनि तिरौलाकोट र रामग्रामको क्षेत्रहरूलाई युनेस्कोको सम्भावित सूची (tentative list) मा समेत नेपाल सरकारले समावेश गरिसकेबाट यस क्षेत्रको धार्मिक सांस्कृतिक एवं पुरातात्विक महत्त्वलाई बुझ्न सकिन्छ। तर बिडम्बना विश्व सम्पदा सम्भावित सूचीमा परेका सम्पदा कपिलवस्तु र नवलपरासी जिल्लाका तिरौलाकोट र रामग्राम र वृहत लुम्बिनीमा पर्ने भगवान् बुद्धसंग सम्बन्धित स्थलहरु कुडान, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, देवदह, समेतलाई असर पार्ने क्षेत्र

भित्र प्रदूषणजन्य उद्योग स्थापना गर्ने कार्यलाई उद्योग विभागले धमाधम स्वीकृति प्रदान गर्दै गैरहेको छ। जुन कार्य तत्काल रोक्नु पर्ने र त्यस्ता उद्योगहरु औद्योगिक क्षेत्र भित्र मात्र स्थापना गर्नु पर्दछ।

४. लुम्बिनी क्षेत्र कृषिको दृष्टिकोणले पनि अत्यन्त महत्त्वपूर्ण रहेको छ। समतल तराई भू भागमा पर्ने यस क्षेत्र कृषिको लागि पनि उर्वर भूमि हो। तराई भौगोलिक क्षेत्रमा पर्ने लुम्बिनी क्षेत्रमा गहुँ, धान, मकै जस्ता नगदे बालि प्रशस्त लाग्छन्। जैविक विविधताको लागि पनि लुम्बिनी अत्यन्त महत्त्वपूर्ण रहेको छ। लुम्बिनीमा सिमसार क्षेत्रहरु पनि रहेका छन। IUCN ले सन् १९९८ मा गरेको सर्वेक्षण अनुसार लुम्बिनीमा १६ सिमसार क्षेत्र रहेका छन्। लुम्बिनीको सिमसार क्षेत्रमा विश्वमा नै लोपोन्मुख मानिने जंगली धान (wild rice) को विभिन्न प्रजातिहरु पाइन्छन्। त्यसैगरी उक्त क्षेत्रमा विश्वमा पाइने उढ्ने चराहरू मध्येको सबै भन्दा अग्लो चरा सारसको बसोबास समेत पाइन्छ। नेपाल पंक्षी संरक्षण संघले हालसालै गरेको सर्वेक्षण अनुसार त्यस लुम्बिनी क्षेत्रमा ५०० सारसको बसोबास रहेको छ। सारस चरा जैविक विविधताको एक महत्त्वपूर्ण तत्व हो। बौद्ध दर्शन र प्रकृतिको अत्यन्त घनीभूत सम्बन्ध रहेको छ। सारस चराको सन्दर्भमा भगवान् गौतम बुद्धको जीवनमा समेत सम्बन्ध रहेको हुँदा सारस चरा बौद्ध धर्मावलम्बीहरूका लागि अत्यन्त महत्त्वपूर्ण चरा मानिन्छ। विश्वव्यापी रूपमा नै संकटमा परेको नेपालमा भएका सारस मध्ये ९५% सारसको प्रजनन नेपालको लुम्बिनी क्षेत्रमा मात्र हुने गर्दछ। सारस चरा मात्र नभई रूपन्देही क्षेत्रमा सन् २००२ सालको सर्वेक्षण अनुसार विश्वव्यापी रूपमा संकटमा परेका ८ पंक्षीसहित २१० प्रजातिका पंक्षीहरूको बसोबास लुम्बिनी क्षेत्रमा रहेको छ।

५. विभिन्न पुरातत्व विद् तथा वैज्ञानिकहरूको अनुसार लुम्बिनी क्षेत्र वरपरका प्रदूषणजन्य उद्योगवाट निस्कने प्रदूषित हावा तथा रासायनिक पदार्थले गर्दा लुम्बिनी स्थित प्राचीन मूर्ति, अशोक स्तम्भ र मार्कर स्टोनमा जैविक तथा रासायनिक रोग तथा असर देखिएको छ। यदि लुम्बिनी क्षेत्रको प्रदूषण नियन्त्रण नगरिने हो भने त्यस क्षेत्रका ब्रह्माण्डकै अतुलनीय मूल्य भएका अशोक स्तम्भ, शिलालेख, मूर्ति, तथा अन्य वस्तुहरू नास भएर जाने अवस्था रहेको छ। त्यसैगरी त्यस क्षेत्रका प्रदूषणजन्य उद्योगहरूबाट निस्केको धुँवा, धूलो आदिले त्यस क्षेत्रमा बस्ने बासिन्दाको स्वास्थ्यमा प्रतिकूल असर पारेको, विश्वव्यापी रूपमा नै संकटमा परेको सारस चराको वासस्थान र उक्त चराको जीवन

संकटमा परी रहेको, माटोको प्रकृति नै परिवर्तन गरि दिएको, कृषि उत्पादनमा ह्रास आएको र जैविक विविधतामा पनि प्रतिकूल असर परेको देखिएको छ। त्यस्तै मौर्य सम्राट अशोकद्वारा संसारको विभिन्न भागमा राखिएका प्रसिद्ध स्मारकहरू मध्ये सबै भन्दा प्रसिद्ध अशोक स्तम्भ नेपालको लुम्बिनीमा रहेको स्तम्भ हो। यस स्थलमा धेरै धर्मावलम्बीहरू आउने गर्छन्। अशोक स्तम्भमा रहेको शिलालेखले लुम्बिनीमा नै भगवान् गौतम बुद्धको जन्म भएको किटान गरेको छ। लुम्बिनीको मायादेवी मन्दिरसँग रहेको यस स्तम्भले नै लुम्बिनीलाई सिद्धार्थ गौतम बुद्धको जन्म स्थलको रूपमा प्रमाणीकरण गरेको छ। वरिष्ठ पुरातत्त्वविद् वसन्त बिडारीका अनुसार मायादेवी मन्दिर सँगैको अशोक स्तम्भ जिप्सम र सिमेन्टको धुलोले स्तम्भलाई दिनानुदिन कमजोर बनाउँदै लगेको छ।

६. अन्तराष्ट्रिय महत्त्वको पर्यटकीय क्षेत्र लुम्बिनी जाने एकमात्र मार्गको रूपमा रहेको भैरहवा लुम्बिनी सडक वरिपरि क्षेत्रमा पर्यटकीय र धार्मिक स्थल साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण बाग बगैंचा र अन्य मनोरम स्थल निर्माण गर्नु पर्ने ठाउँमा सिमेन्ट लगायत अन्य प्रदूषणजन्य उद्योगहरू सञ्चालन गर्नाले उक्त लुम्बिनी जाने पर्यटकले प्रदूषणजन्य उद्योगबाट उत्सर्जन हुने धूलो, धुवाँ खानुपर्ने लगायत उक्त उद्योगहरूमा जाने ठूला ट्रकहरूका कारण लामो समय ट्राफिक जाममा फँस्नुपर्ने र निरन्तर धूलो, धुवाँ खाइरहनु पर्ने बाध्यता रहेको छ। केही समयको लागि लुम्बिनी दर्शन गर्न तथा लुम्बिनी क्षेत्रको अवलोकन गर्न आएका धर्मावलम्बीहरू तथा पर्यटकहरूले उक्त जाम र हैरानीमा नै धेरै समय बिताउनु पर्ने बाध्यता रहेको छ। त्यस्तै लुम्बिनी पुगेका तिर्थ यात्री एवं पर्यटकहरू मास्क लगाएर ध्यान गर्न बाध्य भएको भन्ने कुरा समाचार माध्यामहरुबाट प्रसारण भएबाट नेपालले अन्तराष्ट्रिय जगतमा नै ख्याति प्राप्त विश्व सम्पदामा सूचीकृत सम्पदा क्षेत्रको संरक्षण र प्रवर्द्धनमा गरेको गैर-जिम्मेवारपनको झलक स्वदेशी र विदेशी पर्यटकलाई दिइरहेको छ, जुन अत्यन्त लज्जास्पद रहेको र यसले पर्यटन प्रवर्द्धनमा नकारात्मक असर पारेको अवस्था छ। यसरी पवित्र क्षेत्रमा आउने पर्यटकहरू प्रदूषणजन्य उद्योगबाट उत्सर्जन हुने धुलो, धुवाँ खानुपर्ने हुँदा र सोही कारणबाट अशान्त वातावरणमा यहाँ आउन हतोत्साहित भएका छन् भने आए पनि आफ्नो बसाइलाई जति सके छोटो बनाई फर्किने गरेबाट पर्यटन क्षेत्रले ठूलो घाटा भोग्नु परेको छ भने देशको गरिमामा समेत नकारात्मक असर परिरहेको छ।

अन्तराष्ट्रिय महत्त्वको पर्यटकीय क्षेत्र लुम्बिनीमा विश्वका बुद्ध धर्मावलम्वीहरु जो आफ्नो जीवन कालमा एकपल्ट आउने रहर गर्छन् तिनको केही प्रतिशत मात्र भित्राउन सके देशको आर्थिक उन्नतिको आधार बन्न सक्छ।

७.कुनै पनि प्रदूषणाजन्य उद्योग स्थापनाबाट वातावरण प्रदूषित हुन्छ भन्ने कुरामा दुई मत रहँदैन। यस क्षेत्रमा रहेका उद्योगहरूले जल, वायु र ध्वनी तिनै किसिमको प्रदूषण गरेको पाइएको छ। सिमेन्ट ईंट्टा जस्ता प्रदूषण जन्य उद्योग भएको स्थलमा उक्त सिमेन्टको धूलो/धुवाँ खुला वातावरणमा सहजै रूपमा मिसिने गर्दछ। सिमेन्ट बाहेकका अन्य प्रदूषणजन्य उद्योग पेपर मिल, स्टिल उद्योग डिस्टिलरी आदिले समेत उत्पादन गर्दा विभिन्न रसायन मिश्रित वायु र पानी निष्कासन गर्छन्। यसरी निस्केका रसायनिक वायु, धातु मिश्रित हावा र पानीले वातावरणलाई दूषित पार्दछ। लुम्बिनी क्षेत्र वरपर सञ्चालित उद्योगहरू मध्ये १२ वटा सिमेन्ट उद्योगले मात्र वर्षमा १६.७ लाख मेट्रिक टन सिमेन्ट उत्पादन गर्दछ। उक्त उद्योगहरूले त्यस क्षेत्रको सडक मार्गको प्रयोग सिमेन्ट उत्पादन गर्न कच्चा पदार्थ आपूर्ति गर्न तथा उत्पादित सिमेन्ट त्यस क्षेत्रबाट बजारमा लग्नसमेत प्रयोग गर्ने गर्दछन्। उक्त सडकको प्रयोग ट्रकहरूले अत्याधिक मात्रामा गर्ने गर्दछन्। एक ट्रकमा १९ टन मात्र लोड गर्न पाइने हुँदा उक्त कच्चा पदार्थ तथा उत्पादन ओसार पसार गर्नमात्र ८३,५०० देखि १,६७,००० ट्रिप ट्रकको प्रयोग एक वर्षमा हुने गर्दछ। यसरी हेर्दा एक दिनमा सामान्यतः २२५ देखि ४५० ट्रकको ट्रिप हरेक दिनमा उक्त सडक खण्डमा आवत जावत गर्दछ। यसरी यति धेरै संख्यामा धेरै वजन सहितको ट्रकको आवत जावत भएबाट उक्त क्षेत्रमा ट्राफिक व्यवस्थापनमा कठिनाइ हुने तथा उक्त ट्रकहरूले सडकलाई पूर्ण रूपमा क्षति पुराएको छ। त्यस्तै कच्चा पदार्थको ढुवानी र उत्पादित वस्तुहरूको निकासी गर्दा त्यहाँ गुड्ने सवारी साधनहरूबाट धेरै मात्रामा धुँवा र धूलो उडाउने गर्छन्।

८.विश्व स्वास्थ संगठनको अनुसार लुम्बिनी क्षेत्रमा परीक्षण गर्दा वायु प्रदूषणको मात्र २७० माईक्रो ग्राम पर किउबिक मिटर (ug/m3) रहेको र उक्त मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको भन्दा ११ प्रतिसत बढी भएको जनाएको छ। वातावरण विभागको अध्ययन अनुसार लुम्बिनी क्षेत्रमा परीक्षण गर्दा उक्त क्षेत्रमा काठमाडौं भन्दा पनि वायु प्रदूषण बढी रहेको देखिएको छ। वातावरण विभागका सिनियर डिभिजन केमिस्ट शंकरप्रसाद पौडेलका अनुसार लुम्बिनी करिडोरका नेपाली सिमेन्ट उद्योग र भारतीय

सीमाबाट बहने वायु प्रदूषणका मुख्य कारक हुन्। 'अक्टोबरदेखि फेब्रुअरीसम्म वायु प्रदूषणको 'पिक सिजन' हो। यो समयमा लुम्बिनी देशकै सबैभन्दा बढी प्रदूषित देखिन्छ। लुम्बिनीमा भएको पहिलो बौद्ध सम्मेलनले आसपासमा बढेको प्रदूषणले पुरातात्विक सम्पदा खतरामा परेको निष्कर्ष निकालेको थियो। तर, सरकारले नियन्त्रणका लागि कुनै प्रयास गरेको छैन। नेपाल सरकारद्वारा निर्धारित गरेको मापदण्ड भन्दा बढी लुम्बिनी क्षेत्रमा रहेका उद्योगहरूबाट निस्कने धुँवा तथा रसायनिक पदार्थहरूले वातावरण अत्यन्त प्रदूषित भइरहेको अवस्था छ। वायु प्रदूषणका कारण त्यस क्षेत्रका मानिसहरू खास गरी स-साना नानीहरु र बृद्धहरुको स्वास्थमा गम्भीर असर पुऱ्याई रहेको पाइन्छ।

९. धार्मिक, सांस्कृतिक र वातावरणीय एवं जैविक विविधताले महत्त्वपूर्ण लुम्बिनी क्षेत्रमा रहेका उद्योगहरूले निम्त्याएको वातावरण प्रदूषणले त्यस क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव पारी त्यहाँ पाइने वन्यजन्तु तथा दुर्लभ वनस्पतिहरू समेत लोप हुन सक्ने र सम्पूर्ण पारिस्थितिक प्रणालीमा आघात पुगेको देखिन्छ। स्थानिय बासिन्दाले दिएको जानकारी अनुसार उक्त क्षेत्रमा प्रदूषणाजन्य उद्योग स्थापना भए पछि त्यस क्षेत्रका सारसको संख्यामा अत्यन्त गिरावट आएको छ Bird Conservation Nepal बाट वरिष्ठ संरक्षण अधिकारी इशाना थापाले ले मिति सन् २०११ जुलाई १८ मा दिएको राय अनुसार "Industrial development has been identified as a serious threat to the birdlife. Erection of power line is causing a death of big flying birds like Sarus Crane, Lesser Adjutant and Vulture species. Industrial effluent from cement factory, paper mill and distillery are causing water and air pollution resulting in chain of other problems like death and breeding failure in birds." भनी उल्लेख भएबाट त्यस क्षेत्रमा रहेको उद्योगहरूले त्यस क्षेत्रका पंक्षीहरूलाई अत्यन्त खतरामा पारेको छ। साथै हिमालय नेचरबाट प्राप्त पत्रमा लुम्बिनी जैविक विविधताको मुख्य क्षेत्रको रुपमा पहिचान गरिएको र सो क्षेत्रमा लगभग १३ भन्दा बढि विश्वव्यापी रुपमा सङ्कटापन्न घोषित गरिएका चराहरूको वासस्थान रहेको व्यहोरा उल्लेख गरेबाट यस क्षेत्रको जैविक विविधता स्पष्ट हुन्छ। लुम्बिनी विकास कोषको मिति २०६७।११।२५ को पत्र अनुसार "लुम्बिनी वरिपरि मुख्य गरेर भैरहवा देखि लुम्बिनी सडक खण्डमा व्यापक रूपमा सञ्चालनमा आएका विभिन्न उद्योगहरूले लुम्बिनीको सांस्कृतिक तथा जैविक विविधतामा प्रतिकूल वातावरणीय प्रभाव पारिरहेको छ। विश्व प्रसिद्ध स्थानको वरिपरि

बढ्दै गई रहेको वातावरणीय प्रदूषणले लुम्बिनीको भविष्य अन्योलमा पार्ने हुँदा लुम्बिनी विकास कोषले विभिन्न समयमा त्यस्ता उद्योगहरू निर्माणमा रोक लगाउन नेपाल सरकार, सम्बन्धित मन्त्रालयहरू, तथा उद्योग विभागलाई पटक पटक अनुरोध गर्दै आइरहेको छ भनी उल्लेख गरिएको छ।

१०. उद्योग स्थापनाको कारण विद्युतीय लाईन निर्माण गर्नाले त्यस क्षेत्रमा कम उचाइमा उड्ने चराहरूलाई खतरा भएको छ र औद्योगिक प्रदूषणको कारण उक्त प्रजातिको चराहरूलाई प्रतिकूल असर पारेको छ। लुम्बिनी क्षेत्रमा रहेका उद्योगहरू मध्ये पनि सिमेन्ट उद्योगमा Stand-alone Clinker grinder को लागि electric gro को प्रयोग गरिन्छ र उक्त प्रयोजनका लागि अत्यन्त high power fines को आवश्यकता पर्दछ। विभिन्न वैज्ञानिक अध्ययनका अनुसार गिद्ध, सारस लगायतका चारहरूको आवास क्षेत्रमा यस्तो इलेक्ट्रिक तार भएमा उक्त प्रजातिहरू electrocution भई मर्दछन। पुरातत्व विभागको मिति २०६७।११।०१ को पत्रानुसार विश्व सम्पदा सूचीमा सूचीकृत भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको वरिपरि स्थापित विभिन्न प्रदूषणजन्य उद्योग कलकारखानाहरूको कारणले गर्दा लुम्बिनी विश्व सम्पदा क्षेत्र र वरिपरिको सांस्कृतिक एवं जनजीवनमा समेत नकारात्मक प्रभाव परिरहेको तथा लुम्बिनी भ्रमणका लागि आउने पर्यटकहरूलाई समेत यसले प्रतिकूल प्रभाव पारिरहेको तथ्य अनुसन्धानहरूले स्पष्ट पारिसकेको छ भनी उल्लेख भएको पाइन्छ। पुरातत्व विभागका पूर्व महानिर्देशक श्री कोश प्रसाद आचार्य र पुरातत्वविद् काई वेइस (Mr. Kai Weise) ले सन् २०११ मा तयार पार्नुभएको अध्ययन प्रतिवेदन अनुसार लुम्बिनी सडक क्षेत्रमा भइरहेको औद्योगीकरणको गतिलाई रोक्नुपर्ने र तत्कालको फाइदाका लागि विश्व कै एक महत्त्वपूर्ण धर्मको महत्त्वपूर्ण स्थल लुम्बिनीको वातावरणीय, सामाजिक र सांस्कृतिक महत्त्वमा असर पार्न नहुने र सो कुरामा विश्व सम्पदा समितिको समेत महत्त्वपूर्ण रूपमा ध्यानाकर्षण हुने उल्लेख गरिएको छ।

११. लुम्बिनी क्षेत्र वरपर रहेका विभिन्न प्रदूषणजन्य उद्योग छेउछाउको स्वास्थ्य चौकीमा गरिएको अनुसन्धानबाट समेत त्यहाँ वायु प्रदूषणबाट हुने रोगको उपचारको लागि अधिकांश मानिसहरू आउने गरेको देखिन्छ। आ.व.२०६६।६७ मा कमरिया गा.वि.स र स्वपिया गा.वि.स. मा छाला सम्बन्धी रोगबाट २६४ मानिसहरू पीडित भएको पाइन्छ। संयुक्त राज्य वातावरण संरक्षण शाखा (United States Environment

Protection Agency) को प्रतिवेदन अनुसार उद्योगबाट निस्केको विभिन्न धुवाँ तथा रासायनिक पदार्थ सहज रूपमा स्वासबाट शरीरमा भित्रेर विभिन्न स्वास्थ्यसँग सम्बन्धित समस्या उत्पन्न गराउँछ प्रतिवेदनको अनुसार "Scientific studies have linked particle pollution, especially fine particles, with a series of significant health problems, including respiratory problem, decreased lung functions, development of chronic bronchitis, heart attacks, pre mature death in people with heart or lung disease" भनी उल्लेख गरिएको छ। यसका अतिरिक्त लुम्बिनी क्षेत्रमा रहेका कृषि बालिहरूमा पनि त्यस क्षेत्रको उद्योगले निम्त्याएको वायु प्रदूषणको कारण असर परेको स्थानीय कृषकहरूको कथन रहेको छ। काठमाडौं विश्वविद्यालय वातावरण विज्ञान संकायबाट भएको अनुसन्धान अनुसार लुम्बिनी क्षेत्रको उत्पादकत्वमा क्रममा गिरावट आइरहेको छ।

१२. विभिन्न विदेशी राष्ट्र तथा संघ संस्थाले लुम्बिनी क्षेत्रको विकास कार्यको लागि विभिन्न समयमा सहयोग गर्दै आइरहेको प्रष्ट छ। विभिन्न मुलुकका नागरिकहरू लुम्बिनी क्षेत्रको संवर्द्धन गरिनुपर्छ र त्यस क्षेत्रलाई अनन्तकालसम्म जोगाउनुपर्छ भनी वकालत गरिरहेका छन्। तर उक्त क्षेत्र संरक्षण गर्ने दायित्व बोकेको नेपाल सरकारको सम्बन्धित निकायहरूको अदूरदर्शिताले गर्दा लुम्बिनी क्षेत्र खतरामा परेको छ। पर्यटन वर्ष मात्र घोषणा गरेर राज्यले पर्यटन उद्योग प्रवर्द्धन गर्न सक्दैन। पर्यटक आगमनका लागि देशले प्रदूषणको रोकथाम समेत गर्न पनि सक्नुपर्छ। देशभरिका कुनै पनि स्थानमा प्रदूषणजन्य उद्योगलाई अति सावधानीपूर्वक, प्रदूषण न्यूनिकरण उपायहरू अपनाएर मात्र उद्योग स्थापना गर्न दिनुपर्ने ठाउँमा लुम्बिनी जस्तो देशको धरोहर नै मासिने गरी प्रदूषणजन्य उद्योग सञ्चालन गर्न अनुमति दिनु अत्यन्त असंवेदनशील एवं गैरजिम्मेवारीपूर्ण छ। अत्याधिक उद्योगहरूले लुम्बिनी क्षेत्रको सडक जीर्ण भएबाट सधैं सडक निर्माणमा सरकारले आर्थिक बोझ खेप्नुपर्ने, तथा माथि विभिन्न प्रकरणमा उल्लेखित नकारात्मक असर भएबाट, त्यस क्षेत्रमा रहेको उद्योगले बुझाउने राजश्व भन्दा पनि सरकारलाई उक्त क्षेत्रमा रहेको प्रदूषणजन्य उद्योग स्थापनाको नकारात्मक असरले धेरै बोझ गराएको छ। उद्योगहरूबाट संकलित राजश्व मानव जीवन तथा अन्तराष्ट्रिय महत्त्वको लुम्बिनीमा पार्ने क्षति र वातावरण पर्यावरणमा पार्ने आकारको दाँजोमा निकै न्यून छ तसर्थ उक्त क्षेत्रमा स्थापित प्रदूषणजन्य उद्योगहरूलाई तत्काल बन्द गरी उपयुक्त स्थानमा स्थानान्तरण गरिनु पर्दछ। लुम्बिनी क्षेत्रका वरपर रहेका ६१ वटा

भन्दा बढि प्रदूषणजन्य उद्योगहरूको कारण कृषि तथा सम्पदाको क्षेत्र लुम्बिनी अहिले औद्योगिक पार्क भएको छ। ती उद्योगहरूले वातावरणमा प्रभाव पार्नुको साथै विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी क्षेत्रलाई प्रभावित पारेको छ, त्यहाँको जनताको शिक्षा, स्वास्थ्यमा असर गरेको छ। औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औं बैठकबाट गठन भएको अध्ययन टोलीले समेतले लुम्बिनी क्षेत्रको सम्वेदनशीलतालाई हेरी त्यस क्षेत्रमा कुनै नयाँ प्रदूषणजन्य उद्योग स्थापना नगर्न सुझाव दिएको र सोही सुझावका आधारमा औद्योगिक प्रवर्द्धन बोर्डको १९४ बैठकले लुम्बिनी क्षेत्रको संरक्षणका निम्ति निर्मित घेरा पर्खालको पूर्व पश्चिम तथा उत्तरतर्फ घेरा पर्खाल देखि १५ किलोमिटर दूरीभित्र साथै लुम्बिनी सडकको दायाँबायाँ ८०० मिटरभित्र कार्बन उत्सर्जन गर्ने उद्योगहरू स्थापना गर्न नदिने भनी मिति २०६६।०७।१३ मा निर्णय भएको छ। तर बोर्डको निर्णय समेतको विपरीत हुने गरी २०६६।१२।१९ मा अमित सिमेन्ट प्रा.लि.लाई अनुमति दिईएको छ, जुन उद्योग मिति २०६७।०३।१८ को निर्णयअनुसार गोयन्का सिमेन्ट प्रा.लि.लाई गाभिई उक्त उद्योगको नामसमेत गोयन्का सिमन्ट बनाइएको छ। त्यसैगरी उक्त क्षेत्रमा बोर्डको निर्णय विपरीत विशाल सिमेन्ट, श्री राम सिमेन्ट र डाईनेस्टि नामक सिमेन्ट उद्योगहरू स्थापनार्थसमेत प्रत्यर्थी उद्योग विभागले स्वीकृति प्रदान गरेको कुरा खुल्न आएको छ।

१३. भगवान् बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र बौद्ध धर्मवलम्वीहरुको मात्र तिर्थस्थल नभई यो त सनातन हिन्दु धर्मावलम्बी सम्पूर्ण ओँमकार परिवारको पनि तिर्थस्थलको रुपमा रहेको र अन्य धर्मावलम्बी पर्यटकहरूको पनि आकर्षकको क्षेत्र भएको हुँदा राष्ट्रको सम्वृद्धिको आधार भएको कुरामा कुनै दुईमत हुनसक्दैन्। यो क्षेत्रको संरक्षण वर्तमान पुस्ताको लागि मात्र नभई भावी सन्तति समेतका लागि गर्नु राज्यको दायित्व हो। सरकारलाई लुम्बिनी क्षेत्रमा भएको प्रदूषणजन्य उद्योग बन्द गराउन पटक/ पटक निवेदक संस्था तथा अन्य गैरसरकारी संस्था एवं अन्तराष्ट्रिय पर्यटकहरू समेतबाट अपिल हुँदा पनि सरकार मौन रहेको स्थितिमा र व्यक्तिको विभिन्न मौलिक हकको रक्षा गर्ने अभिभावकीय भूमिका रहेको सम्मानित अदालतबाट विश्व सम्पदा सूचीमा रहेको लुम्बिनी क्षेत्रको संरक्षण, स्वच्छ एवं पवित्र वातावरण स्थापना र विभिन्न समुदायको धार्मिक, सांस्कृतिक, शिक्षा एवं स्वच्छ वातावरणमा बाँच्न पाउँने हकको प्रचलनको लागि औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय विपरीत भैरहवा लम्बिनी सडकमा पर्ने गोनाहा

गा.वि.स.मा गोयन्का सिमेन्ट उद्योग स्थापना गर्न स्वीकृति प्रदान गर्ने गरी २०६६।१२।१९ मा दिएको उद्योग दर्ता प्रमाण पत्र र विशाल सिमेन्ट, श्री राम सिमेन्ट र डाइनेस्टि स्थापनार्थ भएका सम्पूर्ण काम कारबाहीहरू एवं निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ। साथै लुम्बिनी क्षेत्रमा स्थापित प्रदूषणजन्य उद्योगहरू स्थापनार्थ दिएको सम्पूर्ण इजाजत पत्रहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी सम्पूर्ण सिमेन्ट, ईट्टा भट्टाहरू लगायतका प्रदूषण जन्य उद्योगहरूलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी लुम्बिनी, तिरौलाकोट, कुडान, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, शिसाहानिया देवदह, रामग्राम क्षेत्र वरिपरि रहेका बुद्ध कालीन पुरातात्विक महत्त्वका स्थलहरूलाई असर पर्ने गरी २० किलोमिटर दूरीभित्र कार्बन उत्सर्जन गर्ने कुनै पनि प्रदूषणजन्य उद्योग स्थापना गर्न इजाजत पत्र नदिनु, नदिलाउनू, हालसम्म अनुमति दिईसकेका उद्योगहरूको अनुमति पत्र बदर गरी ती उद्योगहरू समेतलाई उपयुक्त स्थानान्तरण तथा उक्त क्षेत्रहरूलाई प्रदूषणजन्य उद्योग मुक्त क्षेत्र घोषणा गरी त्यस क्षेत्रको एकीकृत र दिगो विकास गर्न गराउनु र Greater Lumbini परियोजना तत्काल कार्यान्वयन गर्नु, गराउनु भन्ने समेतको प्रत्यर्थीहरू नेपाल सरकार र नेपाल सरकार अन्तर्गतका सम्पूर्ण प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने समेत बेहोराको **निवेदक वरिष्ठ अधिवक्ता श्री प्रकाशमणी शर्मासमेतले यस अदालतमा पेस गरेको निवेदन।**

१४. यसमा के, कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुन नपर्ने भए आधार र कारण खुलाइ यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, ३, ४, ५, ६, ७, ८, ९ र ११ का हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा अन्य विपक्षीहरुका हकमा आफैं वा आफ्नो कानून व्यवसायी मार्फत लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद पठाई म्याद भित्र लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। साथै निवेदकले अत्यन्तै महत्त्वपूर्ण एवम् संवेदनशिल विषय भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको ऐतिहासिक, आर्थिक तथा पुरातात्विक अस्तित्व खतरामा परेको र अशोक स्तम्भसमेत भाँचिन लागेकोले मुद्दाको अन्तिम किनारा नलागेसम्म त्यस क्षेत्रमा सञ्चालित सम्पूर्ण सिमेन्ट उद्योगहरु लगायत प्रदूषणजन्य सम्पूर्ण उद्योगहरुको औद्योगिक उत्पादन कार्य एवम् कच्चा पदार्थ

ओसारपसार गर्ने कार्य तत्काल रोक्नू, रोक्न लगाउनू भनी अन्तरिम आदेशसमेत जारी हुन माग गरिएको हुँदा त्यस सम्बन्धमा दुवैपक्ष वीच वृहत रुपमा छलफल हुन आवश्यक देखिएको हुँदा सोको निम्ति विपक्षीहरु एवम् निवेदकले संलग्न गरेका सूचीमा उल्लिखित सिमेन्ट उद्योग एवम् इट्टा भट्टा र तिनका संचालकहरुलाई छलफलको निम्ति मिति २०७६।०१।०३ गतेका दिन उपस्थित हुन आउँन म्याद सूचना जारी गरी हाजिर भए वा गुजारेपछि नियमानुसार पेस गर्नू भन्ने **यस अदालतको मिति २०७५।१२।१४ को आदेश।**

१५. निवेदनमा मिति २०६६।०८।१२ मा औद्योगिक प्रवर्द्धन बोर्डको १९० औ बैठकबाट लुम्बिनी क्षेत्रको संरक्षणको लागि घेरा पर्खालको पूर्व पश्चिम तथा उत्तर तर्फ घेरा पर्खाल देखी १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी सडकको ८०० मिटर भित्र कार्वन उत्र्सजन गर्ने उद्योगहरू स्थापना गर्न नदिने भनी निर्णय भएको र सो भन्दा धेरै नजिक ७/८ कि.मि. सम्मको दुरीमा रहेका सिमेन्ट लगायत विभिन्न उद्योगबाट भएको प्रदूषणले लुम्बिनीको प्राचीन स्मारक र पुरातात्विक अस्तित्वको रूपमा रहेका अशोक स्तम्भ लगायत मायादेवी मन्दिर र अन्य स्तुपाहरूलाई र स्थानीय जनताको स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पारिरहेको हुँदा त्यस क्षेत्रमा सञ्चालित सिमेन्टका उद्योग लगायत अन्य प्रदूषणजन्य सम्पूर्ण उद्योगहरूको उत्पादन र उक्त क्षेत्रको सडकमा १९ टन भन्दा बढीको भार बाहन क्षमता भएको सार्वजनिक सवारी साधनबाट कच्चा पदार्थ ओसारपसार गर्ने कार्य तत्काल रोक्न लगाउनु भनी अन्तरिम आदेश जारी गरी पाऊँ भनी माग गरिएको हुँदा उपर्युक्त सम्बन्धमा अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विचार गर्दा, विषयवस्तुको पृष्ठभूमि र प्रकृति हेर्दा धेरै गम्भिर र संवेदनशील विषय भएकोले यसलाई अदालत र मुद्दाका दुवै पक्षले निवेदन जिकीरमा जोडिएका विभिन्न पक्षहरूलाई अति सावधानीका साथ हेर्नुपर्ने हुन्छ। निवेदन जिकीर हेर्दा एकातर्फ लुम्बिनी स्मारक क्षेत्रलाई युनेस्कोले संरक्षित क्षेत्रमा राख्नु अघी उक्त क्षेत्रमा स्थापना भएका उद्योगहरू छन् भने अर्को तर्फ औद्योगिक प्रवर्द्धन बोर्डको १९० औं बैठकको निर्णय पश्चात् लुम्बिनी क्षेत्रको १५ कि.मी. बाहिर पर्ने भनि उद्योग स्थापनाको लागि अनुमति प्राप्त गरी हालसम्म उत्पादन सुरू गरि नसकेका उद्योगहरू रहेका छन्। मुद्दाको विवादबाट लुम्बिनी क्षेत्रलाई एकातर्फ त्यहाँ ०६६ साल अघिदेखि स्थापना भएका उद्योगहरूबाट पनि उत्सर्ग भएको प्रदूषणबाट जोगाउनु आवश्यक छ भने

उनीहरूको स्थानान्तरणमा विकल्पको व्यवस्था नभएसम्म उद्योगहरूको सञ्चालनलाई हतारो गरी नियन्त्रण र निषेध गरी हाल्न पर्ने अवस्था पनि देखिन आउँदैन। लुम्बिनी क्षेत्रको संरक्षण र उद्योगहरूको व्यवस्थित रुपमा सञ्चालन समेत एक साथ हुन पर्ने तथ्य प्रति केन्द्रित हुँदै हाल उक्त क्षेत्रको सडकमा १९ टन भन्दा बढीको भारबाहन क्षमताको सार्वजनिक बाहन सञ्चालन हुँदै आइरहेको कार्यले पनि त्यस क्षेत्रको सडकलाई कमजोर बनाई त्यसबाट पनि उत्पन्न भएर फैलिएको प्रदूषणले लुम्बिनी क्षेत्रका स्मारक समेतलाई असर परेको हुँदा उक्त क्षेत्रका सडकमा १९ टन भन्दा बढीका सामान ओसारपसार गर्ने ठूला मालबाहक सवारी साधनहरू आवागमन नगर्नु नगराउनु र साथै अब उप्रान्त यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म लुम्बिनी विकास क्षेत्रको सीमा भन्दा १५ (पन्ध्र) कि.मी. को दुरी भित्र प्रदूषण उत्सर्जन गर्ने कुनै पनि प्रकृतिको उद्योग एवं अन्य कुनै पनि कलकारखाना स्थापना गर्ने इजाजत एवं अनुमती प्रदान नगर्नु र नगराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।

१६. विषयवस्तुको गाम्भिर्यता अनुसार उक्त लुम्बिनी विकास क्षेत्रको १५ कि.मी. भित्र साबिकमै अनुमती लिई हाल सञ्चालन भै रहेका उद्योगहरूको औद्योगिक उत्पादन कार्य तत्काल रोक्नु रोक्न लगाउनु भन्ने अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा, हाललाई उक्त क्षेत्रका उद्योगहरूको प्रदूषण नियन्त्रण गर्ने तर्फ सम्बन्धित उद्योग एवं घरेलु तथा साना उद्योग कार्यालय एवं उद्योग विभागले आफ्नो कानूनी कर्तव्य पुरा गर्न बढी सजग एवं चनाखो रहन निर्देशन गर्दै निवेदकको उक्त माग सम्बन्धमा लुम्बिनी विकास क्षेत्रको संरक्षण गर्न र साथै उद्योग सञ्चालनका गतिविधिसँग सम्बन्धित समग्र एवं चौतर्फी क्षेत्रमा उद्योग सञ्चालनको अवस्था र स्थिति बारे विशेषज्ञका प्रतिवेदनका आधारमा गम्भीरतापूर्वक विचार गरी निर्णयमा पुग्नुपर्ने र त्यस सम्बन्धमा प्रस्तुत रिट निवेदनको अन्तिम निर्णय हुँदाका बखत नै निर्क्योल हुने विषय वस्तु रहेको हुँदा निवेदकको उक्त माग सम्बन्धमा हाल केही बोलिरहन परेन। उपरोक्त परिप्रेक्ष्यमा निम्न लिखित कुराहरूको पहिचान गर्न आवश्यक देखिएको हुँदा वन तथा वातावरण मन्त्रालयको समन्वयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी विकास कोष, निवेदक र प्रत्यर्थी समेतको १/१ जना प्रतिनिधी रहने

गरी बढीमा ७ जना विज्ञहरू भएको एउटा समिति गठन गरी तल उल्लेखित विषयहरू समेतको विस्तृत रुपमा अध्ययन गरी चार महिनाभित्र प्रतिवेदन पेश गर्न लगाउने।

१७. उक्त क्षेत्रमा स्थापित कुन कुन उद्योगहरू कहिले/ कहिले स्थापना भएका हुन्? ती कुन कुन उद्योगहरू लुम्बिनी विकासको संरक्षित क्षेत्रभन्दा कति कति कि.मी. का दुरीमा रहेका छन् ? दुरीको मापन आधार के हो? कुन कुन उद्योगले के कस्तो प्रकृतिको कति/ कति प्रदूषण उत्सर्जन गर्ने गरेका छन्? ती मध्ये कुन कुन उद्योगबाट उत्सर्जित प्रदूषणले लुम्बिनी संरक्षित क्षेत्रलाई कति /कति र कुनले बढी प्रभाव पारेको छ? प्रदूषण नियन्त्रणतर्फ समय समयमा स्थानीय प्रशासन, जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय र उद्योग विभागबाट निरिक्षण गर्ने र सोमा नियन्त्रण गराउने र सो को अनुगमन गरी आवधिक प्रतिवेदन दिने कार्यहरू हुने गरेका छन् कि छैनन? उद्योगहरूमा प्रदूषण नियन्त्रण गर्ने के कस्तो यन्त्रहरू जडान गरिएका छन्? ती संयन्त्र प्रदूषण नियन्त्रण गर्ने तर्फ पूर्णतः सक्षम एवं क्षमतायोग्य छन् छैनन्? र ती भन्दा पनि क्षमतायोग्यका प्रदूषण नियन्त्रण गर्ने साधन जडान हुन र गर्न सकिने अवस्था छ छैन? लुम्बिनी संरक्षित क्षेत्र वरिपरिका ती उद्योगहरू प्रदूषण रहित तरिकाले सञ्चालन एवं तिनका उपयुक्त स्थानमा विस्थापनका विकल्पहरू के के र कस्ता हुन सक्छन् ? साथै प्रस्तुत निवेदनमा प्रत्यर्थी बनाइएका बाहेक उक्त क्षेत्र वरिपरि रहेका इट्टा भट्टा लगायतका अन्य उद्योगहरू समेतले प्रस्तुत निवेदनको कारबाहीसँग सरोकार जोडन एवं जनाउन आवश्यक ठानेमा लिखित प्रतिवाद सहित प्रतिरक्षा गर्नको लागि सूचना प्रकाशित भएका मितिले बाटाका म्याद बाहेक १५(पन्ध्र) दिनभित्र उपस्थित हुन आउनु भनी यस अदालतबाट राष्ट्रिय स्तरको र सिद्धार्थनगर क्षेत्रबाट प्रकाशित हुने स्थानीय स्तरको एक, एकवटा पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गर्ने। उपरोक्तानुसार कार्य सम्पन्न भई आएपछि नियमानुसार गरी पेश गर्नू भन्ने **यस अदालतको मिति २०७६।०३।१५ को आदेश।**

१८. विशाल सिमेन्ट प्रा.लि. प्रचलित कानूनको अधिनमा रहि नेपाल सरकारबाट उद्योग स्थापनाको लागि अनुमति प्राप्त गरि सञ्चालन गरेको उद्योग हो। यस उद्योगले कानून बमोजिम पालन गर्नु पर्ने शर्तहरु परिपालना गर्दै सिमेन्ट उत्पादन गर्दै आएको छ र हाम्रो उत्पादनले उपभोक्ताको समक्ष एक पहिचान निर्माण गरी सिमेन्टको बजारमा ख्याती समेत आर्जन गरेको छ। उद्योग विभागबाट मिति २०६७।०३।१८ मा उद्योग

दर्ता गरी उद्योग सञ्चालनको लागि सम्पुर्ण कानूनी प्रकृया पुरा गरी उत्पादन गर्न योग्य भएपश्चात् मात्र उत्पादन गर्न इजाजत प्राप्त गरी उत्पादन इजाजत प्रदान गर्ने निकायले तोकेको शर्त तथा मापदण्ड समेतको अधिनमा रहि सम्पुर्ण नियम कानूनको मर्यादा कायम राखि सञ्चालन गर्दै आएकोले यस कम्पनीले संविधान तथा अन्य कुनै प्रचलित कानून विपरित हुने कुनै कार्य नगरेको हुँदा प्रस्तुत रिट खारेजभागी छ। यस कम्पनीले हाल सिमेन्ट उत्पादन गरेको क्षेत्रलाई नै निर्धारण (स्कोपिङ्ग) गरी यस उद्योग स्थापना पूर्व नै त्यस क्षेत्रका सरोकारवालालाई उद्योग स्थापना भएमा वातावरणमा पर्न सक्ने प्रभावको विषयमा अध्ययन गरी सो विषयको प्रतिवेदन तयार गरेको साथै सो प्रतिवेदनलाई नेपाल सरकारको मातहतको निकायले जाँचबुझ गरी वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गरेपश्चात् मात्र उद्योग सञ्चालन गर्न अनुमति प्राप्त गरी उद्योग सञ्चालन गरेको हुँदा रिट निवेदकले निवेदनमा उल्लेख गरे जस्तो लुम्बिनि क्षेत्रको संरक्षण, स्वच्छ एवं पवित्र वातावरण स्थापना र विभिन्न समुदायको धार्मिक, सांस्कृतिक, शिक्षा एवं स्वच्छ वातावरणमा कुनै असर गरेको छैन। दुराषययुक्त भावनावाट प्रेरित भई दायर गरेको रिट खारेज गरी पाउँ भन्ने समेत बेहोराको **विशाल सिमेन्ट प्रा.लि.को तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

१९. अमित सिमेन्ट प्रा.लि. उद्योग विभागबाट मिति २०६६।१२।१९ मा दर्ता भई प्रमाण पत्र पाएको उद्योग थियो। त्यस पश्चात् अमित सिमेन्ट प्रा.लि. र गोयन्का सिमेन्ट प्रा. लि. गाभिएर उक्त उद्योगको नाम परिवर्तन भै गोयन्का सिमेन्ट प्रा.लि. कायम भएको थियो। उद्योग विभागबाट इजाजत प्राप्त भै उद्योग स्थापना भएको हुँदा औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औं बैठक द्वारा गठित कार्यदलको प्रतिवेदन एवं मिति २०६६।०७।१२ को बोर्डको निर्णय आकर्षित हुन सक्ने अवस्था छैन। मिति २०६६।०७।०६ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भइ कम्पनीले निरन्तर रुपमा आफ्नो उद्योग सञ्चालन गर्दै आएको सन्दर्भमा मिति २०६६।०७।१२ को औद्योगिक प्रवर्द्धन बोर्डको निर्णयलाई टेकी विपक्षी निवेदक आएको देखिंदा बिलम्बको सिद्धान्तको आधारमा रिट निवेदन खारेजभागी छ। प्रस्तुत सार्वजनिक सरोकारको हितको विषयमा निवेदक अनुचित विलम्व गरी आएको देखिन्छ। यो उद्योग २०६६ सालदेखि सञ्चालन हुँदै आएको हो। लुम्बिनीको भगवान् गौतम वुद्धको जन्मस्थललाई

युनेस्को (UNESCO) ले सन् १९९७ मा विश्व सम्पदा (World Heritage) को सूचीमा राखेको हो। विपक्षीले धेरै वर्ष अगाडीको तथ्यांक देखाई आधार लिएको देखिन्छ। UNESCO ले सन् १९९७ मा विश्व सम्पदा (World Heritage) को सूचीमा राखी सकेकोमा विपक्षीले त्यस्तो तथ्यांक प्रकाशित भएको वर्ष नै मुद्दा गर्नु पर्नेमा सो समेत नगरी ढिला गरि गरेको मुद्दा कायम रहन सक्दैन। प्रस्तुत सार्वजनिक सरोकार (Public interest Litigation) को विषय कानूनी प्रश्नसित सम्बन्धित देखिदैन। उद्योगको स्थानन्तारणको माग समेत गरिएको छ। कानून सम्मत विधि र प्रक्रियावाट स्थापना भई सञ्चालनमा आईसकेको उद्योग अन्य क्षेत्रमा स्थानान्तरण गर्न सम्भव र व्यवहारिक पनि छैन। धेरै वर्षको अन्तरकाल पछि यस्तो माग गरिनुले निवेदकलाई विलम्वको सिद्धान्तले सहयोग गर्न सक्ने देखिदैन।

विश्व सम्पदाको सूचीमा परेको सम्पदाको विषयहरुमा कार्यपालिका अन्तर्गत रहेको लुम्बिनी विकास कोष लगायत विभिन्न निकायहरु संलग्न रहदै आएका छन्। प्रदूषण नियन्त्रणको सन्दर्भमा समेत विभिन्न सरकारी निकायहरु क्रियाशिल रही रहेका छन्। भारतको सर्वोच्च अदालतले सचिदानन्द पाण्डे विरुद्ध स्टेट अफ वेष्ट बंगालको मुद्दामा If Courts do not restrict the free flow of such case in the name of interest litigation, the traditional litigation will suffer and the courts of law, instead of dispensing Justice, will have to take upon themselves administrative and executive functions. भनी उल्लेख भएको पाइन्छ। सार्वजनिक सरोकारको विषयमा रिट निवेदन सदासययुक्त (Bona fide) हुनु आवश्यक छ। निवेदकहरु स्वयम् गैर सरकारी संस्था (NGO) मा कार्यरत देखिन्छन्। कार्यपालिकाको सम्बन्धित निकायहरुलाई घच्घचाउनुको साटो सोझै यस सम्मानित अदालतमा आएको देखिन्छ। यस उद्दोगको के कस्तो काम कारबाही वाट विपक्षीको वा सार्वजनिक सरोकारको संविधान एवं कानून प्रदत्त हकमा आघात पारेको हो, तत् सम्बन्धमा निवेदकले कुनै वस्तुगत र ठोस आधार निवेदनमा उल्लेख गर्न सकेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको गोयन्का **सिमेन्ट प्रा.लि. तथा गोयन्का स्टिल्स प्रा.लि. को तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

२०. यस कम्पनीले आफ्नो स्थापना कालमा नै वातावरण प्रभाव मूल्याङ्कन गरि उत्पादनको लागि योग्य घोषणा भई कारोवार सञ्चालन गरिरहेको छ। पर्यटकहरुको लुम्बिनी क्षेत्रमा हुने छोटो बसाइको एक मात्र कारण भनेको भैरहवा देखि लुम्बिनी सम्मको

सडकको वरिपरि रहेका उद्योगहरु हुन भन्ने बताइएको छ तर रिट निवेदन साथमा पेश भएका प्रतिवेदनहरुको अध्ययन गर्दा एक मात्र कारण नभई भारतीय  सिमाबाट बहने प्रदूषित वायूसमेत यसको कारक तत्व रहेको प्रष्ट हुन्छ। सिनियर डिभिजन केमिस्ट शंकरप्रसाद पौडेलका अनुसार समेत नेपालका सिमेन्ट वा अन्य उद्योग कलकारखाना मात्र नभई भारतीय वायु मुख्य कारक तत्वको रुपमा स्वीकार गरिएको छ। कम्पनीलाई दिइएको स्वीकृति नेपालको संविधान कानूनी व्यवस्था र अन्तराष्ट्रिय कानूनको प्रतिकुल बताइएको भएता पनि सो स्वीकृति के कति कारणले के कुन कानूनी व्यवस्थाको विपरित छ भन्ने विषयमा भने रिट निवेदन अनुत्तरित रहेको छ। यस कम्पनीले प्रचलित नेपाल कानूनले निर्दिष्ट गरेको सम्पूर्ण प्रकृया पूरा गरेको छ। कम्पनीले स्वीकृति प्राप्त गरेको कानूनी व्यवस्थालाई संसोधन वा खारेज नगरेसम्म कुनै पनि गैर कानूनी कार्य गरेको भनेर प्रमाणित गर्न सक्ने अवस्था रहन्न।तिलौराकोट र रामग्राम लाई सम्भावित विश्व सम्पदाको सूची (Tenative List) मा समावेश गरेको अवस्थामा त्यस क्षेत्रको प्रवर्द्धन तथा संरक्षणमा ध्यान पुर्‍याउनु जरुरी विषय हो। तर प्रवर्द्धन र संरक्षण भनेको केबल सो क्षेत्रमा उद्योग सञ्चालन गर्न नदिनु र भएका उद्योगलाई स्थानान्तरण गर्नु हो भन्ने कदापि व्याख्या हुन सक्दैन। वातावरणीय कानूनको मकसद (Intention) भनेको उद्योग बन्द गर्नु नभै दिगो विकास (Sustainable Development) गर्नु भन्ने हो। यसको अर्थ उद्योग सञ्चालन र वातावरण संरक्षणलाई संग संगै लग्नु भन्ने हुन्छ।

लुम्बिनी क्षेत्रमा रहेका गिद्ध सारसहरु मृत्यु भएको छ वा छैन भन्ने कुरा अनुसन्धानको विषय बन्न सक्ला तर निवेदक कम्पनीको लागि प्रवाह गरिएको विद्युतले गर्दा उक्त चराहरुको मृत्यु नभएको र भारतको उत्तर प्रदेशमा गरिएको अनुसन्धान जसमा प्रजनन क्षेत्रमा कुनै पनि विद्युतिय तार भएमा त्यसले मृत्युदर बढाउन सक्ने भएकोले त्यस्तो अवस्थामा सावधानी अपनाउनु भन्ने निष्कर्ष निकालिएको अवस्था छ। केबल  भारतको उत्तर प्रदेशमा गरिएको अनुमानित निष्कर्षको आधारमा नेपालमा पनि सोहि अवस्था छ भनी चित्रण गरेर निवेदक अदालतमा प्रवेश गरेको अवस्था छ। रिट निवेदनमा उल्लेख गरे जस्तो सिमेन्ट उत्पादनमा प्रयोग हुने High Voltage current यसको जिम्मेवार छैन। केबल  अदालतको मनोबिज्ञानमा खेल्न खोजेको (Playing with Judicial Psychology) को विध्यमानता छ। High Voltage Current को प्रभाह हुने

विद्युतीय तारको कारण भन्ने कपोकल्पित विषय उठान गरिनु आफैमा हास्यास्पद छ।उद्योग सञ्चालनबाट वातावरण प्रदूषण भएको अवस्थामा रिट निवेदकले वातावरण संरक्षण ऐन औद्योगिक व्यापार प्रवर्द्धन ऐन, प्राचीन सम्पदा संरक्षण ऐन अन्तर्गतको निवेदन दिन पर्ने हो। यदि प्रस्तुत विषयमा रिट क्षेत्र आकर्षित हुन्छ भने केवल वातावरण प्रभाव मूल्याङ्कनको पद्धतिलाई चुनौति गर्नुपर्ने हुन्छ। कुनै मापदण्ड पुऱ्याउनु भनी निश्चित समय दिएर उद्योगलाई निर्देशन दिन सकिन्छ। तर सञ्चालनमा रहेका उद्योगलाई मापदण्ड नभई केवल अनुमानको भरमा उत्पादन रोक्न वा स्थानान्तरण गर्नु न्यायोचित हुदैन। तसर्थ प्रस्तुत रिट निवेदन जवाफकर्ता कम्पनीको हकमा खारेज गरिपाऊँ भन्नेसमेत **बेहोराको वृज सिमेन्ट प्रा.लि.को तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

२१. अम्बे स्टीलस प्रा.लि. २०६४ साल भाद्र ९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई कार्यरत छ। यस कम्पनीले २०६४।११।०३ मा रुपन्देहीको बसली गा.वि.स.मा उद्योग स्थापना गर्ने अनुमती प्राप्त गरेको छ। यो उद्योगले मिति २०६७ साल श्रावण १७ गते नेपाल सरकार गुणस्तर तथा नापतौल विभागबाट गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न पाउँने ईजाजत पत्र प्राप्त गरेको छ। यसको अर्थ हुन्छ कानून बमोजिम स्थापित अम्बे स्टील उद्योगले आफ्नो काम कानून बमोजिम गरिरहेको छ र आफ्नो काम गर्दा गुणस्तर पनि कायम गरेको छ।यस कम्पनीको मुख्य उद्देश्य फलामे रड उत्पादन गर्नु हो। वातावरण संरक्षण कम्पनीको उद्देश्य भित्र पर्दैन। तर यो कम्पनीले उद्योग स्थापना गर्नु भन्दा पहिले नै वातावरण संरक्षण ऐन, २०५३ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन (Environment impact assessment) गरी सोही बमोजिम उद्योग स्थापित उद्योग हो। सोही बमोजिम गर्न गराउन यो कम्पनी तयार छ। नेपाल सरकार र स्थानीय चासो बमोजिम वातावरण संरक्षणमा थप योगदान गर्न संस्थागत सामाजिक उत्तरदायित्व (corporate social responsibility) अनुसार आफुले सकेको योगदान गर्नुपर्ने कार्यमा पनि कम्पनी सचेत छ। विपक्षी रिट निवेदकले लुम्बिनी क्षेत्रको वातावरण संरक्षण गर्नको लागि विभिन्न ६१ वटा उद्योगहरु स्थानान्तरण गर्नुपर्ने जिकिर गर्नु भएको छ तर यो कम्पनीले के कति मात्रामा कसरी वातावरण प्रदूषण गरेको छ भन्ने कुरा उल्लेख गर्नु भएको छैन। तुलनात्मक रुपमा अन्य उद्योगहरुले भन्दा स्टील्स उद्योगले वातावरण प्रदूषणमा अत्यन्त कम प्रभाव

पार्छ। वातावरण विभागका सिनियर डिभिजन केमिस्ट शंकर प्रसाद पौडेलका अनुसार लुम्बिनीमा नेपाली सिमेन्ट उद्योग र भारतीय सिमाबाट बहने वायु प्रदूषणका मुख्य कारक हुन। यस्तो अवस्थामा अम्बे स्टील्स प्रा.लि. लाई लुम्बिनी क्षेत्रको वातावरण प्रदूषणको दोष लगाउनु अन्यायपुर्ण हुने हुँदा र लुम्बिनी क्षेत्रमा वातावरण प्रदूषण गर्ने गराउने कार्यमा यस कम्पनीको उल्लेखनिय भूमिका नरहेको हुँदा रिट निवेदकको माग बमोजिमको आदेश जारी हुने अवस्था छैन भन्ने समेत व्यहोराको **अम्बे स्टिल प्रा.लि.को तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।**

२२. रिट निवेदकहरुले लुम्बिनी क्षेत्रमा वसोवास गर्ने व्यक्तिहरुको मौलिक हकमा आघात परेकोले सो विषयवस्तुहरुलाई सार्वजनिक सरोकारको विषयवस्तु भनी परमादेशको आदेश जारि गरिपाउँन माग गरी रिट निवेदन दायर गरेको छ। कुनै पनि व्यक्ति वा नागरिकको मौलिक हक सम्बन्धी विषय वस्तुहरु नितान्त व्यक्तिसंग सरोकार राख्ने विषय वस्तुहरु हुन। मौलिक हकको प्रचलन गर्ने नगर्ने भन्ने विषय पनि नितान्त व्यक्तिको सरोकार र चासोको विषय वस्तु हो। व्यक्तिको मौलिक हक सार्वजनिक सरोकार र चासोको विषय वस्तु वन्न सक्दैन। साथै अर्काको मौलिक हक प्रचलन गराउन अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट निवेदन दिने कसैलाई हकदैया पनि रहदैन। विपक्षी रिट निवेदकहरुले विभिन्न पत्रपत्रिकाका लेखिएका समाचार, विभिन्न वेभसाइटमा उल्लेख गरिएका व्यहोरा र कुनै व्यक्तिले व्यक्तिगत तवरले तयार पारेका प्रतिवेदन तथा विभिन्न पुस्तक पुस्तीकामा उल्लेख भएका कुरालाई आधार बनाई रिट निवेदन दायर गरेको छ।तर ठोस र तथ्ययुक्त प्रमाणहरु पेश गर्न सकेको देखिदैन। निवेदकहरुले यस सिमेन्ट उद्योगले के कसरी वातावरण प्रदूषण गरेको हो भनि तथ्यपरक रुपमा कहिँ कतै केहि कुरा पनि उल्लेख गर्न सकेको छैन। कुन कानूनी शर्त वा मापदण्ड पालना नगरेको र के कसरी वातावरण प्रदूषण गरेको हो भनी हचुवाको भरमा यस सिमेन्ट उद्योगलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन जिकिर खारेजभागी छ।

उद्योग स्थापना भै उत्पादन कार्य शुरु भैसकेपछि जनसंख्या तथा वातावरण मन्त्रालय एवं जिल्ला प्रशासन कार्यालय रुपन्देही बाटसमेत पटक/ पटक IEE / EIA प्रतिवेदन पेश गर्न निर्देशन भए बमोजिम यस सिमेन्ट उद्योगले पटक/ पटक वातावरण प्रभाव मूल्याङ्कन गरि सम्बन्धित निकायमा प्रतिवेदन पेशसमेत गरिरहेको छ। जुन

प्रतिवेदनमा कुनै प्रकारको कमजोरी कुनै निकायवाट औल्याईएको छैन। साविकको औद्योगिक व्यवसाय ऐन, २०४९ तथा हाल प्रचलित औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ६ बमोजिम वातावरण प्रतिकूल प्रभावको निराकरण उद्योग आफैले गर्नुपर्ने हुन्छ। उक्त दफाको व्यवस्थाको परिपालना गर्न यस सिमेन्ट उद्योगले विभिन्न मापदण्डहरु अपनाएको छ। यस सिमेन्ट उद्योगले अवलम्बन गरेको प्रतिकुल वातावरणीय निराकरणको व्यवस्था IEE/ EIA प्रतिवेदनमा उल्लेख गरिएको छ। विकास र वातावरण एक अर्काका परिपूरक हुन। यी दुई विच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भन्ने कुरामा दुईमत हुदैन। हाम्रो देशले दिगो विकासको अवधारणलाई अवलम्वन गरि आएको छ। विकास भावी पुस्ताकोलागि वाधक नभएर दिगो र समन्यायमा आधारित हुनु पर्दछ। यो सिमेन्ट उद्योग वातावरण प्रदूषण र राष्ट्रिय सम्पदाको संरक्षणमा सदा सचेत तथा क्रियाशिल छ। देशको आर्थिक उन्नतिको लागि औद्योगीक क्षेत्रको विकास र सम्बर्द्धन हुनु नितान्त आवश्यक छ। यस उद्योगले सिमेन्ट आयातको लागि खर्च गरिने वैदेशिक मुद्राको वचत गर्न सहयोग पुऱ्याउनुको साथै राष्ट्रिय वचतमासमेत योगदान पुऱ्याउदै आउनुको अलावा उद्योग रहेको क्षेत्रमा बसोवास गर्ने जनमानसको लागि रोजगारीको सिर्जनासमेत गरेको छ। यस सिमेन्ट उद्योगको सञ्चालनले आर्थिक गतिविधि बढ्दै आएको कुरामा दुई मत छैन। विपक्षीहरुले दावी गरे जस्तो गरि यस सिमेन्ट उद्योगले वातावरणको विनास नगरि वातावरण संरक्षण गर्न रुख रोप्ने, हरियाली बढाउने तथा उद्योगवाट निस्कने कुनै पनि वस्तुले वातावरण प्रदूषण नगरोस् भनि वातावरण संरक्षणका विभिन्न उपायहरु अवलम्बन गर्दै आएको छ।यस अवस्थामा विपक्षीहरुको रिट निवेदन यर्थाथतामा आधारीत नभै आत्मापरक मनगढन्ते एवं निराधार भएकोले यस उद्योगको हकमा रिट निवेदन खारेज गरी पाँउ भन्ने समेत व्यहोराको **जगदम्वा सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. काठमाडौंका तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

२३. सामान्यतयाः उद्योगबाट निस्कने प्रदूषणहरु पानी, हावा, ध्वनी तथा ग्याँस सम्बन्धमा यस उद्योगले बाहिरबाट ल्याएका क्लिकंर, जिप्सम, र फलाईयास जस्ता कच्चा पदार्थहरुलाई पिसेर सिमेन्ट उत्पादन गर्ने भएकोले र यस प्रकृयामा पानी जन्य पदार्थहरुको सर सफाई गर्न कुनै धुलाई कार्य नहुने, कच्चा पदार्थमा पानीको मिसावट नहुने र पानीको प्रयोग गरि कच्चा पदार्थ पकाउने कार्य नहुने भएकोले पानी प्रदूषण शुन्य हुने ब्यहोरा

जानकारी गराउदछौ। ध्वनी जन्य प्रदूषण सम्बन्धमा मिलको जडित भार दैनिक ४०० टन क्षमता भएको र यो प्लान्ट सानो क्षमताको प्लान्ट रहेकोले यसबाट ध्वनी प्रदूषण हुदैन। उद्योगको चारैतिर अग्ला ठुला पर्खाल लगाईएको, गाउँ बस्तीबाट टाढा रहेको र कर्मचारी तथा कामदारलाई आवाज प्रदूषणबाट बच्न Air Blog प्रयोग गर्ने नीति रहेकोले ध्वनी प्रदूषण शून्य रहने कुरा समेत जानकारी गराउदछौ। धुलो नियन्त्रणको लागि प्रबेशद्धार तथा उद्योग हाता भित्र पानी छर्कने र वाटर स्पीकल जडान गर्ने योजना समेत रहेको छ। ग्याँस प्रदूषण सम्बन्धमा कम्पनीमा ईण्डक्सन हिटर, भट्टी र अन्य तापक्रम जन्य पदार्थ उत्पादन गर्ने कार्य नहुने भएकोले ग्याँस जन्य प्रदूषण नहुने कुरा समेत जानकारी गराउँदछौ। साथै उद्योगले उद्योग हाता भित्र हरियाली वातावरण राख्न सुन्दर बगैचा र उद्योगको चारै तर्फ रुख बिरुवा लगाउने कार्य आफ्नो योजनामा राखेकोले यसले वायु प्रदूषण समेत नहुने कुरा निवेदन गर्दछौ। साथै संविधान, ऐन, नीति नियम तथा मापदण्ड बमोजिम उद्योग सञ्चालन गर्न कोही कसैलाई रोक नलगाएको अवस्थामा विपक्षीहरुको निवेदन दावीबाट विपक्षीहरुको नभई उल्टो हामी उद्योगीहरुको संविधानले प्रत्याभूत गरेको नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको हक तथा रोजगारीको हक समेतको हनन् हुने हुँदा विपक्षीहरुको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **श्रीराम सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. रुपन्देहीका तर्फबाट पेस भएको लिखितजवाफ।**

२४. अग्नी सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०६४।०८।२० दर्ता नं. ४९५३३/०६४/०६५ मा विभिन्न ब्राण्डका सिमेन्ट उत्पादन तथा बिक्रि वितरण गर्ने उद्देश्य लिई कम्पनी दर्ता गरी उद्योग विभाग त्रिपुरेश्वरमा उद्योग दर्ता गर्दा पुऱ्याउनु पर्ने सम्पूर्ण कानूनी प्रक्रिया तथा मापदण्डसमेत पुरा गरी उद्योग दर्ता नं. ३६८/१९९ मिति ०६५।०१।३१ मा उद्योग दर्ता प्रमाण पत्रसमेत प्राप्त गरी आन्तरिक राजश्व कार्यालय भैरहवाबाट प्यान/भ्याट समेत लिई कानून बमोजिम उत्पादन मुलुक व्यवसाय गर्दै आएको उद्योग हो। निवेदकले यस उद्योगको कारणबाट यो यस्तो प्रकारसँग प्रदूषण भएको, अग्नी सिमेन्ट इण्डष्ट्रिज यो यस्तो प्रकृया वा ढंगबाट प्रदूषणजन्य उद्योग भएको र लुम्बिनी क्षेत्रको सम्पदालाई नोक्सान पुऱ्याई रहेको छ भन्ने कुनै पनि ठोस आधार

र कारण प्रस्तुत रिट निवेदनमा खुलाउन सक्नु भएको छैन। यस उद्योगले पूर्णरुपमा प्रदूषणको रोकथाम तथा वातावरणको संरक्षण हुने गरी सिमेन्ट उत्पादनको कार्य गरी आएको छ। यस उद्योग वरपर कुनै ध्वनी प्रदूषण, फोहोर मैला निस्कासन जस्ता प्रदूषण जन्य कार्य हुन नदिई सर्वसाधारणको जनजीवन जनस्वास्थ्यको प्रतिकुल कार्य हुन नदिने तथा वृहत लुम्बिनी क्षेत्रको धार्मिक ऐतिहासिक सामाजिक पक्षमा कुनै असर पर्न नदिई नेपाल सरकारले तोकेको मापदण्ड अनुसारमात्र उद्योग सञ्चालन गरी आएको छ। आजसम्म उद्योग रहेको क्षेत्रमा कुनै जनगुनासो समेत आउन दिएको छैन। वातावरण संरक्षण ऐन २०५३ को दफा ३, दफा ७ दफा ९, वातावरण संरक्षण नियमावली, २०५४ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा १०, औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३(ध), पर्यटन बोर्ड ऐन,२०५३ को दफा ६ विपरितको कुनै पनि कार्य यस उद्योगबाट भए गरेको नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **अग्नी सिमेन्ट इण्डष्ट्रिज प्रा.लि.का तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

२५. सिद्धार्थ आयल ईण्डष्ट्रिज, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थ नगरबाट साझेदारी ऐन, २०२० बमोजिम दर्ता भएको फर्म हो। यस फर्मले तोरीको तेल तथा अन्य विभिन्न प्रकारका तेल उत्पादन तथा बिक्री वितरण गर्ने उद्देश्य लिई घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थ नगरमा उद्योग दर्ता गर्दा पुऱ्याउन पर्ने सम्पूर्ण कानूनी प्रक्रिया तथा मापदण्ड समेत पुरा गरी मिति २०५३।०२।१३ मा फर्म दर्ता नं. १९७८२/०९, को उद्योग दर्ता प्रमाण पत्र समेत प्राप्त गरी आन्तरिक राजश्व कार्यालय भैरहवाबाट प्यान/भ्याट समेत लिई कानून बमोजिम उत्पादन मुलक व्यवसाय गर्दै आएको उद्योग हो। यसरी सिद्धार्थ आयल इण्डष्ट्रिज उद्योग कानून बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त उद्योग भएको यो उद्योगको कारणबाट रिट निवेदनमा उल्लेख भएबमोजिम लुम्बिनी क्षेत्र भित्र कुनै पनि वातावरणीय, पुरातात्विक तथा जैविक विविधता लगायत रिट निवेदक लगायतको हक अधिकारमा कुनै असर पर्ने कार्य नगरेको उल्टै करोडौ लगानी गरी विविध क्षेत्रमा राज्यलाई नै योगदान पुऱ्याइ आएको यस उद्योगको कारणबाट अन्य कोही कसैलाई कुनै प्रकारको क्षति नपुगेको क्षति पुग्ने सम्भावना समेत नरहेको तथा उद्योग बन्द भएमा निवेदकलाई नै अपुरणिय क्षति पुग्न जाने निश्चित् भएकोले यस उद्योगको हकमा

रिट निवेदन खारेज गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको **सिद्धार्थ आयल इण्डष्ट्रिजको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

२६. सिद्धार्थ सिमेन्ट उद्योग, साझेदारी ऐन, २०२० बमोजिम उद्योग विभागमा उद्योग दर्ता गरी विभिन्न ब्राण्डका सिमेन्ट उत्पादन तथा बिक्रि वितरण गर्ने उद्देश्य लिई उद्योग विभाग त्रिपुरेश्वरमा उद्योग दर्ता गर्दा पु-याउन पर्ने सम्पूर्ण कानूनी प्रक्रिया तथा मापदण्ड समेत पुरा गरी मिति २०६१।०१।०२ मा उद्योग दर्ता नं. १५२९१/०३१ मा उद्योग दर्ता प्रमाण पत्र समेत प्राप्त गरी आन्तरिक राजश्व कार्यालय भैरहवाबाट प्यान/भ्याट समेत लिई कानून बमोजिम उत्पादन मुलक व्यवसाय गर्दै आएको उद्योग हो।निवेदकले यस उद्योगलाई विपक्षी बनाउने बाहेक यस उद्योगको कारणबाट यो यस्तो प्रकारसँग प्रदूषण भएको, सिद्धार्थ सिमेन्ट उद्योग यो यस्तो प्रकृया वा ढंगबाट प्रदूषणजन्य उद्योग भएको र लुम्बिनी क्षेत्रको सम्पदालाई नोक्सान पुयाई रहेको छ भन्ने कुनै पनि ठोस आधार र कारण प्रस्तुत रिट निवेदनमा खुलाउन सक्नु भएको छैन।विपक्षीको रिट निवेदनमा ६१ भन्दा बढी उद्योगहरु त्यस क्षेत्रमा रहेका छन भनी उल्लेख गर्नु भएको छ । विपक्षीले उल्लेखित उद्योगहरुको व्यवसायिक उत्पादन बन्द गर्ने उद्योग स्थानान्तरण गर्ने कुरा उल्लेख गर्नु भएको छ सो असम्भव रहेको छ। यसबाट समग्र देशको अर्थतन्त्रमा के कस्तो असर पर्न सक्छ भन्ने तर्फ विपक्षीको निवेदनमा कुनै कुरा खुलाइएको अवस्था छैन।यस सिद्धार्थ सिमेन्ट उद्योग कानून बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त उद्योग भएको यो उद्योगको कारणबाट रिट निवेदनमा उल्लेख भएबमोजिम लुम्बिनी क्षेत्र भित्र कुनै पनि वातावरणीय पुरातात्विक तथा जैविक विविधता लगायत रिट निवेदक लगायतको हक अधिकारमा कुनै असर पर्ने कार्य नगरेको हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत **बेहोराको सिद्धार्थ सिमेन्ट उद्योगका तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

२७. अम्बुजा सिमेन्ट उद्योगको स्थापना २०५९ सालमा र कैलाश सिमेन्ट प्रा.लि. परिवर्तित एस. आर. सिमेन्ट भई हाल पाठक सिमेन्ट इण्डष्ट्रिज प्रा.लि. को २०६१ सालमा भएको हो। नेपाल एउटा औद्योगिक दृष्टिकोणले पछाडी रहेको देश भएकोले आफ्नो राष्ट्रको वृहत्तर उन्नति र विकास होस्, विदेशी मुलुकको भरगर्नु पर्ने बाध्यता नपरोस्। नेपालको चुनढुंगा, नेपालीको श्रम र सिप नेपालभित्र होस् भन्ने हेतुले पन्ध्र सय करोड रुपैया भन्दा बढी खर्च गरी सिमेन्ट उद्योग सञ्चालनमा आएको छ। रिट निवेदकले

उठाएको रिटको विषय वस्तुमाथि हामी लिखित जवाफकर्ता सजग र जागरुक छौं। लुम्बिनीस्थित अशोक स्तम्भ र भगवान् गौतम बुद्धको जन्मस्थान लुम्बिनी क्षेत्रलाई स्वच्छ सफा र हराभरा बनाउने दायित्व र जिम्मेवारी हामीमा पनि उत्तिकै छ। रिट निवेदकहरुबाट रुपन्देही जिल्लाभर स्थापित उद्योग धन्दालाई विस्तापित गर्नुपर्ने आसयको व्यहोरा निवेदनमा उल्लेख गर्नु भएको छ। देश विकासका लागि मेरुदण्डका रुपमा स्थापित उद्योगलाई बन्द गराउँदा देशको उन्नति र समृद्धिमा असर पर्ने र कम्पनीले गरेको लगानी सर्वसाधारणको शेयर पूँजी बर्बाद हुने तर्फ रिट निवेदकको चासो रहेको देखिदैन। लामो समयदेखि सञ्चालनमा रहँदै आएका उद्योगलाई रिट निवेदकले हाल आएर देखु भएको पनि होइन।नेपाल अम्बुजा सिमेन्ट उद्योग र साविक कैलाश सिमेन्ट प्रा.लि.बाट परिवर्तित एस.आर.सिमेन्ट भई हाल पाठक सिमेन्ट इन्डष्ट्रिज प्रा.लि.बाट लुम्बिनी क्षेत्रलाई प्रदूषित पारेको छैन। उद्योगबाट निस्कने धुँवा धुलोलाई वैज्ञानिक ढंगले बाहिर आउन दिएको छैन।लिखित जवाफकर्ता सिमेन्ट उद्योगले लुम्बिनी क्षेत्रलाई प्रदूषित नपारेको उद्योगको स्थापना गरिंदा नेपाल सरकार, स्थानीय निकाय र स्थानीय बासिन्दा समेतको स्वीकृत र मन्जुरीमा स्थापना भएको नेपाल राष्ट्रको वृहत्तर उन्नतिलाई यी सिमेन्ट उद्योगहरुले सहयोग गरी राष्ट्रको हितमा टेवासम्म पुगी राखेका कम्पनीलाई गैरकानूनी तरीकाले बन्द गराउने दुराशय भावनाबाट प्रेरित भई दायर भएको रिट निवेदन यस उद्योगका हकमा खारेज गरिपाऊँ भन्ने बेहोराको **कैलाश सिमेन्ट प्रा.लि र अम्बुजा सिमेन्ट प्रा.लि. समेतबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

२८. हिमालयन स्न्याक्स एण्ड नुडल्स (परिवर्तित नाम हिमालयन हाइजान्की स्न्याक्स एण्ड नुडल्स प्रा.लि.) २०५९ साल जेष्ठ २० गते कम्पनी ऐन २०५३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई उद्योग विभागबाट २०५८।०५।१९ मा उत्पादन स्वीकृति प्राप्त गरी Initial Environmental Examination ( IEE ) रिपोर्ट समेत नेपाल सरकार उद्योग विभागबाट मिति २०७३।१०।२८ मा स्वीकृत गराई हिमालयन हाइजानिक स्न्याक्स एण्ड नुडल्स प्रा.लि.ले तयारी चाउचाउ उत्पादन गर्ने कार्य गर्दै आएको हो। विभिन्न कारणबस स्थापना कालदेखि नै उद्योगले निरन्तर घाटा बेहोर्नु परेकोले, उत्पादनमा विभिन्न समस्या बेहोर्नु परेकोले हाल संचालक समितिको मिति २०७३।०६।१३ को निर्णय बमोजिम सोही मितिबाट उद्योग बन्दरहेको अवस्था

छ। निवेदकको दावी बमोजिम यस उद्योगले वातारवरण प्रदूषण गर्ने कार्य गरेको अवस्था नहुँदा  बन्द भइ सकेको उद्योगलाई समेत विपक्षी बनाइ दायर गरेको रिट निवेदन यस उद्योगको हकमा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **हिमालयन स्न्याक्स एण्ड नुडल्स प्रा.लि.का तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

२९. यस उद्योगले आफ्नो स्थापना कालमा नै वातावरण प्रभाव मूल्याङ्कन गरि उत्पादनको लागि योग्य घोषणा भई कारोवार सञ्चालन गरिरहेको छ। वातावरण संरक्षण ऐन, २०५३ को दफा ८ को विपरित भन्ने धारणा रिट निवेदनमा भएतापनि निवेदक उद्योगले पनि वातावरणलाई प्रतिकुल असर पार्ने गरि प्रचलित कानूनी प्रावधान र निश्चित मापदण्डको विपरित कुनै कार्य गरेको छैन। पर्यटकहरुको लुम्बिनी क्षेत्रमा हुने छोटो बसाइको एक मात्र कारण भनेको भैरहवा देखि लुम्बिनी सम्मको सडकको वरिपरि रहेका उद्योगहरु हुन भन्ने बताइएको छ। तर विभिन्न अध्ययन प्रतिवेदनहरुको अध्ययन गर्दा एक मात्र कारण उद्योगको स्थापना नभई भारतीय  सिमाबाट बहने प्रदूषित वायू समेत यसको कारक तत्व रहेको प्रष्ट हुन्छ। नेपालमा सञ्चालनमा रहेका उद्योगहरुको प्रवर्द्धन गर्नुको सट्टा यसलाई धरासायी बनाउन उत्प्रेरित रहेको अवस्था देखिएको छ। तिलौराकोट र रामग्रामलाई सम्भावित विश्व सम्पदा सूची (Tentative List) मा समावेश गरेको अवस्थामा त्यस क्षेत्रको प्रवर्द्धन तथा संरक्षणमा ध्यान पुर्याउनु जरुरी विषय हो। तर प्रवर्द्धन र संरक्षण भनेको केबल  सो क्षेत्रमा उद्योग सञ्चालन गर्न नदिनु र भएका उद्योगलाई स्थानान्तरण गर्नु हो भन्ने कदापि व्याख्या हुन सक्दैन। वातावरणीय कानूनको मक्सद (Intention and Motive) भनेको उद्योग बन्द गर्नु नभै दिगो विकास (Sustainable Development) गर्नु भन्ने हो। यसको अर्थ उद्योग सञ्चालन र वातावरण संरक्षणलाई संगसंगै लग्नु भन्ने हो। कानूनले तोकेको कार्यविधि र मापदण्ड पुरा गरी स्थापना भएका उद्योगहरु बन्द गर्ने गराउने कार्य हुनसक्दैन। त्यसरी वातावरण मूल्याङ्कनको मापदण्ड र प्रकृया समेत तोकि खुलाई कानूनी व्यवस्था बमोजिम उद्योग स्थापना र सञ्चालन गरिसके पश्चात् नयाँ मापदण्ड कायम गर भनेर निवेदक कम्पनीलाई विपक्षी बनाइ रहनु अवस्था छैन। निवेदक कम्पनीले आफ्नो स्थापनाको समयमा तोकिएको र हालसम्म कायम मापदण्ड पुरा गरिसकेको छ। नेपाल पक्ष राष्ट्र रहेको एजेन्डा २१ को मनसाय (Intention) भनेको पनि उद्योग सञ्चालन गर्दा वा विकास निर्माणको कार्य गर्दा प्राकृतिक सम्पदालाई सन्तुलन (Balance) गर्नुपर्ने कुरालाई

अंगिकार गरेको अवस्था छ। यी सम्पुर्ण कुराहरुले उद्योगको आवश्यकतालाइ उजागर गरेको छ।लुम्बिनी क्षेत्रमा रहेका गिद्ध/सारसहरुको मृत्यु भएको छ वा छैन भन्ने कुरा अनुसन्धानको विषय बन्न सक्ला तर उद्योग सञ्चालनको लागि प्रवाह गरिएको विद्युतले गर्दा उक्त चराहरुको मृत्यु भएको भन्ने निवेदन आफैमा काल्पनिक छ। भारतको उत्तर प्रदेशमा गरिएको अनुमानित निष्कर्षको आधारमा नेपालमा पनि सोहि अवस्था छ भनी चित्रण गरेर सम्मानित अदालतमा दर्ता गराएको रिट निवेदन खारेज भागी छ। लुम्बिनी क्षेत्रको प्रदूषणको प्रमुख कारक तत्व त्यहाँ स्थापित उद्योगहरु नभै भारतीय वायु र भारतीय क्षेत्रमा रहेका उद्योगबाट उत्पन्न हुने प्रदूषण हुन्। जवाफकर्ता उद्योगले लुम्बिनीको अशोक स्तम्भ, मायादेवी मन्दिर यसको वरपरको वातावरणमा प्रदूषण बढाउने, माटोको उत्पादन क्षमतामा ह्रास आउने कुनै प्रकृतिको कार्य नगरेकोले रिट निवेदनको मागदावी अनुसार उद्योग बन्द गर्नु पर्ने वा स्थानान्तरण गर्नु पर्ने अवस्था नभएकोले रिट निवदेन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **अर्घाखाँची सिमेन्ट प्रा.लि. तथा सुप्रिम सिमेन्ट प्रा.लि.का तर्फबाट यस अदालतमा पेस भएको एकै व्यहोराको लिखितजवाफ।**

३०. लिखितजवाफकर्ता कम्पनी प्रचलित साविक औद्योगिक व्यवसाय ऐन २०४९ बमोजिम स्थापना भई प्रचलित कानूनी बमोजिम पालना गर्नुपर्ने कानूनी शर्तहरु पालना गर्दै नियमित सञ्चालनमा रहेको प्रतिष्ठित उद्योग हो। यस उद्योगले प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने सबै शर्तहरु पालना गरि आएको छ। वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण नियमावली २०५४ मा भएको कानूनी व्यवस्था लाई पूर्णरुपमा पालना गरी आएको र भविष्यका लागि समेत वातावरणको विषयमा सचेत रहेको छ।यस उद्योगले लुम्बिनी क्षेत्रमा उद्योग सञ्चालन गर्ने क्रममा यस उद्योगले के कुन प्रकारको वातावरण प्रदूषण गरेको छ भनी ठोस प्रमाण निवेदकले आफ्नो रिट निवेदनमा उल्लेख गर्न सक्नु भएको छैन। निवेदनमा उल्लेखित श्री सेमरी सामुदायिक माध्यमिक विद्यालयले समेत आजका मितिसम्म यस उद्योगले वातावरण प्रदूषण गरेको भनी कही कतै उजुरी निवेदन दर्तासम्म गराएको अवस्था छैन। उक्त विद्यालयहरुले यस उद्योगबाट प्राप्त गर्नुपर्ने आर्थिक एवं अन्य सेवा सुविधाहरु प्राप्त गरि विद्यालय सञ्चालनमा समेत महत्त्वपूर्ण सहयोग यस उद्योगबाट हुँदै आएको छ। औद्योगिक प्रवर्द्धन बोर्डको १९४ बैठकले लुम्बिनी क्षेत्रको संरक्षणका लागि घेरापर्खालको पुर्व

पश्चिम तथा उत्तरतर्फ घेरा पर्खाल देखि १५ किलोमिटर दुरी भित्र साथै लुम्बिनी सडकको ८०० मिटरभित्र कार्वन उत्सर्जन गर्ने उद्योगहरु स्थापना गर्न नदिने निर्णय मिति २०६६।०७।१३ मा गरेको भए पनि उक्त मापदण्ड यस उद्योगको हकमा लागू हुन सक्दैन। लिखितजवाफकर्ता उद्योग उक्त औद्योगिक प्रवर्द्धन बोर्डबाट भएको निर्णय पूर्व अर्थात मिति २०५३।०१।३१ मा उद्योग स्थापना भई सञ्चालनमा रहेको छ। साथै रिलायन्स पेपर मिल्स लुम्बिनी क्षेत्रभन्दा करिब १६ किलोमिटर पूर्वमा रहेको छ। यस उद्योगले सञ्चालन मिति देखि आजसम्म कुनैपनि व्यक्तिलाई वातावरणीय प्रभाव पारी सोबाट क्षति भएको छैन। यो उद्योग नेपाल सरकारको जि.डी.पी.मा उल्लेखनिय योगदान गर्दै आएको प्रतिष्ठित उद्योग रहेकाले यस उद्योगको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको **रिलायन्स पेपर मिल्स प्रा.लि.का तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

३१. लिखित जवाफकर्ता कम्पनी प्रचलित साविक औद्योगिक व्यवसाय ऐन २०४९ बमोजिम स्थापना भई प्रचलित कानूनी बमोजिम पालना गर्नुपर्ने कानूनी शर्तहरु पालना गर्दै नियमित सञ्चालनमा रहेको प्रतिष्ठित उद्योग हो। यस उद्योगले प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने सबै शर्तहरु पालना गरि आएको छ। वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण नियमावली, २०५४ मा भएको कानूनी व्यवस्थालाई पूर्णरुपमा पालना गरी आएको र भविष्यका लागि समेत वातावरणको विषयमा सचेत रहेको छ।यस उद्योगले लुम्बिनी क्षेत्रमा तथा अन्य रिट निवेदनमा उल्लेखित स्थानमा उद्योग सञ्चालन गर्ने क्रममा यस उद्योगले के कुन प्रकारको वातावरण प्रदूषण गरेको छ भनी ठोस प्रमाण साथ रिट निवेदकले आफनो रिट निवेदनमा उल्लेख गर्न सक्नु भएको छैन। साथै रिट निवेदनमा उल्लेखित श्री समरी सामुदायिक माध्यमिक विद्यालयले समेत आजका मितिसम्म वातावरण प्रदूषण गरेको भनी कही कतै उजुरी निवेदन दर्तासम्म गराएको अवस्था छैन। रिट निवेदकले आफनो रिट निवेदनमा यस उद्योगले के कस्तो प्रकृतिको वातावरण प्रदूषण गरेको छ भनी आधार कारण सहीतको प्रमाण पेश गर्न सकेको अवस्था छैन। औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औ बैठकबाट गठन भएको अध्ययन टोलीले समेतले लुम्बिनी क्षेत्रको सम्बेदनशिलतालाई हेरी त्यस क्षेत्रमा कुनै नयाँ प्रदूषणजन्य उद्योग स्थापना नगर्न सुझाव दिएको र सोही सुझावका आधारमा औगिक प्रवर्द्धन बोर्डको १९४ बैठकले लुम्बिनी क्षेत्रको संरक्षणका लागि घेरापर्खालको

पुर्व पश्चिम तथा उत्तरतर्फ घेरा पर्खाल देखि १५ किलोमिटर दुरीभित्र साथै लुम्बिनी सडकको ८०० मिटरभित्र कार्वन उत्सर्जन गर्ने उद्योगहरु स्थापन गर्न नदिने निर्णय मिति २०६६।०७।१३ मा गरेको भएपनि सो निर्णय विपरीत उद्योग स्थापनाको स्वीकृति दिने काम भएको भनी रिट निवेदनमा उल्लेखित व्यहोरा यस उद्योगसंग सम्बन्धित छैन। लिखितजवाफ कर्ता उद्योगको उक्त औद्योगिक प्रवर्द्धन बोर्डबाट भएको निर्णय पूर्व अर्थात मिति २०६१।०१।१० मा स्थापना भई सञ्चालनमा रहेको छ। साथै रिलायन्स सिमेन्ट उद्योग लुम्बिनी क्षेत्र भन्दा करीब १६ किलोमिटर पूर्वमा रहेको छ। यस उद्योगको सञ्चालन मिति देखि आजसम्म कुनैपनि व्यक्तिलाई वातावरणीय प्रभाव पारी सो बाट क्षति गरे गराएको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको **रिलायन्स सिमेन्ट प्रा.लि.का तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

३२. रिट निवेदकले यस मन्त्रालयलाई के कुन कारण र आधारमा विपक्षी बनाउनु भएको हो र यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट निजको हक अधिकारमा असर पर्न गएको हो भन्ने सम्बन्धमा निवेदनमा कहीकतै उल्लेख गर्न सक्नु भएको नदेखिंदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने अवस्था नहुँदा नहुँदै पनि विपक्षी बनाउनु भएको देखिएको तथा यस मन्त्रालयको कुनै काम कारबाही र निर्णयबाट निवेदकको संवैधानिक तथा कानूनी हक अधिकारको हनन् नभएको तथा नगरिएकोले निवेदन दावी तर्कसंगत र औचित्यपूर्ण नहुँदा रिट निवेदन खारेजभागी छ। साथै, लुम्बिनी विकास गुरुयोजना कार्यान्वयनका लागि सम्बद्ध मन्त्रालयले वार्षिक रुपमा माग गरेको बजेट उपर माग र औचित्य तथा देशको आर्थिक अवस्थाको विश्लेषणको आधारमा बजेट विनियोजन भई रहेकोले यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको **नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

३३. नेपाललाई विश्वसमक्ष परिचित गराई नेपालको प्रतिष्ठा बढाउने विश्व सम्पदा सूचीमा सूचीकृत भगवान् गौतम बुद्धको जन्मस्थान लुम्बिनी ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक, प्राकृतिक हरेक दृष्टिकोणबाट महत्त्वपूर्ण क्षेत्र हो। त्यस्तो महत्त्वपूर्ण क्षेत्रलाई धुँवा, धुलोजस्ता प्रदूषणबाट मुक्त राखी त्यस क्षेत्रको बासिन्दाको स्वास्थ्य र स्वच्छ वातावरणमा पर्ने नकारात्मक असरलाई रोक्दै त्यसक्षेत्रको आर्थिक, सामाजिक,

धार्मिक, सांस्कृतिक विकासमा योगदान गर्ने लुम्बिनी क्षेत्रको दीगो विकास गर्नुपर्ने र त्यसको सकरात्मक प्रचार प्रसार विश्वसमक्ष गर्नुपर्ने कुरामा विवाद छैन। साथै लुम्बिनी क्षेत्रमा पाइने वन पैदावर तथा वन्यजन्तुको संरक्षण, वातावरण, जैविक विविधता तथा पारिस्थितिय प्रणालीको संरक्षण गर्ने कार्यमा नेपालको संविधान, सम्बद्ध ऐन, कानूनमा भएको व्यवस्थाको कार्यान्वयन सम्बद्ध निकायले गर्नुपर्ने र लुम्बिनी क्षेत्रको वातावरणमा प्रतिकूल असर पर्ने कुनै पनि कार्य गर्न नहुने र उपयुक्त व्यवस्थापकिय कार्य सञ्चालन गर्नुपर्ने कुरामा यस विभागको विमति छैन। कुनै पनि सार्वजनिक निकायको क्षेत्राधिकार कानूनले तोकेको हुन्छ। कानूनले तोकेको क्षेत्राधिकार भन्दा बाहिर गएर कुनै पनि सार्वजनिक निकायले कार्य गर्न सक्दैन। लोपोन्मुख अवस्थामा रहेको सारस चरालाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची-१ मा संरक्षित वन्यजन्तुको रुपमा सूचीकृत गरिएको छ। निवेदकले निवेदनमा माग गरेको भगवान् गौतम बुद्धको जन्मस्थान लुम्बिनी क्षेत्र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम यस विभाग तथा यस विभाग मातहतका कुनै पनि कार्यालय वा निकायको व्यवस्थापकीय र प्रशासनिक क्षेत्राधिकार भित्र नपर्ने हुँदा क्षेत्राधिकारको अभावमा सो लुम्बिनी क्षेत्रमा रहेको संरक्षित वन्यजन्तु सारस चराको संरक्षण तथा तीनको वासस्थानको संरक्षण गर्ने कार्य यस विभागबाट गर्न नसक्ने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग काठमाडौंको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

३४. लुम्बिनी क्षेत्र ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्त्व रहेको विश्व सम्पदा सूचीमा सूचीकृत भएको पवित्र तिर्थस्थल हो। विश्वका बौद्ध धर्मालम्वीहरु तथा पर्यटकहरु लुम्बिनी क्षेत्रको भ्रमण तथा अवलोकन गर्दै आएको अति सम्वेदनशील धरोहर, एसियाका तारा, शान्तिका अग्रदुत भगवान् गौतम बुद्धको जन्मस्थल रहेको वास्तविकता कहिंकतै छिपेको छैन। विश्व सम्पदा सूचीमा सूचीकृत अति महत्त्वपूर्ण धार्मिक क्षेत्र लुम्बिनीको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व हामी सबैको हो। यस क्षेत्रलाई अतिक्रमण गर्ने भन्ने कुरा कल्पनासम्म गर्न सकिंदैन। नेपालका कुनै पनि भू-भागमा रहेका यस्ता ऐतिहासिक, पुरातात्विक र धार्मिक स्थलमा प्रतिकूल असर पुग्ने पुऱ्याउने गरी कुनै पनि विकास निर्माण कार्यहरु सञ्चालन नगरिएको अवस्था विद्यमान छ। साथै नेपालको संविधानको भाग ४ धारा ५१ मा राज्यका सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी

नीतिको व्यवस्था गरेको छ। सोही धारा (ग) (२) मा ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान र उत्खनन् तथा प्रचार प्रसार गर्ने संवैधानिक प्रावधान रहेको परिप्रेक्ष्यमा यस मन्त्रालयबाट उद्योग तथा व्यवसाय सञ्चालन गर्ने उद्देश्यबाट कुनै कलकारखाना स्थापना वा सञ्चालनमा प्रोत्साहन गरिएको छैन। प्राचीन स्मारक ऐन, २०१३, वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९, औद्योगिक व्यवसाय ऐन, २०४९, पर्यटन बोर्ड ऐन, २०५३ को उद्देश्य, व्यवस्था, मर्म र भावना विपरित लुम्बिनी क्षेत्रको सम्पदालाई प्रतिकूल असर पुग्ने गरी कुनै काम कारबाही नगरिएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै आधार र कारण छैन। निवेदकहरुको संविधान तथा प्रचलित कानूनद्वारा प्रदत्त मौलिक हकमा प्रतिकूल असर पुग्ने गरी यस मन्त्रालयबाट कुनै काम कारबाही भए गरेको नहुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन कानूनसम्मत नहुँदा खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ**।

३५. निवेदकहरुको निवेदन दावी स्पष्ट र किटानी छैन। गोश्वाराका रुपमा गोलमटोल दावी लिदैमा सार्वजनिक सरोकारको विवाद हुन सक्दैन। निवेदकहरु सफा हृदय र स्वच्छ हात लिएर अदालतमा प्रवेश गर्नुपर्ने कानूनी मान्यता र सिद्धान्त हो। के कुन निकायको के कस्तो जिम्मेवारी र दायित्व हो एकिन नगरी हचुवा तवरले दावी लिई दायर भएको रिट निवेदन खारेजभागी छ।यस विभागको के कस्तो काम कारबाहीबाट निवेदकहरुको सार्वजनिक सरोकार हितमा आघात पुग्यो दावीमा स्पष्ट छैन। सार्वजनिक सडकमा सवारी साधन आवागमन अनुमति दिने कार्य यातायात विभागको हुनेमा निवेदकहरुले यस विभागवाट सवारी साधन चल्न नदिनु भन्ने समेत परमादेश आदेशको माग गर्नु भएको छ। दावी आफैंमा खण्डित र अस्पष्ट छ। विषयवस्तु, अधिकारक्षेत्र, दायित्व र जिम्मेवारी एकिन नगरी यस विभागलाई विपक्षी बनाइएको छ।उल्लिखित आधारमा विपक्षी रिट निवेदकको संवैधानिक एवं कानूनी हक अधिकारमा वाधा पुग्ने काम कारबाही यस विभागवाट भए गरेको अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

३६. नेपाल राष्ट्रिय आयोगको विधान, २०३१ को दफा ३ बमोजिम संयुक्त राष्ट्रसंघको शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठनका निमित्त नेपाल राष्ट्रिय आयोग संस्थापित भएको हो। शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक कार्यक्रमहरुको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवं बौद्धिक विकास गर्ने, शिक्षा, संस्कृति विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सभा सम्मेलन आदि गर्ने, देशको गौरवमय सांस्कृतिक वैभवलाई परिचित गर्ने, गराउने, युनेस्कोको उद्देश्य एवं कार्यक्रमहरुको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुऱ्याउने, युनेस्को तथा युनेस्कोको सहयोगमा सञ्चालित आयोजना एवं कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग पुऱ्याउने जस्ता उद्देश्यहरु रहेको यस आयोगले आफ्नो विधान बमोजिम काम सम्पादन गर्दै आइरहेको छ। विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रमा उद्योग स्थापना तथा सञ्चालनको लागि अनुमति दिने, पुरातात्विक तथा ऐतिहासिक सम्पदाको संरक्षण गर्ने, प्रदूषणजन्य उद्योग सञ्चालनमा रोक लगाउने, कच्चा पदार्थ ओसार पसार गर्न नदिने, उक्त क्षेत्रमा हुने गतिविधिहरुको नियमन गर्ने, गराउने लगायतका रिट निवेदनमा उल्लिखित विषय क्षेत्र यस आयोगको कार्यक्षेत्र भित्र पर्ने नदेखिंदा विना आधार र कारण विपक्षी बनाई दायर गरिएको विपक्षीको रिट निवेदन खारेजभागी छ। युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगबाट रिट निवेदकहरुको हक अधिकार हनन् हुने गरी कुनै काम कारबाही नभएको र आयोगले यो यस्तो काम कारबाही गरी यो यसरी निवेदकहरुको यो यस्तो हक अधिकार हनन् गरेको भनी आफ्नो रिट निवेदनमा कहिकतै खुलाउन सकेको अवस्था समेत नहुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको **नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं युनेस्कोका निमत्त नेपाल राष्ट्रिय आयोगसमेतको तर्फबाट यस अदालतमा पेस भएको संयुक्त लिखितजवाफ।**

३७. भैरहवा-तौलिहवा सडक खण्डमा सिमेन्ट उद्योग लगायतका उद्योगहरु सञ्चालनमा रहेका छन्। नेपाल-भारत सीमा बेलहिया नाकाबाट नेपाल प्रवेश गर्ने अत्याधिक भारवाहक औद्योगिक कच्चा पदार्थ लिइ आउने सवारी साधनहरुलाई गृह मन्त्रालयका सह-सचिवको संयोजकत्वमा मिति २०७४।०७।२४ मा बसेको बैठकबाट भएको निर्णय बमोजिम नेपाल प्रवेश गरेपश्चात भन्सार कार्यालय समेतले भारवाहन क्षमता मिलान गरी बढीमा १५ कि.मी.भित्र मात्र रहेको औद्योगिक करिडोरसम्म उद्योगले पैठारीका

औद्योगिक कच्चा पदार्थहरु लैजाने गरेको छ। औद्योगिक कच्चा पदार्थ लैजादा मालवाहक सवारी साधनको भार, सडक र बाटोमा पर्ने पुल कलभर्ट समेतलाई मध्यनजर गरि कुनै पनि किसिमको धनजनको क्षति हुन गर्न नपाउँने व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारी एवं जिल्ला यातायात व्यवस्था समितिको अध्यक्ष समेतको हैसियतले ट्राफिक प्रहरी, नेपाल प्रहरी र सशस्त्र समेतलाई निरन्तर निर्देशन दिएको अवस्था छ भने जिल्लामा रहेका सवारी साधन, सडक, पुलपुलेसाको अवस्थालाई दृष्टिगत गरी सञ्चालनमा रहेका सवारी साधनहरुको बराबर अनुगमन नियमनसमेत गरिदैं आएको छ। साथै भैरहवा-तौलिहवा सडकखण्डको हाल स्तरोउन्नति भैरहेको छ।अत्याधिक भारवाहन कच्चा पदार्थ ल्याउने सवारी साधनलाई भारवाहन क्षमता मिलान गरी मात्र प्रवेश दिने गरेको, सवारी साधनको भार, सडक र बाटोमा पर्ने पुल कलभर्ट समेतलाई मध्यनजर गरी कुनै पनि किसिमको धनजनको क्षति हुन गर्न नपाउँने व्यवस्था मिलाउन सम्बन्धित निकायहरुलाई निर्देशन दिईदै आएको तथा सञ्चालनमा रहेका सवारी साधनहरुको बराबर अनुगम नियमन समेत गरिदै आएको अवस्था हुँदा रिट निवेदकहरुले रिट निवेदनमा माग गरे बमोजिम यस कार्यालयको नाँउमा कुनै आज्ञा आदेश जारी हुनुपर्ने अवस्था नभएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **जिल्ला प्रशासन कार्यालय रुपन्देहीको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

३८. रिट निवेदकले उद्योग विभागले लुम्बिनी क्षेत्रमा ध्वनि प्रदूषण, वातावरण प्रदूषण गर्ने गरी उद्योग स्थापना र सञ्चालन गर्न दिएको भन्ने निवेदन दावी सत्य होइन। औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ को उपदफा (२) मा उद्योग दर्ता गरेपश्चात् वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assessment -EIA) वा प्रारम्भिक वातावरण परीक्षण (Initial Evnironmental Examination- IEE) गर्नु पर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन व्यवसायिक उत्पादन वा कारोवार गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। यसरी कुनै उद्योगले सञ्चालनमा आउदाँ कुनै प्रकारको वातावरण प्रतिकुल हुने गरी प्रदूषण हुने कार्य गर्दछ भने त्यस्तो कार्य गर्ने उद्योगले वातारण संरक्षण ऐन, २०५३ तथा ऐ. नियमावली २०५४ मा भएका व्यवस्था बमोजिम EIA वा IEE गरेर मात्र उद्योग स्थापना, सञ्चालन व्यवसायिक उत्पादन वा कारोवार गर्नु पर्नेछ। उद्योगले कामको प्रकृति अनुसार तोकिए बमोजिम EIA वा IEE गरी त्यस्ता

प्रदूषण हुने कार्यलाई नियन्त्रण गरेर मात्र उद्योग स्थापना, सञ्चालन गर्न पाउँछन्। EIA तथा IEE नगरी अर्थात प्रदूषणको नियन्त्रण नगरी कुनै पनि उद्योग सञ्चालन गरेमा त्यस्तो कार्यलाई तुरून्त बन्द गरी जरिवाना गर्न सक्ने व्यवस्था वातारण संरक्षण ऐन, २०५३ को दफा १८ मा रहेको छ। यसर्थ कुनै पनि उद्योगले कानून विपरीत अर्थात EIA तथा IEE नगरी उद्योग सञ्चालन गरेको भएमा वा त्यस्तो उद्योग दर्ता गर्दा तोकिएका शर्त पालना नगरेमा प्रचलित कानून बमोजिम कारबाही हुने देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०७३ तथा औद्योगिक प्रवर्द्धन बोर्डले तोकेका आधारहरू पुरा गरेको भएमा मात्र उद्योग विभागबाट लुम्बिनी क्षेत्रमा उद्योगको दर्ता अनुमती प्रदान गर्न सकिन्छ र उद्योग विभागले उद्योग दर्ता गर्दा निवेदकले उठाएका विषयहरु समेतलाई ध्यानमा राखी उद्योगबाट त्यस्ता प्रदूषणजन्य कार्य नहुने गरी मात्र उद्योग सञ्चालन गर्न पाउने गरी उद्योग दर्ता र स्थापना गरिन्छ। उद्योग दर्ता हुदाँ उद्योग दर्ता प्रमाणपत्रमा उद्योग विभागले प्रदूषणजन्य कार्य गर्न नपाउँने गरी उद्योगलाई शर्त तोकेको हुन्छ। कुनै उद्योगले प्रचलित कानूनमा तोकिएका तथा उद्योग दर्ता गर्ने निकायले दिएको निर्देशन तथा शर्तको पालना गर्नु पर्ने अनिर्वाय कानूनी दायित्व रहेको छ। रिट निवेदनमा उल्लेख भएका उद्योगहरूले प्रचलित कानून, उद्योग दर्ता गर्ने निकाय वा औद्योगिक प्रवर्द्धन बोर्डले गरेका निर्णय पालना अनिवार्य रूपमा गर्नु पर्छ र सो नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने नै देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ को उपदफा (५) को खण्ड (ग) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समय दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तको पालना नगरेमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जरिवाना गर्न सक्ने तथा सोही उपदफाको खण्ड (घ) बमोजिम उद्योग दर्ता गर्ने निकायले त्यस्ता उद्योगलाई निश्चित अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्ता उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको छ । यदि उक्त उद्योगहरूले आफ्नो उद्देश्य विपरीत कार्य गरेको देखिएमा वा प्रचलित कानून र यस विभागबाट तोकिएका शर्तहरु पालना नभएको पाइएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रकृया पुरा गरी कारबाही हुने कानूनी उपचारको वैकल्पिक उपाय रहेको देखिन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकले कुन कुन उद्योगले कुन कानून शर्त वा मापदण्डको पालना नगरेको हो खुलाउनु भएको छैन। कानून बमोजिम दर्ता र

स्थापना भएका उद्योगले कानून बमोजिम कार्य नगरेमा त्यस्ता उद्योगको दर्ता खारेज गर्न सकिन्छ। तर उद्योगले प्रदूषण गरे नगरेको सम्बन्धमा एकिन नै नगरी, तोकिएका कानूनी प्रक्रियाको पालना नगरी, कानून बमोजिम दर्ता भएका उद्योगको रिट निवेदनका आधारमा दर्ता खारेज गर्न मिल्दैन। यसरी विपक्षीले वैकल्पिक उपचारको बाटो पर्याप्त हुँदा हुँदै रिट क्षेत्राधिकारको बाटोबाट अदालत प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **उद्योग विभागको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

३९. नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएको र सबै धर्मालम्बीहरू एक-आपसमा मिलेर बसिरहेको देश भएकोले यस्ता धार्मिक तथा सांस्कृतिक पहिचानको संरक्षण गर्नुको कुनै विकल्प छैन। राष्ट्रका लागि ऐतिहासिक सम्पदा र धरोहरको रूपमा रहेको भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको संरक्षण र विकास गर्ने गराउने सम्बन्धमा रिट निवेदकले उठाउनु भएको विषयमा यस मन्त्रालयले बिमति जनाउनु पर्ने कुनै आधार छैन। वातावरण संरक्षण बिना विश्वसम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रको दिगो विकास हुन नसक्ने तथ्यलाई हृदयंगम गरी नेपाल सरकारको पहलमा कानूनी एवं संस्थागत व्यवस्था तथा WWE, UNEP, र UNESCO संगको सहकार्यमा लुम्बिनी विकास कोषमार्फत प्रचारप्रसार, वृक्षारोपण, Air Quality Monitoring Station को स्थापना लगायतका पर्यावरणीय संरक्षणका विभिन्न कार्यहरू भईरहेकै छन्। लुम्बिनी क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा यस मन्त्रालय प्रतिबद्ध एवं कृयाशील रहेको र भविष्यमासमेत कृयाशील रहिरहने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत बेहोराको **संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

४०. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय संविधान तथा कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण एवं संवर्द्धन गर्ने तथा सम्मानित अदालतबाट जारी भएका आदेशहरुको कार्यान्वयन गर्ने कुरामा प्रतिवद्ध रहेको छ। नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउँने हकलाई मौलिक हकको रुपमा संवैधानिक प्रत्याभूति दिएको छ। त्यसैगरी, स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउँने हकलाई सुनिश्चित गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन,

२०५३ र वातावरण संरक्षण नियमावली, २०५४ समेत जारी भई कार्यान्वयनमा रहेका छन्। दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन नहुने, उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुने जस्ता प्रावधान सहित औद्योगिक व्यवसाय ऐन, २०७३ जारी भई कार्यान्वयनमा रहेको छ।

वातावरण संरक्षण विना विश्वसम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रको दीगो विकास हुन नसक्ने तथ्यलाई हृदयंगम गरी नेपाल सरकारको पहलमा कानूनी एवं संस्थागत व्यवस्था तथा WWF, UNEP र UNESCO सँगको सहकार्यमा लुम्बिनी विकास कोषमार्फत प्रचारप्रसार, बृक्षारोपण, Air Quality Monitoring Station को स्थापना लगायतका पर्यावरणीय संरक्षणका विभिन्न कार्यहरू भईरहेकै छन्। लुम्बिनी क्षेत्रको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा यस कार्यालय प्रतिवद्ध एवं कृयाशील रहेको छ। यसरी वातावरण संरक्षण र पुरातात्विक, सांस्कृतिक सम्पदाको संरक्षणका विषयमा यथेष्ट कानूनी एवं संरचनागत व्यवस्थाहरु भई संरक्षण र संवर्द्धनको कार्य प्रभावकारी रुपमा हुँदै आएको छ।राज्यको वर्तमान संघीय संरचना अनुसार वातावरण संरक्षण संघ, प्रदेश र स्थानीय तहका सरकारको कार्य जिम्मेवारी भित्र पर्छ। सोही अनुसार संघ, प्रदेश र स्थानीय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजना तथा प्रदूषणजन्य उद्योगको व्यवस्थापन गर्नको लागि वातावरणको समग्र पक्ष समेट्ने गरी मापदण्ड निर्धारण, कानून तर्जुमा तथा संशोधन गरी कार्यान्वयन गर्ने काम भइरहेको छ। आयोजनाहरुको कार्यान्वयन पूर्व प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरिँदै आएको छ। सांस्कृतिक , धार्मिक एवं पुरातात्विक महत्त्वको लुम्बिनी क्षेत्रको विकासको सम्बन्धमा समेत उल्लिखित कानूनी प्रक्रिया अवलम्बन गरी वातावरण संरक्षण, पर्यटन प्रवर्द्धन र त्यस्ता सम्पदाको संवेदनशिलतालाई समेत ध्यान दिई आवश्यक कार्यहरु भइरहेका छन्। रिट निवेदकले दावी गरेको नेपाल सरकारले उद्योग स्थापना गर्न स्वीकृति दिएबाट लुम्बिनी क्षेत्रको वातावरणमा प्रतिकूल असर पर्न जाने भन्ने विषय अनुमान र मनोगत आधारमा उठान गरेको देखिन्छ। सो क्षेत्रमा उद्योग स्थापना गर्न स्वीकृति दिएको निर्णय कुन ऐनको कुन प्रावधान विपरित छ सो कुरा रिट निवेदकले रिट निवेदनमा कहीं कतै खुलाउन सकेको देखिदैंन। उद्योग स्थापना गर्न स्वीकृति दिने कार्य नेपालको संविधान र प्रचलित कानून विपरित भएको देखाउन नसकी केवल भावनात्मक रुपमा अनुमान र तर्क गरी रिट जारी गरी पाउँन दावी लिंदैमा रिट जारी हुन सक्दैन। संविधान बमोजिम कानूनी प्रक्रिया र विधि अवलम्बन गरी गरिएका काम कारबाहीलाई अन्यथा भन्न मिल्दैन।

रिट निवेदकले दावी गरेको नेपाल सरकारले लुम्बिनी क्षेत्रमा उद्योग स्थापना गर्न स्वीकृति दिएको निर्णयले वातावरणमा लुम्बिनीको कुन कुन स्थानमा के कस्तो कति प्रतिकूलता ल्याउँछ भन्ने कुनै तथ्य दिन सकेको देखिंदैन। लुम्बिनी क्षेत्रबाट उल्लिखित उद्योगहरुको दूरी, सो उद्योगहरुबाट पर्ने प्रभाव आदि विषयमा रिट निवेदकले अध्ययन वा स्थलगत अवलोकन विना नै हचुवाका भरमा वातावरणमा प्रतिकूल प्रभाव पर्ने उल्लेख गरेको रिट निवेदन व्यहोराबाट नै स्थापित हुन आएको छ। उद्योग स्थापना गर्दा विभिन्न कानूनी प्रक्रियाहरु अवलम्बन गरेर मात्र स्थापना गर्न सकिन्छ। त्यस्ता कानूनी प्रक्रियाहरुले वातावरण संरक्षण, प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षण हुने गरी अत्यन्तै संवेदनशील रुपमा उद्योग कलकारखाना स्थापना गर्न निर्देशित गरेका हुन्छन्। वातावरण संरक्षण ऐन, नियमावली, औद्योगिक व्यवसाय सम्बन्धी ऐन, नियमावली समेतमा सो विषयमा पर्याप्त प्रावधान रहेका छन्। सो कानूनी प्रावधान बमोजिम नै तोकिएका मापदण्ड पूरा गरे पछि मात्र उद्योग स्थापना हुन सक्छन्। नेपाल सरकारको उल्लिखित निर्णय सो मध्ये कुन कानूनी प्रावधान विपरित रहेको भन्ने निवेदन दावी नरही भावनात्मक, मनोगत र कपोलकल्पित रुपमा दावी लिएको देखिएबाट कुनै आदेश जारी हुन सक्ने होइन भन्नेसमत बेहोराको **नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेस भएको लिखितजवाफ।**

४१. उद्योग विभागले लुम्बिनी क्षेत्रमा ध्वनि प्रदूषण, वातावरण प्रदूषण गर्ने गरी उद्योग स्थापना र सञ्चालन गर्न दिएको भन्ने सम्बन्धी विषय छ सो सम्बन्धमा औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ को उपदफा (२) मा उद्योग दर्ता गरे पछि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वा प्रारम्भिक वातावरण परीक्षण (IEE) गर्नु पर्ने भएमा सो गरेपछि मात्र उद्योग स्थापना, सञ्चालन व्यावसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ। यसरी कुनै उद्योग सञ्चालनमा आउँदा कुनै प्रकारको वातावरण प्रतिकुल पार्ने गरी प्रदूषण हुने कार्य गर्दछ भने त्यस्तो कार्य गर्ने उद्योगले वातारण संरक्षण ऐन, २०५३ तथा ऐ. नियमावली २०५४ भएका व्यवस्था बमोजिम EIA वा IEE गरेर मात्र उद्योग स्थापना, सञ्चालन व्यवसायिक उत्पादन वा कारोवार गर्नु पर्नेछ। यसर्थ उद्योगले कामको प्रकृति अनुसार तोकिए बमोजिम EIA वा IEE गरी त्यस्ता प्रदूषण हुने कार्यलाई नियन्त्रण गरेर मात्र उद्योग स्थापना, सञ्चालन गर्न पाउँछन। EIA तथ IEE नगरी अर्थात प्रदूषणको नियन्त्रण नगरी कुनै पनि उद्योग सञ्चालन गरेमा त्यस्तो कार्यलाई तुरून्त बन्द गरी जरिवाना गर्न सक्ने व्यवस्था वातारण

संरक्षण ऐन, २०५३ को दफा १८ मा रहेको छ। यसर्थ कुनै पनि उद्योगले कानून विपरीत अर्थात EIA तथा IEE नगरी उद्योग सञ्चालन गरेको भएमा वा त्यस्तो उद्योग दर्ता गर्दा तोकिएका शर्त पालना नगरेमा प्रचलित कानून बमोजिम कारबाही हुने देखिन्छ। रिट निवेदनमा उल्लेख भएका उद्योगहरूले प्रचलित कानून, उद्योग दर्ता गर्ने निकाय वा औद्योगिक प्रवर्द्धन बोर्डले गरेका निर्णय पालना अनिवार्य रूपमा गर्नु पर्छ र सो नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था रहेको छ। औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४१ को उपदफा (५) को खण्ड (ग) बमोजिम उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाण पत्रमा उल्लेखित शर्तको पालना नगरेमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जरिवाना गर्न सक्ने तथा सोही उपदफाको खण्ड (घ) बमोजिम उद्योग दर्ता गर्ने निकायले त्यस्ता उद्योगलाई निश्चित् अवधिका लागि उद्योग सञ्चालन बन्द गराउन आदेश दिने वा त्यस्ता उद्योगको दर्ता वा अनुमति खारेज गर्न आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको छ। यदि उक्त उद्योगहरूले आफ्नो उद्देश्य विपरीत कार्य गरेको देखिएमा वा प्रचलित कानून र उद्योग विभागवाट तोकिएका शर्तहरु पालना नभएको पाइएमा प्रचलित कानूनी व्यवस्था बमोजिम प्रकृया पुरा गरी कारबाही हुने कानूनी उपचारको वैकल्पिक उपाय रहेको देखिन्छ। निवेदकले कुन कुन उद्योगले कुन कानूनी शर्त वा मापदण्डको पालना नगरेको हो भन्ने विषयमा केही उल्लेख गरेको देखिदैन। उद्योगले प्रदूषण गरे नगरेको सम्बन्धमा एकिन नै नगरी रिट निवेदनका आधारमा उद्योगको दर्ता खारेज गर्न मिल्ने हुदैन। यसरी विपक्षीले वैकल्पिक उपचारको बाटो हुँदाहुँदै सो उपचारको वाटो अवलम्बन नगरी रिट क्षेत्राधिकारको बाटोबाट अदालत प्रवेश गरेको देखिँदा प्रस्तुत रिट निवेदन खारेजभागी भएकाले खारेज गरी पाउँ भन्ने बेहोराको **नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

४२. लुम्बिनी धार्मिक, पुरातात्विक एवं पर्यटकीय महत्त्व बोकेको सम्पदा हो। यसको उच्च महत्त्वकै कारण विश्व सम्पदा सूचीमा समेत सूचीकृत भएको हो। लुम्बिनी नेपालको मात्र नभई विश्वकै धार्मिक आस्थाको केन्द्र, पुरातात्विक महत्त्व एवं पर्यटकीय दृष्टिले आकर्षक गन्तव्य समेत भएकोले यसको संरक्षण र संवर्द्धन गर्नु सबैको साझा कर्तव्य एवं दायित्व हो। नेपाल सरकारले वातावरण संरक्षण सहितको लुम्बिनीको समग्र

विकासलाई विशेष ध्यान दिएको छ। जसलाई वृहत  लुम्बिनी परियोजना, अन्तराष्ट्रिय विमानस्थल, बुद्ध सर्किट निर्माणको योजना, लुम्बिनीलाई संरक्षित क्षेत्र घोषणा गर्नु समेतबाट पुष्टि हुन्छ।यस मन्त्रालय वातावरण संरक्षण सम्बन्धी संवैधानिक एवं कानूनी दायित्व पूरा गर्न प्रतिबद्ध रहेको छ। नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउँने हकलाई मौलिक हकको रुपमा प्रत्याभूति दिएको, वातावरणमा संरक्षण एवं दिगो विकासको अवधारणलाई सार्थक बनाउने उद्देश्यले वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, निर्देशिका, कार्यविधि एवं प्रदूषण नियन्त्रण सम्बन्धी विभिन्न मापदण्ड समेत जारी भई कार्यान्वयनमा रहेका छन्। यस मन्त्रालयले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले तोकेको कार्य जिम्मेवारी एवं वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम कामकारबाही गर्दै आएको छ। वातावरणलाई सन्तुलित राख वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिदै आएको, स्वच्छ वातावरण महाअभियान कार्यान्वयनमा रहेको, जलाधार, जैविक विविधता संरक्षण गर्न विभिन्न स्थानलाई वातावरण संरक्षित क्षेत्र घोषणा गरिएको लगायतका कार्यबाट मन्त्रालय वातावरण संरक्षणमा संवेदनशील छ भन्ने पुष्टि भइरहेको अवस्थामा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने होइन। कोही कतैबाट प्रचलित वातावरणीय कानूनको पालना नभएको भेटिएमा कानून बमोजिम आवश्यक कारबाही गर्न मन्त्रालय सदैव तयार रहेको र सुम्पेको जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्न प्रतिबद्ध भएको हुँदा मन्त्रालयालई विपक्षी बनाउने आधार देखिँदैन भन्ने समेत बेहोराको **नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको तर्फबाट यस अदालतमा पेस गरेको लिखितजवाफ।**

४३. यसमा प्रोफेसर डा. रामप्रसाद रेग्मीसमेत समावेश भई लुम्बिनी विकाश क्षेत्रमा निर्माण भएका उद्योगबाट परेको वातावरणीय प्रभाव विषयक प्रतिवेदन तयार गरेको छ, छैन ? प्रतिवेदन भएमा सोको प्रतिलिपी अध्ययन गरी फिर्ता लैजानेगरी त्रिभुवन विश्वविद्यालयको वातावरण विभागबाट झिकाउनू।प्रस्तुत मुद्दा दर्ता मितिपछि अर्थात् मिति २०७५।१२।१३ पश्चात् लुम्बिनी विकाश कोष ऐन, २०४२ को दफा २ (क) ले लुम्बिनी विकाश क्षेत्र भनी तोकेको स्थानमा नेपाल सरकारबाट के कस्ता उद्योगहरुमा दर्ताको अनुमति प्रदान गरिएको छ तथा दर्ता अनुमति प्रदान भएका उद्योगहरु सञ्चालनमा छ, छैन? सो को विवरण नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति

मन्त्रालयबाट माग गर्नू भन्ने बेहोराको **यस अदालतबाट मिति २०८१।०३।२५ मा भएको आदेश।**

४४. यसमा यस अदालतबाट मिति २०८१।०३।२५ मा प्रोफेसर डा. रामप्रसाद रेग्मी समेत समावेश भई लुम्बिनी विकाश क्षेत्रमा निर्माण भएका उद्योगबाट परेको वातावरणीय प्रभाव विषयक प्रतिवेदन तयार गरेको छ, छैन? प्रतिवेदन भएमा सोको प्रतिलिपी अध्ययन गरी फिर्ता लैजानेगरी त्रिभुवन विश्वविद्यालयको वातावरण विभागबाट झिकाउनु भनी आदेश भएकोमा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान केन्द्रीय विभागबाट मिति २०८१।०५।०९ मा यस विभागमा आदेशमा उल्लेख भएका डा. राम प्रसाद रेग्मी नाम गरेको व्यक्ति नदेखिएको र निजको संलग्नतामा तयार भएको प्रतिवेदन पुस्तकालयमा नभएको भनी जवाफ प्राप्त भएको देखियो। निवेदक तर्फबाट उपस्थित कानून व्यवसायीहरुले इजलाश समक्ष नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग र त्रिभुवन विश्वविद्यालयको सहकार्यमा लुम्बिनी क्षेत्रमा उत्सर्जित वायु प्रदूषण डिस्पर्सज मोडलिङ एवं नियन्त्रण पद्धती विकास विषयक अध्ययन प्रतिवेदन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वातावरण विभागमा रहेको भनी उल्लेख गर्नु भएकाले सो प्रतिवेदन उक्त वातावरण विभागबाट ७ (सात) दिन भित्र प्राप्त गरी मिसिल सामेल गरी नियमानुसार गरी पेश गर्नू भन्ने बेहोराको **यस अदालतबाट मिति २०८२।०१।१० मा भएको आदेश।**

४५. यसमा अदालतको आदेशानुसार यज्ञनिधि दाहालको संयोजकत्वमा गठित समितिबाट लुम्बिनी वरपरका उद्योगहरुले गरेको प्रदूषण समेतको अवस्थाको अध्ययन गरी २०७७ भाद्रमा तयार गरेको प्रतिवेदन वन तथा वातावरण मन्त्रालयको प.स. कानून ०७७/०७८ मिति २०७७।०६।०४ को पत्रसाथ यस अदालतमा प्राप्त भएकोमा उक्त प्रतिवेदनको पूर्ण अंश प्राप्त भएको नदेखिएकोले सो को पूर्ण अंश सहितको प्रतिवेदन ७ दिन भित्र झिकाइ निवेदक, विपक्षी र सरोकारवालाहरुलाई ४५ दिनभित्र बहसनोट पेश गर्न जानकारी गराउने भन्ने बेहोराको **यस अदालतबाट मिति २०८२।०२।११ मा भएको आदेश।**

## आदेश खण्ड

४६. नियमबमोजिम दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवदनमा निवेदकको तर्फबाट उपस्थित वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशमणी शर्मा र श्री राजुप्रसाद चापागाई, विद्वान अधिवक्ताहरु श्री शर्मिला श्रेष्ठ, श्री संजय अधिकारी, श्री सृजना सुवेदी, श्री कमल कोइराला, श्री लक्ष्मीनानी थापा र श्री रुपा बस्नेतले नेपालको संविधान तथा कानूनी व्यवस्थाले राष्ट्रको धार्मिक, ऐतिहासिक तथा पुरातात्विक क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्ने दायित्व सरकारको हुने कुरामा द्विविधा छैन। ब्रह्माण्डकै अतुलनिय मूल्य (Universal outstanding value) रहेको लुम्बिनी क्षेत्रको संरक्षणमा राज्यले चासो दिएको देखिँदैन। निहित स्वार्थ पूर्तिका लागि लुम्बिनी क्षेत्रमा प्रदूषणजन्य उद्योग स्थापना गर्ने कार्यलाई स्वीकृती प्रदान गर्ने काम सरकारबाट भइरहेको छ। लुम्बिनी क्षेत्रमा रहेका ६१ भन्दा बढी प्रदूषणजन्य उद्योगहरू स्थानान्तरण नभएबाट विश्व प्रसिद्ध तथा ब्रह्माण्डकै अतुलनिय मूल्य रहेको भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक अस्तित्व खतरामा पर्नुका साथै जनस्वास्थ्यमा समेत प्रतिकुल असर परेको छ। विश्वसम्पदा सूचीमा सूचीकृत भएको लुम्बिनी क्षेत्रमा, बढेको औद्योगिक प्रदूषणको कारण UNESCO ले पटक/पटक लुम्बिनी क्षेत्रलाई खतराको सूचीमा राखेको अवस्था छ। भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी हो भन्ने कुराको पुष्टि गर्ने अशोक स्तम्भ समेत वातावारण प्रदूषणको कारण खतरामा परेको छ। लुम्बिनी बाहेक कपिलवस्तु, तिरौलाकोट, कुडॉन, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, देवदह, नवलपरासीको रामग्राम लगायतका स्थलहरू पनि भगवान् गौतम बुद्धसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भएकोले यी सम्पूर्ण स्थलहरूको आफ्नै महत्त्व रहेको छ। धार्मिक, पुरातात्विक तथा जैविक दृष्टिकोणबाट महत्त्व राख्ने यी स्थानहरुमा प्रदूषणजन्य उद्योग स्थापना गर्न राज्यद्वारा स्वीकृती प्रदान हुँदा धार्मिक तथा पर्यटकिय हिसावले ती स्थानहरुको महत्त्व घट्न गएको अवस्था छ। बौद्ध दर्शनसंग सन्निकट सम्बन्ध र जैविक विविधताको महत्त्वपूर्ण तत्वको रुपमा रहेको सारस चराको वासस्थान अतिक्रमण भएको कारण लोप हुने अवस्थामा पुगेको छ। औद्योगिक प्रवर्द्धन बोर्डको १९४ औं बैठकबाट लुम्बिनी क्षेत्रबाट कार्वन उत्सर्जन गर्ने उद्योगहरु दुइ वर्ष भित्र हटाउने भनी निर्णय भएतापनि हालसम्म त्यस्ता उद्योगहरु स्थानान्तरण गर्ने कार्यमा सरकार मौन रहेको अवस्था

छ। लुम्बिनी क्षेत्रमा स्थापित प्रदूषणजन्य उद्योग तथा कलकारखानाको कारण लुम्बिनी क्षेत्रको ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्त्व र त्यस क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण जनताको स्वास्थ्यमा समेत प्रतिकुल असर परेको हुँदा लुम्बिनी क्षेत्रमा उद्योग स्थापना गर्न दिएका स्वीकृती तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरी त्यस क्षेत्रमा स्थापित प्रदूषणजन्य उद्योगहरु स्थानान्तरण गर्न गराउन परमादेशको आदेशसमेत जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

४७. विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री गोविन्द खनालले वातावरण संरक्षण एवं दिगो विकासको अवधारणालाई सार्थक बनाउने उद्देश्यले वातावरण संरक्षण ऐन, नियमावली, निर्देशिका, कार्यविधि एवं प्रदूषण नियन्त्रण सम्बन्धी विभिन्न मापदण्डसमेत जारी भई कार्यान्वयनको अवस्थामा छन्। कुनै पनि उद्योग दर्ता हुँदैको अवस्थामा प्रदूषणजन्य कार्य गर्न नपाउँने गरी शर्त तोकी उद्योग दर्ता प्रमाणपत्र प्रदान गर्ने गरिएको छ। संघ, प्रदेश र स्थानिय तहमा प्राथमिकता प्राप्त आयोजना र वातावरणमा प्रभाव पार्ने अन्य आयोजना तथा प्रदूषणजन्य उद्योग व्यवस्थापनको लागि वातावरणको समग्रपक्ष समेट्ने गरी मापदण्ड निर्धारण, कानून तर्जुमा तथा संशोधन गरी कार्यान्वयन गर्ने काम भई रहेको छ। वातावरण संरक्षण, पुरातात्विक र सांस्कृतिक सम्पदाको संरक्षणको विषयमा यथेष्ठ कानूनी एवं संरचनात्मक व्यवस्थाहरु भईरहेको अवस्था छ। निवेदकले उठाएको विषयवस्तुमा नेपाल सरकार स्वयम् सचेत रहेको र त्यसको निराकरणको लागि आवश्यक कार्वाहीसमेत भइरहेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुने अवस्था छैन भनी बहस प्रस्तुत गर्नु भयो। त्यस्तै विपक्षी बृज सिमेन्ट उद्योगको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री महादेव प्रसाद यादव, अम्वे स्टिलको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रामकृष्ण निराला, विद्वान अधिवक्ता डा. श्री रुद्र शर्मा, अर्घाखाँची सिमेन्टको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्ण, जगदम्वा सिमेन्टको तर्फबाट उस्थित विद्वान अधिवक्ता श्री नवराज पौडेल र हिमाल स्न्याक्सको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री जगदिश पौडेलले उद्योगधन्दा कलकारखाना भनेको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो। यसबाट हजारौं व्यक्तिहरुले रोजगारी प्राप्त गरेका हुन्छन् भने आवश्यक वस्तु तथा सेवा उत्पादनबाट देश आत्मनिर्भर हुन्छ। अर्बौको लगानी गरी स्थापना भएका उद्योगहरु विभिन्न बहानामा बन्द गराउँदै जाने हो भने देशको अर्थतन्त्रमा नै

नकरात्मक असर पर्न जान्छ। विश्वसम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रको वातावरण स्वच्छ र हराभरा हुनु पर्छ भन्ने कुरामा विमति हुन सक्दैन। यस क्षेत्रको वातावरण प्रदूषण हुनुमा त्यहाँका उद्योग कलकारखाना मात्र नभएर सिमावर्ति भारतीय उद्योगधन्दाबाट उत्सर्जित धुवा, धुलो पनि हो। लुम्बिनी क्षेत्रमा वातावरण संरक्षणको लागि उद्योगहरु आफैं सचेत रहेका छन्। कानून बमोजिम सरकारको अनुमतिले स्थापना भएका उद्योगहरु अन्य कुनै वैकल्पिक व्यवस्था नगरी निवेदकको निवेदनकै आधारमा बन्द गराउन सक्ने अवस्था रहँदैन। विपक्षी उद्योगहरु औद्योगिक प्रवर्द्धन बोर्डको १९४ औं बैठकको निर्णय पश्चात् स्थापना भएका नभई त्यसभन्दा पहिले नै नेपाल सरकारको अनुमतिले स्थापना भएका उद्योगहरु हुन्। उद्योगहरुले वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण नियमावली, २०५४ मा भएको कानूनी व्यवस्थालाई पूर्णरुपमा पालना गरी आएको र भविष्यमा हुनसक्ने वातावरण प्रदूषणको विषयमा सचेत रहेका छन्। विपक्षी उद्योगहरुले लुम्बिनी क्षेत्रमा उद्योग सञ्चालन गर्ने क्रममा के कुन प्रकारको वातावरण प्रदूषण गरेका छन् भन्ने सम्बन्धमा रिट निवेदनमा स्पष्ट उल्लेख हुन सकेको अवस्था नहुँदा उल्लिखित उद्योगहरुको हकमा रिट निवेदन खारेज गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

४८. यसमा निर्णयतर्फ हेर्दा, नेपालमा रहेको सम्पदाहरू मध्ये भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्र एक महत्त्वपूर्ण सम्पदा हो। भगवान् बुद्धलाई बौद्ध धर्मका धर्म गुरु तथा अन्तराष्ट्रिय रूपमा एसियाको ज्योति (Light of Asia) भनेर चिनिन्छ। लुम्बिनी क्षेत्र विश्व समुदायको लागि नै अत्यन्त महत्त्वपूर्ण स्थान मानिन्छ। लुम्बिनी क्षेत्रमा विश्वका विभिन्न देशबाट लाखौ तीर्थयात्रीहरू लगायत विभिन्न देशका विशिष्ट व्यक्तिहरू आउने गरेका छन्। संसारको जनसंख्याको २२ प्रतिशत अर्थात एक अर्ब साठी करोड बौद्ध धर्माबलम्बीहरू रहेको अनुमान छ। यसबाट भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी एक अर्ब साठी करोड बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्र मानिन्छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी विश्वको अतुलनीय सम्पदा रहेकोले विश्व सम्पदा सूचीमा सूचीकृत छ। संविधान, राष्ट्रिय कानून तथा अन्तराष्ट्रिय प्रावधान समेतबाट धार्मिक, ऐतिहासिक तथा पुरातात्विक क्षेत्रको संरक्षण गर्नुपर्ने दायित्व सरकारको हो। ब्रह्माण्डकै अतुलनीय मूल्य (Universal outstanding value) रहेको भनी विश्व सम्पदा मानिएको स्थानको संरक्षणमा प्रतिकुल असर पर्ने गरी निजी उद्योग स्थापना गर्ने

कार्यलाई स्वीकृति प्रदान गर्नु सविधान र कानूनी व्यवस्था समेतको प्रतिकुल कार्य हो। लुम्बिनी क्षेत्रमा रहेका ६१ भन्दा बढी प्रदूषणजन्य उद्योगहरू स्थानान्तरण नभएबाट भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको ऐतिहासिक, धार्मिक तथा पुरातात्विक अस्तित्व खतरामा पर्नुका साथै त्यस क्षेत्रमा बसोवास गर्ने जनताको स्वास्थ्यमा समेत प्रतिकुल असर परेको अवस्था छ।

४९. लुम्बिनी बाहेक कपिलवस्तु तिरौलाकोट, कुडॉन, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, देवदह, नवलपरासीको रामग्राम लगायतका स्थलहरू पनि भगवान् गौतम बुद्धसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भएकोले यी सम्पूर्ण स्थलहरूको आफ्नै महत्त्व रहेको छ। उल्लिखित स्थान मध्ये तिरौलाकोट र रामग्राम क्षेत्रहरूलाई युनेस्कोको विश्व सम्पदाको सम्भावित सूची (tentative list) मा समेत समावेश गरिसकेको अवस्था छ। यस्ता धार्मिक, संस्कृतिक एवं पुरातात्विक महत्त्व भएका स्थानहरुमा प्रदूषणजन्य उद्योग स्थापना गर्ने कार्यलाई उद्योग विभागले धमाधम स्वीकृति प्रदान गर्दै गएको अवस्था छ। जैविक विविधताको लागि पनि लुम्बिनी अत्यन्त महत्त्वपूर्ण रहेको छ। विभिन्न पुरातत्वविद तथा वैज्ञानिकहरूको अनुसार लुम्बिनी क्षेत्र वरपरका प्रदूषणजन्य उद्योगबाट निस्कने प्रदूषित हावा तथा रासायनिक पदार्थले गर्दा लुम्बिनी स्थित प्राचीन मूर्ति, अशोक स्तम्भ र मार्कर स्टोनमा जैविक तथा रासायनिक रोग तथा असर देखिएको छ। यस क्षेत्रमा रहेका उद्योगहरूले जल, वायु र ध्वनी तिनै किसिमको प्रदूषण गरेको पाइएको छ। विश्व स्वास्थ संगठनले लुम्बिनी क्षेत्रमा वायु प्रदूषणको मात्रा २७० माईक्रो ग्राम पर किउविक मिटर (ug/m3) रहेको र उक्त मात्रा तोकिएको मापदण्ड भन्दा ११ गुणा बढी भएको जनाएको छ। औद्योगिक प्रवर्द्धन बोर्डको १९० बैठकले लुम्बिनी क्षेत्रको संरक्षणका निम्ति निर्मित घेरा पर्खालको पूर्व पश्चिम तथा उत्तरतर्फ घेरा पर्खाल देखि १५ किलोमिटर दूरीभित्र साथै लुम्बिनी सडकको दायाँबायाँ ८०० मिटर भित्र कार्बन उत्सर्जन गर्ने उद्योगहरू स्थापना गर्न नदिने भनी मिति २०६६।०८।१२ मा निर्णय भएको छ। तर बोर्डको निर्णय विपरीत हुने गरी उद्योग स्थापनाको लागि स्वीकृत प्रदान गर्ने कार्यले निरन्तरता पाईरहेको छ। यसरी औद्योगिक प्रवर्द्धन बोर्डको निर्णय विपरित प्रदूषणजन्य विभिन्न उद्योगहरु स्थापनार्थ भएका निर्णय, स्वीकृति तथा उद्योग दर्ता प्रमाणपत्रहरु लगायतका सम्पूर्ण काम कार्वाहीहरु उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ। साथै प्रदूषणजन्य उद्योगहरूलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी

लुम्बिनी, तिरौलाकोट, कुडान, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, शिसाहानिया देवदह, रामग्राम क्षेत्र वरिपरि रहेका बुद्ध कालीन पुरातात्विक महत्त्वका स्थलहरूलाई असर पर्ने गरी २० किलोमिटर दूरीभित्र कार्बन उत्सर्जन गर्ने कुनै पनि प्रदूषणजन्य उद्योग स्थापना गर्न इजाजत पत्र नदिनु, नदिलाउनू, हालसम्म अनुमति दिईसकेका उद्योगहरूको अनुमति पत्र बदर गरी ती उद्योगहरू समेतलाई उपयुक्त स्थानमा स्थानान्तरण तथा उक्त क्षेत्रहरूलाई प्रदूषणजन्य उद्योग मुक्त क्षेत्र घोषणा गरी Greater Lumbini परियोजना तत्काल कार्यान्वयन गर्नु गराउनु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन रहेको देखिन्छ।

५०. उद्योग स्थापना गर्दा विभिन्न कानूनी प्रक्रियाहरु अवलम्बन गरेर मात्र स्थापना गर्न सकिन्छ। त्यस्ता कानूनी प्रक्रियाहरुले वातावरण संरक्षण, प्राकृतिक एवं सांस्कृतिक सम्पदाको संरक्षण हुने गरी अत्यन्तै संवेदनशील रुपमा उद्योग कलकारखाना स्थापना गर्न निर्देशित गरेका हुन्छन्। वातावरण संरक्षण ऐन, नियमावली, औद्योगिक व्यवसाय सम्बन्धी ऐन, नियमावली समेतमा सो विषयमा पर्याप्त प्रावधान रहेका छन्। सो कानूनी प्रावधान बमोजिम नै तोकिएका मापदण्ड पूरा गरेपछि मात्र उद्योग स्थापना हुन सक्छन्। उल्लिखित मध्ये कुन कानूनी प्रावधान विपरितको काम कुरा भएको भन्ने सम्बन्धमा निवेदनमा उल्लेख भएको छैन। लुम्बिनी क्षेत्रमा प्रदूषण बढनुको एक मात्र कारण त्यहाँ स्थापना भएका उद्योग कलकारखाना नभई भारतीय सिमाबाट बहने प्रदूषित वायूसमेत यसको कारक तत्वको रुपमा रहेको छ। निवेदकले उद्योग स्थापनार्थ दिएको स्वीकृति नेपालको संविधान कानूनी व्यवस्था र अन्तराष्ट्रिय कानूनको प्रतिकुल बताइएको भएता पनि सो स्वीकृति के कति कारणले के कुन कानूनी व्यवस्थाको विपरित छ भन्ने विषयमा रिट निवेदन अनुत्तरित रहेको छ। संचालित उद्योगहरुले प्रचलित नेपाल कानूनले निर्दिष्ट गरेको सम्पूर्ण कानूनी प्रकृया पुरा गरी स्थापना भएका हुन। तिलौराकोट र रामग्रामलाई सम्भावित विश्व सम्पदाको सूची (tenative list) मा समावेश गरेको अवस्थामा त्यस क्षेत्रको प्रवर्द्धन तथा संरक्षण हुनु पर्छ भन्ने कुरामा विमति हुन सक्दैन। तर प्रवर्द्धन र संरक्षण भनेको केबल सो क्षेत्रमा संचालित उद्योग बन्द गर्नु वा भएका उद्योगलाई स्थानान्तरण गर्नु हो भनी अर्थ गर्न मिल्दैन। उद्योग व्यवसाय सञ्चालन गरिएबाट हजारौ मानिसहरुले रोजगारी पाएका छन भने राज्यले अर्बौ राजश्व संकलन गरेको छ। उद्योग व्यवसाय भनेको राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड हो।

वातावरणीय कानूनको मकसद (intention) भनेको उद्योग बन्द गर्नु नभै दिगो विकास (sustainable development) गर्नु भन्ने हो। यसको अर्थ उद्योग सञ्चालन र वातावरण संरक्षणलाई संगसंगै लग्नु भन्ने हुन्छ। लुम्बिनी क्षेत्रमा संचालित उद्योगहरु वातावरण संरक्षणको विषयमा सचेत रहेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन भन्ने प्रत्यर्थीहरुको लिखितजवाफ रहेको देखियो।

५१. उरोक्तानुसारको तथ्य एवं निवेदन जिकिर रहेको प्रस्तुत रिट निवेदनमा दुवै पक्षका कानून व्यवसायीहरु तथा सरकारी वकिलसमेतको बहस सुनी निवेदक तथा विपक्षीहरुबाट पेश हुन आएको लिखित बहसनोट र मिसिल संलग्न सम्पूर्ण कागजातहरुको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा देहायका प्रश्नहरुको निरुपण गर्नु पर्ने देखिन आयो।

(क) ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृति तथा वातावरणीय र जैविक विविधताको दृष्टिकोणबाट लुम्बिनी क्षेत्रको कस्तो महत्त्व रहेको छ?

(ख) नेपालको संविधान तथा कानूनले धार्मिक, सांस्कृतिक सम्पदा तथा वातावरण संरक्षण सम्बन्धी कस्तो व्यवस्था गरेको छ?

(ग) लुम्बिनी क्षेत्रमा स्थापना भएका धुलो, धुवाँ, प्रदूषण, रासायनिक पदार्थ उत्सर्जन गर्ने उद्योगधन्दा, कलकारखाना तथा अत्याधिक भार वहन गर्ने सवारीको आवतजावतबाट त्यस क्षेत्रको वातावरण तथा विश्व सम्पदामा के-कस्तो असर पुगेको छ?

(घ) प्रस्तुत विवादमा रिट निवेदकको माग बमोजिम आदेश जारी गर्नु पर्ने अवस्था हो वा होइन? विपक्षीहरुको नाममा अन्य कुनै आदेश वा निर्देश जारी गर्नु पर्ने अवस्था छ वा छैन?

५२. निरुपण हुनुपर्ने उल्लिखित पहिलो प्रश्न ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा वातावरणीय र जैविक विविधताको दृष्टिकोणबाट लुम्बिनी क्षेत्रको कस्तो महत्त्व रहेको छ ? भन्ने तर्फ विचार गर्दा विश्वमा रहेका सीमित विश्व सम्पदाहरुमध्ये लुम्बिनी एक अत्यन्तै महत्त्वपूर्ण तथा अनुपम स्थलका रूपमा स्थापित रहेको छ। बुद्ध जन्मस्थलका रूपमा विश्वव्यापी रूपमा मान्यता प्राप्त लुम्बिनी केबल अर्बौं मानिसहरुको धार्मिक आस्थाको केन्द्र मात्र नभई मानव सभ्यता, शान्ति र अहिंसाको सन्देश बोकेको

ऐतिहासिक धरोहर हो। गौतम बुद्ध लुम्बिनीमा जन्मिएको सम्बन्धमा सबै भन्दा आधिकारिक ईसा पूर्व छैटौं शताब्दीमा सम्राट अशोकले लुम्बिनीमा स्थापना गरेको अशोक स्तम्भमा उत्कीर्ण अभिलेखले पुष्टि गर्दछ। उक्त स्तम्भमा ब्राह्मी लिपीमाः

(𑀤𑁂𑀯𑀸𑀦𑀁𑀧𑀺𑀬𑁂𑀦𑀧𑀺𑀬𑀤𑀲𑀺𑀦𑀮𑀸𑀚𑀺𑀦𑀯𑀻𑀲𑀢𑀺𑀯𑀲𑀸𑀪𑀺𑀲𑀺𑀢𑁂𑀦

𑀅𑀢𑀦𑀆𑀕𑀸𑀘𑀫𑀳𑀻𑀬𑀺𑀢𑁂𑀳𑀺𑀤𑀩𑀼𑀥𑁂𑀚𑀸𑀢𑁂𑀲𑀓𑁆𑀬𑀫𑀼𑀦𑀻𑀢𑀺

𑀲𑀺𑀮𑀸𑀯𑀺𑀕𑀟𑀪𑀻𑀘𑀸𑀓𑀸𑀮𑀸𑀧𑀺𑀢𑀲𑀺𑀮𑀸𑀣𑀪𑁂𑀘𑀉𑀲𑀧𑀸𑀧𑀺𑀢𑁂

𑀳𑀺𑀤𑀪𑀕𑀯𑀁𑀚𑀸𑀢𑁂𑀢𑀺𑀮𑀼𑀁𑀫𑀺𑀦𑀺𑀕𑀸𑀫𑁂𑀉𑀩𑀮𑀺𑀓𑁂𑀓𑀝𑁂

𑀅𑀞𑀪𑀸𑀕𑀺𑀬𑁂𑀘[1] ) लेखिएको छ। जहाँ भनिएको छ, "देवताहरूका प्रिय प्रियदर्शी (अशोक) राजा राज्यकालको बीसौं वर्षमा आफै आउनु भयो। यहाँ शाक्यवंशी बुद्ध जन्म भएकोले (बुद्ध जन्म) संकेतक शिलामा पूजागरी यो शिलास्तम्भ स्थापना गर्नुभयो। यहाँ भगवान् को जन्म भएकोले लुम्बिनी गाउँलाई बलि (कर) घटाई आठौं भागमात्र कायम गर्नुभयो" भनी लेखिएको पाइन्छ।

५३. गौतम बुद्ध स्वंयमले लुम्बिनी क्षेत्रको प्रशंगमा "Ananda, this place (Lumbini) is where the Tathagata was born, this is a place which should be (visited and) seen by a person of devotion and which will cause awareness and apprehension of the nature of impermanence. At this place, Ananda, those who are on a pilgrimage to (this) shrine, if they should die with devotion in their hearts during the course of the pilgrimage, will after (their) death and dissolution of the body be reborn in a good destination, a fortunate celestial (deva) realm."[2] भन्नु भएको भनी उल्लेखित छ। जसको अर्थ आनन्द, लुम्बिनी तथागतको जन्मस्थल हो। यो श्रद्धा र भक्ति भएका व्यक्तिले अवश्य भ्रमण गर्नुपर्ने पवित्र स्थान हो, जसले अनित्यताको बोध गराउँछ। यस

---

[1] E. HULTZSCH, *INSCRIPTIONS OF ASOKA* vol. I (Corpus Inscriptionum Indicarum) 164-165 (Oxford Univ. Press 1925). - (A) When king Devanampriya Priyadarśin had been anointed twenty years, he came himself and worshipped (this spot), because the Buddha Śakyamuni was w born here. (B) (He) both caused to be made a stone bearing a horse (?) and caused a stone pillar to be set up, (in order to show) that the Blessed one was born here. (C) (He) made the village of Lummini free of taxes, and paying (only) an eighth share (of the produce)

[2] Lumbini Nepal: The Birthplace of Lord Buddha and the Fountain of Buddhism and World Peace (Gov't of Nepal, Ministry of Culture, Tourism & Civil Aviation & Lumbini Dev. Trust 2019), https://lumbinidevtrust.gov.np/upload_file/files/post/1720177457_478288220_Lumbini%20Nepal_Coffee%20Table%20Book.pdf (last visited Jan. 15, 2026) ; see also, Last Days of the Buddha: The Mahāparinibbāna Sutta 62–63 (Sister Vajirā & Francis Story trans., rev. ed., Buddhist Publication Society 2015).

तीर्थयात्रामा श्रद्धासहित मृत्यु प्राप्त गर्नेहरू मृत्यु पश्चात् शुभ गन्तव्य, अर्थात् दिव्य लोकमा पुनर्जन्म प्राप्त गर्छन् भनी महापरिनिर्वाण सूत्रमा वर्णन गरेको देखिन्छ। त्यस्तै गौतम बुद्धले लुम्बिनी क्षेत्रका बारेमा गरेको थप वर्णनमा "जब म रहनेछैन, हे आनन्द! आस्थावान मानिसहरू श्रद्धा, जिज्ञासा र भक्तिभावका साथ त्यो स्थानमा दर्शन गर्न आउनेछन्। लुम्बिनी, जहाँ मेरो जन्म भएको थियो। परम शान्तितर्फ जाने मार्ग आध्यात्मिक अनुशासन हो"[3] भनेको पाइन्छ।

५४. ईसा पूर्व 350 - 375 CE मा चीनबाट पहिलो यात्री Zhi Sengzai ले लुम्बिनी भ्रमण गरेको र उक्त भ्रमणको क्रममा Zhi Sengzai ले लुम्बिनीको यसरी वर्णन गरेका छन्:- "The marvellous tree, which the excellent queen grasped when the Buddha was being born, is called xuhe (a) shoka. King Ashoka made a statue of the queen, in the act of grasping [the tree] and giving birth to the prince, out of lapis lazuli. When the old tree had no more offshoots, all the shramata took the old trunk and planted it; and over and over again it continued itself till the present time. The branches of the tree still shelter the stone statue".[4] सोही अनुरुप 5th century CE मा Faxian[5] र seventh century CE मा Xuanzang[6] नाम गरेका भिक्षुहरुले लुम्बिनीको भ्रमण गरी यस पवित्र स्थलको बारेमा वर्णन गरेको पाईन्छ। सन् १३१२ मा पश्चिम नेपालका कर्णाली क्षेत्रका राजा रिपु मल्लले लुम्बिनीको भ्रमण गरी आफ्नो तीर्थयात्राको स्मरणस्वरूप अशोक स्तम्भमा "ॐ मणि पद्मे हुम् रिपु मल्ल चिरं जयतु" भन्ने अभिलेख उल्लेख गरेको पाइन्छ।

५५. यसपछि लामो समयसम्म लुम्बिनी क्षेत्र ऐतिहासिक रूपमा ओझेलमा परे पनि सन् १८९६ मा पाल्पाली गभर्नर जनरल खड्ग शम्शेर र भारतका पुरातात्विक सर्भेयर एलोइस फुहररले अशोक स्तम्भ पुनः पत्ता लगाएपछि लुम्बिनीको ऐतिहासिक पहिचान पुनः उजागर भएको उल्लेख छ। तत्पश्चात् सन् १८९९ मा पुरातत्वविद् पि. सि. मुखर्जीले भगवान् बुद्धको जन्मस्थलमा उत्खनन् कार्य गरी मायादेवीको मूर्ति पहिचान

---

[3] लुम्बिनी विकास कोष (प्रकाशक), भगवान् शाक्यमुनि बुद्धको पवित्र जन्मस्थल लुम्बिनी, नेपाल (वि.सं. २०४२), https://lumbinidevtrust.gov.np/upload_file/files/post/1719639358_600923822_Greate%20Lumbini%20Nepali.pdf (last visited Jan. 22, 2026). - (After I am no more, O Ananda! Men of belief will visit the place with faith, Curiosity and devotion…… Lumbini, the place where I was born. The path to ultimate peace is spiritual discipline)

[4] Kai Weise, *The Sacred Garden of Lumbini: Perceptions of Buddha's Birthplace* 49 (United Nations Educational, Scientific and Cultural Organization ed., 2013).

[5] Id.at 51.

[6] Id.at 52.

गर्नुका साथै मन्दिरसँग सम्बन्धित केही भग्नावशेषहरू उत्खनन् भएको पाइन्छ। सन् १९६० को दशकदेखि भने संयुक्त राष्ट्र संघसहित विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूको सहयोग र सहकार्यमा नेपाल सरकारले विशेष महत्त्वका साथ लुम्बिनी क्षेत्रमा आवश्यक संरचनाहरू निर्माण गर्दै उत्खनन, संरक्षण र संवर्द्धनको कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्न थालेको पाइन्छ। सन् १९८५ देखि स्वायत्त निकायका रूपमा लुम्बिनी विकास कोषको गठन भएपछि लुम्बिनी क्षेत्रको उत्खनन, संरक्षण र प्रवर्द्धनको कार्य कोषले नै निरन्तर रूपमा गर्दै आएको देखिन्छ। साथै, सन् १९९२ देखि १९९६ सम्म लुम्बिनी विकास कोष, नेपाल सरकारको पुरातत्व विभाग तथा जापान बौद्ध महासंघले संयुक्त रूपमा मायादेवी मन्दिर परिसरमा विस्तृत उत्खनन् कार्य सम्पन्न गरेको देखिन्छ[7]। यसरी लुम्बिनीक्षेत्र पुरातात्विक महत्त्वको स्थल भएको अवस्थामा लुम्बिनीलाई विश्व सांस्कृतिक सम्पदा सूचीमा सन् १९९७ मा सूचीकृत गरिएको पाइन्छ। यसलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्दा युनेस्कोले लिएका मुख्य आधारहरूमा दुईवटा[8] मापदण्ड प्रमुख छन्ः

> **Criterion (iii):** As the birthplace of the Lord Buddha, testified by the inscription on the Asoka pillar, the sacred area in Lumbini is one of the most holy and significant places for one of the world's great religions.
>
> **Criterion (vi):** The archaeological remains of the Buddhist viharas (monasteries) and stupas (memorial shrines) from the 3rd century BC to the 15th century AD, provide important evidence about the nature of Buddhist pilgrimage centres from a very early period.

UNESCO ले लुम्बिनी क्षेत्रलाई ब्रह्माण्डकै अतुलनीय मूल्यको रुपमा परिभाषित गरेको छ। जसको अर्थ "अनुपम विश्वव्यापी महत्त्वले त्यस्तो सांस्कृतिक र / वा प्राकृतिक महत्त्वलाई जनाउँछ जुन यसको विशिष्टताको कारणले राष्ट्रिय परिधिभन्दा बाहिरसमेत विस्तारित भई सारा मानव जगतको वर्तमान एवं भविष्यका पुस्ताहरूका लागि समेत साझा महत्त्वको भएर रहेको हुन्छ। यसर्थ, यस्तो महत्त्वले युक्त सम्पदाहरूको स्थायी संरक्षण गर्नु समग्र अन्तराष्ट्रिय जगतको लागि अति महत्त्वपूर्ण कुरा हो"[9]। सोही अनरुप

---

[7] लुम्बिनी विकास कोष, Supra note 3.

[8] Lumbini, the Birthplace of the Lord Buddha, UNESCO World Heritage Centre, https://whc.unesco.org/en/list/666/ (last visited Jan. 20, 2026).

[9] *युनेस्को* (UNESCO), *विश्व सम्पदा महासन्धिको कार्यान्वयनका लागि कार्य–सञ्चालन निर्देशिका* (Operational Guidelines for the Implementation of the World Heritage Convention), *नियम २.क,नं.४९, पेज १३* WHC.11/01 *(नोभेम्बर २०११) (विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि गठित अन्तरसरकारी समिति तथा विश्व सम्पदा केन्द्र)।*

लुम्बिनीमा UNESCO द्वारा स्थापित ताम्रपत्रमा " Lumbini, the birthplace of Lord Buddha has been inscribed on the World Heritage List. This Heritage Site is of exceptional universal value which deserves protection for the benefits of humanity" उल्लेख गरिएबाट लुम्बिनीक्षेत्र विश्वको लागि ऐतिहासिक तथा पुरातात्विक हिसाबले ब्रह्माण्डकै अतुलनीय मूल्य (Outstanding Universal Value) भएको सम्पदा रहेको तथ्य प्रमाणित हुन्छ।

५६. लुम्बिनीको ऐतिहासिक तथा पुरातात्विक महत्त्वसँगै यसको धार्मिक तथा सांस्कृतिक महत्त्व पनि अत्यन्तै गहिरो र व्यापक रहेको छ। भगवान् गौतम बुद्धको जन्मस्थल भएकाले लुम्बिनी क्षेत्र विश्वभरिका अर्बौं बौद्ध धर्मावलम्बी तथा शान्तिप्रेमी मानिसहरूको आस्थाको केन्द्रका रूपमा स्थापित रहेको छ। बौद्ध धर्मको अलावा हिन्दु धर्ममा समेत बुद्धलाई भगवान् विष्णुको नवौं अवतारका रूपमा मानिने भएकाले लुम्बिनीको धार्मिक महत्त्व बहुआयामिक रहेको देखिन्छ। लुम्बिनी क्षेत्रमा विभिन्न देशहरूद्वारा निर्माण गरिएका बौद्ध मठ, स्तूप तथा ध्यान केन्द्रहरूले धार्मिक साधना, अध्ययन र सांस्कृतिक आदान प्रदानका लागि अनुकूल वातावरण सिर्जना गरेको छ। जसका कारण लुम्बिनीले नेपाल मात्र नभई विश्वभरिका तीर्थयात्री र धर्म अनुसन्धानकर्तालाई आकर्षित गर्दै धार्मिक पर्यटनको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। लुम्बिनी भगवान् बुद्ध तथा बौद्ध धर्मको जन्मस्थलका रूपमा मात्र होइन, एशियाको ज्योति (Light of Asia) का रूपमा चिनिने भगवान् बुद्धको शान्ति, करुणा र अहिंसाको सन्देश बोकेको विश्वशान्तिको प्रतीकका स्थल रहेको छ। लुम्बिनी क्षेत्रको ऐतिहासिक सांस्कृतिक तथा पुरातात्विक महत्त्वका सम्बन्धमा काशी दाहाल वि. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय समेतको मुद्दामा[10] "....महान विभूति गौतम बुद्धको जन्मस्थल लुम्बिनीको विकास निर्माणको क्रममा जन्मस्थल स्थित मायादेवीका मन्दिरको पुनः निर्माणको सिलसिलामा भएको उत्खनन् र अन्वेषणको कार्य सार्वजनिक महत्त्व तथा चासोको विषय रही आएको छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनी ऐतिहासिक सांस्कृतिक तथा पुरातात्विक महत्त्वको स्थल हुनाको साथै र यस प्रति गहिरो धार्मिक भावनात्मक सम्बन्ध पनि रहि आएको छ..." भनी यस अदालतबाट व्याख्या भएको पाइन्छ।

[10] ने.का.प. २०५३, अङ्क ७, नि.नं. ६२३१

यसबाट लुम्बिनी क्षेत्र ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा सार्वजनिक महत्त्व र सरोकार (Public Interest Litigation) बोकेको क्षेत्र रहेको स्पष्ट हुन्छ।

५७. लुम्बिनी भू-भाग ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक महत्त्व बोकेको क्षेत्रका साथ साथै वातावरणीय तथा जैविक विविधताका हिसाबले पनि महत्त्वपूर्ण मानिन्छ। लुम्बिनी पवित्र उद्यान क्षेत्रमै ३५४ प्रजातिका वनस्पति पाइने गरेको र लुम्बिनी क्षेत्रमा ३९ प्रजातिका वन्यजन्तु अभिलेखित छन्। नेपालमा यहीँ मात्र पाइने Indian-eyed Turtle तथा Nepalese Fan-Throated Lizard को बासस्थानका रूपमा पनि लुम्बिनी प्रसिद्ध छ। यस क्षेत्रमा हालसम्म ४२१ प्रजातिका चराहरू पहिचान गरिएका छन्। त्यस मध्ये १८ वटा विश्वस्तरमा संकटग्रस्त चरा प्रजातिको बासस्थान पनि पर्दछ। साथै, लुम्बिनी नेपालकै सबैभन्दा ठूलो एसियाली Openbills colony का रूपमा पनि प्रसिद्ध छ। जहाँ करिब ५०० जोडी Openbills पाइन्छन्[11]। संसारकै सबैभन्दा अग्लो उड्ने चरा सारस लुम्बिनीको प्रतीक नै बनेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ ले संरक्षण गर्नुपर्ने अत्यावश्यक वन्यजन्तु सूचीमा सारस चरा सूचीकृत रहेको छ। सारस (Sarus Crane) नेपालमा संरक्षित नौ प्रजातिका जलचर चरामध्ये एक पर्छ। लुम्बिनी क्षेत्रमा यसको संख्या अरू ठाउँको तुलनामा बढी भएकाले यसको संरक्षण विशेष रूपमा आवश्यक छ। सारसको संरक्षणले खेतीयोग्य क्षेत्रको जैविक विविधता जोगाउन मद्दत गर्छ। यससँगै यसले सांस्कृतिक सम्पदाको संरक्षण गर्न र मानिस तथा वातावरण दुवैका लागि फाइदाजनक दिगो कृषिलाई प्रोत्साहन गर्न सहयोग पुऱ्याउँछ[12] भनिएको छ। लुम्बिनी क्षेत्र भित्र रहेको जगदीशपुर ताल करिब २२५ हेक्टर क्षेत्रफलमा फैलिएको रामसार क्षेत्रमा सूचीकृत रहेको छ[13]। नेपाल सरकारले सिमसार क्षेत्रको संरक्षण गर्ने प्रतिबद्धता सहित सीमसार सम्बन्धमा रामसार महासन्धि १९७१ (Ramsar Convention on Wetlands, 1971) अनुमोदन गरेबाट सिमसार क्षेत्रको संरक्षण गर्न नेपाललाई दायित्व सुम्पेको छ। IUCN ले सन् १९९८ मा गरेको सर्वेक्षण अनुसार लुम्बिनीमा १६ सिमसार क्षेत्र रहेका छन्। लुम्बिनीको सिमसार क्षेत्रमा विश्वमा नै लोपोन्मुख मानिने जंगली धान (wild rice) को

[11] GOV'T OF NEPAL, supra note 2, at 120 -23

[12] Bishnu Prasad Bhattarai et al., *Knowledge, Attitudes, and Conservation Threats to Globally Vulnerable Sarus Cranes in Lumbini Province, Nepal*, 2 DISCOVER CONSERVATION 15 (2025), https://doi.org/10.1007/s44353-025-00034-2

[13] GOV'T OF NEPAL, supra note 2, at 120 -23

विभिन्न प्रजातिहरु पाइन्छ र यसको संरक्षण गर्न सिमसार बचाउनु पर्दछ[14] भनिएको छ। नेपाल पक्ष भएको जैविक विविधता सम्बन्धी महासन्धि, १९९२ ले समेत नेपाल सरकारलाई जैविक विविधता संरक्षण गर्नु पर्ने दायित्व सुम्पेको छ। प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाडौंसमेतको रिट निवेदनमा[15] प्रकृतिका हरेक सिर्जना वा वस्तुको अस्तित्व रहिरहनुमा आ-आफ्नै प्राकृतिक कारण र महत्त्व हुन्छ। हरेक वस्तुको पृथकपृथक मूल्य र मान्यता रहेको हुन्छ । कसैको निहित उद्देश्य वा आर्थिक स्वार्थका निमित्त प्राकृतिक मूल्य मान्यता भत्काउने कुरा स्वीकार्य हुन सक्दैन। प्रकृतिको पहिचान र अस्तित्वसँग जोडिएर रहेका हावा, पानी, वनजंगल र जैविक विविधता जस्ता विषयहरू कुनै एक पुस्तामात्रका लागि बनेका होइनन्। तिनको कुनै पनि बहानामा क्षयिकरण हुन दिनु हुँदैन। विकासको नाममा प्रकृति तथा यसका अवयवहरूको आधारभूत स्वरूप वा मान्यता समाप्त गर्ने छुट कसैलाई पनि हुँदैन।...गोदावरी क्षेत्रको धार्मिक र सांस्कृतिक सम्पदा, जैविक विविधता, लोप हुने अवस्थामा रहेका चराचुरूङ्गी, पुतली, वनस्पति, पारिस्थितिकीय प्रणाली तथा प्राकृतिक सौन्दर्यताको कुनै मूल्य छैन। यस्ता अमूल्य प्राकृतिक सम्पदाहरू सुदूर पुस्तासम्मका लागि संरक्षणीय र संग्रहणीय हुँदा मार्वल होइन सुन वा हिरा नै पाइन्छ भने पनि गोदावरी जस्तो जैविक विविधताको संजीवनी पहाड खोस्रन र भत्काउन नपाइने" भन्ने सिद्धान्त प्रतिपादित भएको देखिन्छ। त्यसैले लुम्बिनी क्षेत्रको वातावरणीय तथा जैविक विविधताको महत्त्वका कारण यसको संरक्षण संवर्द्धन हुनु जरुरी देखिन्छ।

५८. यसरी हेर्दा लुम्बिनी क्षेत्र ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक साथै प्राकृतिक तथा जैविक विविधताको दृष्टिले अत्यन्तै बहुआयामिक र अनुपम महत्त्व बोकेको स्थल रहेको देखिन्छ। भगवान् गौतम बुद्धको जन्मस्थलका रूपमा लुम्बिनी विश्व शान्ति, करुणा र अहिंसाको सन्देश फैलाउने मानव सभ्यताको साझा धरोहर बनेको छ भने अशोक स्तम्भ, मायादेवी मन्दिरलगायतका लुम्बिनी क्षेत्र भरी छरिएर रहेका पुरातात्विक अवशेषहरूले यसको ऐतिहासिकता प्रमाणित गर्दछ। विभिन्न धर्म, संस्कृति र राष्ट्रलाई एकै थलोमा जोड्ने केन्द्रका रूपमा लुम्बिनीले धार्मिक सहिष्णुता र सांस्कृतिक सद्भावलाई बलियो बनाएको छ। यससँगै सिमसार क्षेत्र, दुर्लभ वनस्पति, वन्यजन्तु र

---

[14] Mohan Siwakoti & Sagendra Tiwari, *Emerging Needs of Wetlands Protection for the Conservation of Wild Rice Biodiversity in Nepal: A Case Study from Lumbini Area*, 5 SCI. WORLD no. 5, at 95 (June 2007).
[15] ने.का.प. २०७३, अङ्क ४, नि.नं. ९५७५

संकटग्रस्त चराहरूको बासस्थानका कारण लुम्बिनी जैविक विविधताको हिसाबले पनि महत्त्वपूर्ण क्षेत्र रहेको छ। त्यसैले वर्तमान तथा भावी पुस्ताका लागि यस क्षेत्रको संरक्षण, संवर्द्धन र दिगो व्यवस्थापन गर्नु नेपालको मात्र नभई सम्पूर्ण विश्वभरिका मानव समुदायको साझा दायित्वको रुपमा रहने देखिन्छ ।

५९. निरुपण हुनुपर्ने दोश्रो प्रश्न नेपालको संविधान तथा कानूनले धार्मिक, सांस्कृतिक सम्पदा तथा वातावरण संरक्षण सम्बन्धी कस्तो व्यवस्था गरेको छ? भन्ने तर्फ विचार गर्दा नेपालको संविधानको धारा २६ अनुसार प्रत्येक धार्मिक सम्प्रदायलाई आफ्नो धार्मिक स्थलको संरक्षण गर्ने हक हुनेछ भनी व्यवस्था गरेको छ। धारा ३० ले स्वच्छ एवम् स्वास्थ्य वातावरणमा बाँच्न पाउँने हक प्रत्येक व्यक्तिलाई प्रत्याभूत गरेको छ । धारा ३२ ले प्रदत्त गरेको भाषा तथा संस्कृति सम्बन्धी हक अनुसार नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ।यी मौलिक हकहरुको कार्यान्वयनमा यस अदालतले प्रभावकारी भूमिका खेलिरहेको र यस रिट निवेदनसंग सम्बन्धित विषयमा स्वामी सम्बुद्धसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाडौं समेतको मुद्दामा[16] धर्म संस्कृति व्यक्ति एवं समाजको पहिचान हो। धर्म संस्कृतिद्वारा समाज निर्देशित र नियन्त्रितसमेत हुन्छ। मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी आएको हुन्छ। धर्म संस्कृतिको धरोहरका रूपमा धार्मिक स्थल, धार्मिक गुठीहरू रहेका छन्। यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन जान्छ। परम्परादेखि चलि आएको प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार (right to life) कै रूपमा रहन जाने हुन्छ सांस्कृतिक , धार्मिक सम्पदाले इतिहास बोलिरहेका समेत हुन्छन्। यसबाट नै व्यक्ति एवं समाज अपनत्व, जिम्मेवारी, उत्तरदायित्व, नैतिकता, मानवीयता जस्ता तत्त्वले युक्त हुन जान्छ। धर्म, सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ। यसले समाजलाई संयमित एवं मर्यादित बनाउन मद्दत गर्ने" भन्ने व्याख्या भएको पाइन्छ। त्यस्तै अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाडौं समेतको मुद्दामा[17] "संविधानले प्रदत्त गरेको संस्कृति सम्बन्धी हक

[16] ने.का.प. २०७४, अङ्क ६, नि.नं. ९८२५

[17] ने.का.प. २०६४, अङ्क १०, नि.नं. ७८८५

र धर्म सम्बन्धी हक सम्बन्धित समुदाय वा सम्प्रदायका लागि हक हो भने त्यो राज्यका लागि कर्तव्य हुने" सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

६०. त्यस्तै नेपालको संविधानले सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धन गर्न राज्यका नीति तथा निर्देशक सिद्धान्तमा समेत व्यवस्था गरेको देखिन्छ। यस सम्बन्धमा नेपालको संविधानको धारा ५१(छ)(१) मा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्नेछ ।(५) ले जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासवाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्नेछ। (७) ले प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने छ भन्ने व्यवस्था रहेको छ। धारा ५१(ठ) मा नेपालमा ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक सम्पदाहरुको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्ने आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानिय जनतालाई प्राथमिकता दिने भन्ने व्यवस्था गरेको छ। त्यस्तै धारा ५०(२) ले धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाजको निर्माण गर्ने एवं राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित समाजिक सांस्कृतिक मूल्यहरुको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्य सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ भन्ने व्यवस्था रहेको पाईन्छ।

६१. यसरी नेपालको संविधानले प्रत्याभूत गरेको उल्लेखित अधिकारहरुको कार्यान्वयन गर्न विभिन्न ऐन तथा कानूनहरु जारी गरेको पाइन्छ। यस अन्तर्गत वातावरण संरक्षण ऐन,

२०५३ को दफा ९ ले राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ र सो प्रवधानलाई हाल प्रचलनमा रहेको वातावरण संरक्षण ऐन,२०७६ को दफा २९(१) समेतले निरन्तरता दिएको देखिन्छ। त्यस्तै ऐ.ऐन, २०७६ को दफा २९(२) ले राष्ट्रिय सम्पदाको संरक्षण गर्ने प्रयोजनको लागि सरोकारवाला निकायले अभिलेख तयार गर्नु पर्नेछ र सो अभिलेखमा नेपालभित्रका विश्व सम्पदा सूचीमा परेका वस्तु वा स्थलहरु समेत समावेश गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ। राज्यद्वारा संरक्षित भनेर तोकिएको स्थानको संरक्षण तथा संर्वद्धन गर्ने दायित्व राज्यको हुने भन्ने सम्बन्धमा धनञ्जय खनाल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा[18] "संरक्षित क्षेत्र भन्ने नामकरणले नै यी क्षेत्र अन्य क्षेत्रभन्दा संवेदनशील हुन् । यस्ता संवेदनशील क्षेत्र राष्ट्रिय मात्र नभै अन्तराष्ट्रिय महत्त्वका समेत भएकोले यी क्षेत्रको संरक्षण गर्नु राष्ट्रको प्रमुख दायित्व हुने" भनी सिद्धान्त प्रतिपादन भएको छ।

६२. वातावरण संरक्षण नियमावली,२०५४ को नियम ३०(१)(ङ) मा वातावारण संरक्षण क्षेत्रमा गर्न नपाइने कामका सम्बन्धमा ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरु विगार्न, फेर्न, नास्न, हटाउन, भत्काउन वा त्यस्ता स्थालहरुमा कुनै पोष्टर वा त्यस्तै अन्य कागजात वा चित्रहरु टाँस्न वा अरु कुनै प्रकारले हानी हुने काम गर्न नपाईने भन्ने व्यवस्थालाई हाल प्रचलनमा रहेको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३४(१)(ख) ले समेत निरन्तरता दिएको छ भन्ने सोही नियमावलीको नियम ३४(१)(ज) ले जैविक विविधतालाई प्रतिकूल असर पार्ने किसिमको कार्य गर्न रोक लगाएको पाइन्छ।

६३. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३घ अनुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएको प्राचीन स्मारकहरूको संरक्षण गर्ने जिम्मेवारी पुरातत्व विभागको हो भन्ने व्यवस्था गरेको देखिन्छ। प्राचीन स्मारकहरूको संरक्षण र ऐतिहासिक वस्तुहरूको संरक्षणसमेत गर्न बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ बमोजिम लुम्बिनी क्षेत्रलाई सरकारले संरक्षित क्षेत्र घोषणासमेत गरिसकेको छ । दफा ३क बमोजिम लुम्बिनी अन्तराष्ट्रिय महत्त्वको प्राचीन स्मारक र पुरातात्विक क्षेत्र हो।

[18] संवत् २०६० सालको रिट नं. ३४०१

योगी नरहरीनाथसमेत विरुद्ध सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेतको मुद्दामा[19] यस अदालतले "पुरातात्विक महत्त्वका वस्तु र सम्पदाको हेरविचार र संरक्षण सरकारको प्रमुख दायित्व हो। पुरातात्विक प्राचीन वस्तुको संरक्षण नगर्ने हो भने हाम्रो देशको प्राचीन सभ्यता र संस्कृति हामी आफैले बिर्सन सक्दछौं" भनी नेपाल सरकारले देवघाट क्षेत्रमा रहेको जमिनमा मेडिकल कलेज स्थापनार्थ गरेको निर्णयको विशेष कारण र आधार खुलाउन नसकेको देखिँदा उक्त निर्णय स्वेच्छाचारिपूर्ण रहेको भनी उक्त निर्णय बदर गरेको छ। सोही अनुरुप अरुण श्रेष्ठ समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार समेतको मुद्दामा[20] "प्राचीन सम्पदाको रूपमा रहेका सम्पत्तिहरूको संरक्षण गरी भावी पुस्तालाई सकुशल हस्तान्तरण गर्नु पर्दछ भन्ने उद्देश्य राखेर नै यस्तो सुरक्षात्मक तथा सम्बर्धनात्मक व्यवस्था गरिएका हुन्" भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ।

६४. त्यसैगरी लुम्बिनी विकास कोष ऐन, २०४२ अनुसार यस निवेदनका विपक्षीहरू मध्ये लुम्बिनी क्षेत्र विकास कोषको स्थापना गर्नुको प्रमुख कारण लुम्बिनी क्षेत्रको विकास गर्ने नेपाल सरकारको कटिवद्धतालाई विश्व जनसमक्ष प्रस्तुत गर्नु हो । उक्त ऐनको दफा २(क) अनुसार "लुम्बिनी विकास क्षेत्र" भन्नाले "भगवान् बुद्धको जन्मस्थल लुम्बिनी तथा भगवान् बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्राचीन कपिलवस्तु) गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, अरौराकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही) रामग्राम (नवलपरासी) समेतका क्षेत्रहरू तथा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका अन्य क्षेत्रहरू सम्झनु पर्छ," भनी परिभाषित गरिएको छ । यसरी लुम्बिनी बाहेक कपिलवस्तु तिरौलाकोट, कुडॉन, गोटीहवा, निग्लिहवा, सागरहवा, औरोराकोट, देवदह, नवलपरासीको रामग्राम लगायतका स्थलहरू पनि भगवान् गौतम बुद्धसँग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र भएकोले यी सम्पूर्ण स्थलहरूको आफ्नै महत्त्व रहेको छ। उल्लिखित स्थान मध्ये तिरौलाकोट र रामग्राम क्षेत्रहरूलाई नेपाल सरकारको सिफारिसमा युनेस्कोले विश्व सम्पदा सम्भावित सूची[21] (tentative list) मा समेत समावेश गरिसकेको अवस्था

[19] ने.का.प. २०५३, अंक १, नि.नं.६१२७

[20] ने.का.प. २०६४, अङ्क ११, नि.नं. ७९०३

[21] United Nations Educational, Scientific and Cultural Organization (UNESCO), Intergovernmental Committee for the Protection of the World Cultural and Natural Heritage, *Operational Guidelines for the Implementation*

देखिन्छ[22]। यस कोषको मुख्य उद्देश्य भगवान् बुद्धको जन्मस्थल लुम्बिनी तथा भगवान् बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्ध रहन गएका क्षेत्रहरूको विकास, संरक्षण र संवर्द्धन गर्ने देखिन्छ।

६५. नेपालले सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण गर्न सो सँग सम्बन्धित अन्तराष्ट्रिय महासन्धिहरुमा हस्ताक्षेर गरेको छ। युनेस्को विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि (Convention for the Protection of the World Cultural and Natural Heritage) लाई नेपालले सन् १९७८ मा अनुमोदन गरिसकेको सन्दर्भमा अतुलनीय महत्त्व भएका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्नु अन्तराष्ट्रिय क्षेत्र तथा सम्बन्धित राज्यको दायित्व हुने भन्ने देखिन्छ। विश्व सांस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धिको प्रस्तावनाले प्राकृतिक क्षयका कारण मात्र होइन, सामाजिक तथा आर्थिक परिस्थितिमा आएको परिवर्तनका कारण पनि सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू दिनानुदिन गम्भीर जोखिममा परिरहेका छन्। यस्ता परिवर्तनहरूले सम्पदामा हुने क्षति वा विनाशको सम्भावनालाई अझ तीव्र, जटिल र भयावह बनाइरहेका छन्[23]। यसका साथै, उनीहरूलाई खतरामा पारिरहेका नयाँ जोखिमहरूको व्यापकता र गम्भीरतालाई दृष्टिगत गर्दा, सम्पूर्ण अन्तराष्ट्रिय समुदायले असाधारण मूल्य भएका सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षणमा सहभागिता जनाउनु अपरिहार्य हुन्छ।[24] यसलाई रोक्न पक्ष राष्ट्रहरुले आफ्नो क्षेत्रभित्र अवस्थित सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धनका लागि प्रभावकारी तथा सक्रिय उपायहरू सुनिश्चित गर्नु पर्दछ[25] भनिएको छ। त्यस्तै विश्व सम्पदा महासन्धिको कार्यान्वयनका लागि जारी भएको कार्य सञ्चालन निर्देशिकाले अनुपन विश्वव्यापी महत्त्वयुक्त रहेको कुरा जनाउनका लागि उक्त सम्पत्तिले अखण्डता र / वा प्रमाणिकताका शर्तहरु पनि अनिवार्य रुपमा पूरा गर्नु पर्दछ र यसको जगेर्नालाई

---

*of the World Heritage Convention*, IIc, no.61WHC.25/01, at 27 (July 16, 2025). (A Tentative List is an inventory of those sites situated on its territory which each State Party considers suitable for nomination to the World Heritage List. States Parties should therefore include, in their Tentative Lists, details of those sites which they consider to be of potential Outstanding Universal Value and which they intend to nominate during the following years.)

[22] UNESCO World Heritage Centre, Tentative Lists – Nepal, Tentative List (last revised Jan. 30, 2008), UNESCO, https://whc.unesco.org/en/tentativelists/?action=listtentative&state=np&order=states (accessed Feb. 20, 2026).

[23] Convention Concerning the Protection of the World Cultural and Natural Heritage, pmbl., Nov. 16, 1972, 1037 U.N.T.S. 151.

[24] Id.

[25] Id.art. 5.

सुनिश्चित गर्नका लागि यसमा संरक्षण र व्यवस्थापनको यथोचित व्यवस्था हुनु पर्दछ[26] भनिएको छ। सोही अनुसार राष्ट्रिय तथा स्थानिय तहमा कानूनी तथा नियमका उपायहरुले सम्पत्तिलाई जीवित राख्ने र यसको अनुपन विश्वव्यापी महत्त्व तथा अखण्डता र / वा प्रमाणिकतामाथि नकारात्मक प्रभाव पार्न सक्ने विकास तथा परिवर्तनहरुबाट यसलाई सुरक्षित राख्ने कुरालाई सुनिश्चित गर्नुपर्दछ। राज्य पक्षले त्यस्ता उपायहरुको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनु पर्दछ[27] भनिएको छ। त्यस्तै अधिवक्ता प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाडौं समेतको मुद्दामा[28] रानीपोखरी क्षेत्रको संरक्षण गर्ने सम्बन्धमा "जहाँसम्म निवेदन जिकिरमा धार्मिक सांस्कृतिक ऐतिहासिक मान्यताको विषयका साथै वातावरण संरक्षण भन्ने विषयवस्तुको प्रश्नहरूमा आवश्यक संवेदनशील, मानवीय र राष्ट्रिय वा अन्तराष्ट्रिय महत्त्वको विषय देखिन आउँछ अन्तराष्ट्रिय स्तरमा सांस्कृतिक सम्पदा सम्वन्धी महासन्धी (Convention for The Protection of The World Cultural and Natural Heritage १९७२) को अनुमोदन नेपालले गरी सकेको स्थितिवाट नेपालको पतिवद्धता जाहेर हुन आउँछ । यस्ता विषयको महत्व अन्तरराष्ट्रिय स्तरसम्म बढेको मान्नु पर्दछ " भनी सिद्धान्त प्रतिपादन भएको छ।

६६. यसरी नेपालको संविधानले प्रत्याभूत गरेका धार्मिक स्वतन्त्रता, स्वच्छ वातावरणमा बाँच्ने हक तथा भाषा संस्कृतिको संरक्षणसम्बन्धी मौलिक हक, राज्यका नीति तथा निर्देशक सिद्धान्त, वातावरण संरक्षण ऐन तथा नियमावली, प्राचीन स्मारक संरक्षण ऐन, लुम्बिनी विकास कोष ऐन र नेपाल पक्ष राष्ट्र रहेको युनेस्को विश्व सम्पदा महासन्धिका प्रावधानहरूलाई समग्र रूपमा हेर्दा लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धन राज्यको संवैधानिक, कानूनी तथा अन्तराष्ट्रिय दायित्वका रूपमा स्पष्ट रूपमा स्थापित हुन्छ। **अतुलनीय विश्वव्यापी महत्त्व बोकेको यस क्षेत्रको ऐतिहासिक, पुरातात्विक, धार्मिक आस्था, सांस्कृतिक पहिचान प्राकृतिक तथा जैविक विविधतामा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधि रोक्नु राज्यको दायित्व तथा कर्तव्य हुन्छ। त्यसैले संविधान, प्रचलित कानून, यस अदालतबाट भएका न्यायिक दृष्टीकोण र अन्तराष्ट्रिय प्रतिबद्धताहरूको**

[26] UNESCO, Operational Guidelines, supra note 9, नियम २.घ, नं. ७८, पेज २०

[27] Id at नियम २.च, नं. ९८, पेज २३-२४

[28] ने.का.प. २०५४, अङ्क ६, नि.नं. ६३९१

**प्रभावकारी कार्यान्वयन गर्दै लुम्बिनी क्षेत्रलाई वर्तमान र भावी पुस्ताका लागि सुरक्षित र जीवन्त विश्व सम्पदाका रूपमा जोगाइराख्नु राज्य लगायत सबै सरोकार पक्षको अनिवार्य जिम्मेवारी रहेको देखिन्छ।**

६७. निरुपण हुनुपर्ने तेश्रो प्रश्न लुम्बिनी क्षेत्रमा स्थापना भएका धुलो, धुवाँ, प्रदूषण, रासायनिक पदार्थ उत्सर्जन गर्ने उद्योगधन्दा, कलकारखाना तथा अत्याधिक भारवहन गर्ने सवारी साधनको आवतजावतबाट त्यस क्षेत्रको वातावरण तथा विश्व सम्पदामा के-कस्तो असर पुगेको छ? भन्ने सम्बन्धमा विचार गर्दा रिट निवेदकले लुम्बिनी क्षेत्रका विभिन्न उद्योगहरुबाट उत्सर्जन[29] हुने धुलो, धुवाँ, प्रदूषण[30], रासायनिक पदार्थले विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रमा रहेको ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, प्राकृति सम्पदा तथा त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको स्वास्थ समेतलाई असर गरेको र विश्व सम्पदा लुम्बिनी कै अस्तित्वलाई नै खतरामा परेको हुँदा उक्त विश्व सम्पदाको संरक्षण गर्न त्यस क्षेत्रमा धुलो, धुवाँ, प्रदूषण, रासायनिक पदार्थ उत्सर्जन गर्ने उद्योगहरुको स्थान्तरण गर्नुपर्ने भन्ने मुख्य माग रहेको देखिन्छ। लुम्बिनी क्षेत्रमा धेरै पहिले देखि नै उद्योग स्थापना भई त्यस्ता उद्योगहरुले उत्सर्जन गरेको प्रदूषणको कारण विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रलाई असर गरिरहेको र त्यस्ता उद्योगहरु स्थापना वा सञ्चालन गर्न अनुमति नदिन सम्बन्धमा लुम्बिनी विकास कोषले उद्योग मन्त्रालयलाई मिति २०५४।०४।१० मा लेखेको पत्रमा "लुम्बिनी क्षेत्रदेखि पूर्व-पश्चिम र उत्तरमा १५-१५ किलोमिटर र दक्षिणमा भारतीय सीमासम्मको क्षेत्रमा वातावरणीय वा सामाजिक प्रदूषण फैलाउने रक्सी, चुरोट र अन्य कुनै पनि उद्योग, कल कारखानाहरु स्थापना वा सञ्चालन गर्न अनुमति नदिने निर्णय गर्न र हाल सञ्चालन भैरहेको र अत्याधिक प्रदूषण फैलाई रहेको लुम्बिनी रोडमा अवस्थित त्रिवेणी डिष्टिलरी

---

[29] वातावारण संरक्षण ऐन,२०७६ को दफा २(ख) ले "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुवाँ वा धुलो निष्कासन हुनेकार्य सम्झनु पर्छ।

[30] वातावारण संरक्षण ऐन,२०५३ को दफा २(ख) ले "प्रदूषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोगनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ। हाल प्रचलनमा रहेको वातावारण संरक्षण ऐन,२०७६ को दफा २(ज) ले "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोगनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

प्रा.लि. लगायत त्यस प्रकारका उद्योगहरुलाई सो क्षेत्रबाट स्थानान्तरण गर्न यथाशीघ्र कारबाही गर्न श्री ५ को सरकारमा माग गर्ने भनी पत्र पठाएको देखिन्छ। २०५४ सालमा नै लुम्बिनी क्षेत्रमा प्रदूषण फैलाउने उद्योगहरु स्थानान्तरण हुनुपर्ने माग लुम्बिनी विकास कोषले गरेको देखिन्छ। तर त्यसको विपरीत हाल अस्तित्वमा रहेको प्रदूषण उत्सर्जन गर्ने उद्योगहरुको स्थापना तथा सञ्चालन गर्न उद्योग विभागले अनुमति दिई त्यस्ता उद्योगहरुको सो पश्चात अझ तिब्र स्तरमा विस्तार भई आएको पाइन्छ र यो क्रम हालसम्म पनि रोकिएको देखिदैन। यसबाट सरकार यस सम्बन्धमा कम संवेदनशील रहेको भन्ने देखिन्छ। संरक्षणको दायित्व बोकेको राज्यका निकायले सम्पदा संरक्षणका सम्बन्धमा जिम्मेवार हुनुपर्दछ। अधिवक्ता कमलेश द्विवेदी विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री एवम् मन्त्रिपरिषद्को कार्यालय समेतको मुद्दामा[31] "संरक्षणको दायित्व राज्यको हुन्छ। संरक्षकको दायित्व बोकेको राज्यका निकायहरूले आफ्नो संरक्षकीय अधिकार क्षेत्र दुरुपयोग गरी वर्तमान तथा भावी सन्ततिको लागि आफ्ना पूर्वजहरूद्वारा निर्माण गरिएका ऐतिहासिक स्मारक, देवस्थल, रमणीय स्थलहरूको अस्तित्व माथि असर पर्ने तथा पर्न सक्ने कुनै पनि काम कारबाही गर्नु, गर्न दिनु कानूनी राज्यको अवधारणा विरुद्ध हुन जाने।.. नेपाल सरकारको हेरचाहमा रहेको वा पूरातत्वसम्बन्धी वा ऐतिहासिक महत्त्वको स्मारकमा कुनै किसिमको बेहिसाब हुन नदिई नेपाल सरकारले सम्पदाको संरक्षण र सम्बर्द्धन गर्नु पर्ने हुन आउने भन्ने यस अदालतबाट सिद्धान्त प्रतिपादित भएको देखिन्छ। लुम्बिनी क्षेत्रमा धुलो, धुवाँ, प्रदूषण, रासायनिक पदार्थ उत्सर्जन गर्ने उद्योगको संख्या बढेसँगै लुम्बिनी उद्यानमा नकारात्मक परिवर्तन देखिएको भनी युनेस्कोले सन् २००६ मा प्रकाशित गरेको एक प्रतिवेदनमा रुपन्देही जिल्लामा करिब ४,००० उद्योग दर्ता भएका छन्। लुम्बिनी क्षेत्र सारसको संवेदनशील बासस्थान रहेको र सारस बसोबास गर्ने क्षेत्र वरपर साना तथा ठूला गरी करिब १५ उद्योग सञ्चालनमा रहेका छन्। प्राकृतिक कारणबाट उत्पन्न हुने वायु प्रदूषण बाहेक, लुम्बिनी क्षेत्रलाई त्यस क्षेत्र वरपर रहेका विभिन्न उद्योगहरूले कार्बन डाइअक्साइड, धुवाँ, सिमेन्टको धुलो तथा दुर्गन्ध जस्ता पदार्थबाट सिर्जित औद्योगिक वायु प्रदूषणबाट प्रभावित भएको छ[32] भनिएको पाइन्छ।

---

[31] ने.का.प. २०७२, अङ्क ९, नि.नं. ९४६५

[32] United Nations Educ., Sci. & Cultural Org. (UNESCO), *Lumbini: Present Status and Future Challenges* 97 (KAT-CKT-2005/03, UNESCO Kathmandu Office 2006). (Besides the air pollution due to natural

६८. लुम्बिनी क्षेत्रमा रहेको उद्योगहरुले उत्सर्जन गरेको प्रदूषणको कारण लुम्बिनी क्षेत्रलाई असर पारिरहेको र यसको संरक्षण तथा संवर्द्धनका सम्बन्धमा औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको निर्णय महत्त्वपूर्ण रहेकोले औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको गठनका सम्बन्धमा केही चर्चा गर्नु उपयुक्त हुने देखिन्छ। औद्योगिक प्रवर्द्धन बोर्डको गठन औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १२ बमोजिम भएको र यो व्यवस्थालाई हाल कार्यान्वयमा रहेको औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० ले निरन्तरता दिई औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड नाम दिएको देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १३ ले औद्योगिक प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।ऐ.ऐन, २०४९ को दफा १३(क) मा औद्योगिक प्रवर्द्धन बोर्डले देशको औद्योगिक सम्बन्धी नीति, ऐन, नियमहरुको तर्जूमा र कार्यान्वयनमा आवश्यक सहयोग पुऱ्याउने छ भन्ने व्यवस्था रहेको छ भने सोही ऐनको दफा १३(घ) मा वातावरण र जनस्वास्थमा असर हुन नदिन बढी जोड दिई वातावरण प्रदूषणलाई रक्ने उपाय एवं व्यवस्था अंगीकार गर्न लगाउने भन्ने व्यवस्थासमेत गरेको देखिन्छ।यस व्यवस्थाहरुलाई हाल प्रचलनमा रहेको औद्योगिक व्यवसाय ऐन, २०७६ ले समेत निरन्तरता दिएको देखिन्छ। ऐ. ऐन,२०७६ को दफा २१ मा औद्योगिक प्रवर्द्धन बोर्डको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ भने दफा २१(१)(घ) मा औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीति तर्जुमा तथा नीतिगत निर्णय गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने भन्ने व्यवस्था रहेको देखिन्छ। ऐ. ऐन,२०७६ को दफा ७(३) उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको न्यूनीकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ। ऐ. ऐन,२०७६ को दफा ७(४) यस दफा बमोजिम वातावरणीय प्रभावको न्यूनीकरण गरे नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले आवश्यकता अनुसार अनुगमन गरी निर्देशन दिन, कारबाही गर्न वा कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउन सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। सोही अनुरुप लुम्बिनी क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्न अत्यावश्यक रहेको सम्बन्धमा औद्योगिक प्रवर्द्धन बोर्डले मिति

---

phenomena, Lumbini is affected by industrial air pollution provoked by substances such as carbon dioxide, smoke, cement dust and foul smells. These pollutants are produced by various industries in the surrounding area, namely Triveni distillery, Reliance paper mill, Harisiddhi brick factory, Jagadamba cement and Jagadamba synthetics. The Lumbini garden and the Rupandehi district have experienced major changes in industrial growth. Similarly, there are nearly 4,000 industries registered in the district of Rupandehi. There are 15 small and large industries around the sensitive habitats of the Sarus Crane Sanctuary.)

२०६६।०८।१२ मा गरेको १९०औं बैठक अत्यन्त महत्त्वपूर्ण रहेको छ। उक्त बैठकले देहाय बमोजिमको निर्णय गरेको देखिन्छः-

क) "लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित वाउण्ड्रीको दक्षिण तर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तर तर्फ वाउण्ड्रीदेखि १५ कि.मि. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ वाँया ८०० मि. भित्र लघु, घरेलु तथा कुटीर उद्योग वाहेक अन्य नयाँ उद्योग स्थापना गर्न नदिने ।

ख) माथि उल्लेखित लुम्बिनी क्षेत्रको १५ कि.मि. भित्र यस भन्दा अघि दर्ता भई संचालित उद्योगहरुको उद्योग स्थानान्तरण तथा प्रदूषण नियन्त्रण सम्बन्धमा प्रदूषण निष्काशन गर्ने उद्योगहरुले वातावरण संरक्षण ऐनले तोकिएको प्रदूषण नियन्त्रण, मापदण्ड (parameter) एवं शर्त पूरा गरी मात्र उद्योग सञ्चालन गर्नुपर्ने। प्रदुष नियन्त्रणका मापदण्ड एवं शर्तहरु पूरा नगर्ने उद्योग सम्बन्धमा छलफल गरी २ वर्ष भित्र उद्योग स्थानान्तरण गर्न लगाउने । साथै सो क्षेत्रमा संचालित उद्योगहरुको पूंजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत थप गर्न स्वीकृती प्रदान नगर्ने नीति कायम गर्ने ।

ग) लुम्बिनी क्षेत्रमा घरेलु तथा कुटीर उद्योगहरूको स्थापनाको लागि IEE गर्नुपर्ने भएका IEE समितिमा लुम्बिनी विकास कोषका प्रतिनिधिलाई समेत समावेश गराउनु पर्ने ।

घ) भैरहवा लुम्बिनी सडकको विमानस्थल चोकसम्मको क्षेत्रमा नयाँ उद्योग स्थापना गर्दा, भैरहेको उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत थप गर्दा IEE/EIA गर्नु पर्ने भएमा IEE/EIA कमिटीमा लुम्बिनी विकास कोषको प्रतिनिधि राख्नु पर्ने ।

ङ) उल्लेखित १५ कि.मि. भित्र दर्ता भैसकेका तर सञ्चालनमा नआएका उद्योगहरुको हकमा समेत त्यस्ता उद्योगहरुले तोकिएको वातावरण प्रदूषण, मापदण्ड एवं शर्तहरु भित्र रहने गरी उद्योग सञ्चालनपूर्व नै आवश्यक प्रदूषण नियन्त्रणको व्यवस्था गर्नु पर्ने। तोकिएको मापदण्ड एवं शर्तहरु पालना नगर्ने उद्योगहरुलाई दिएको समयावधि भित्र अन्यत्र स्थानान्तरण गरिनु पर्ने भन्ने निर्णय रहेको देखिन्छ"।

६९. त्यस्तै, मिति २०६९।०४।२६ गते औद्योगिक तथा लगानी बोर्डको १९७औं बैठकले लुम्बिनी क्षेत्रको सिमाना देखि १५ कि.मि. को दूरी भित्र स्थापना भई सञ्चालनमा

रहेका अति प्रदूषण गर्ने उद्योगको पहिचान गरेको छ। जसमा डिष्टिलरी एवं ब्रुअरी उद्योग (मदिरा ब्लेण्डीङ्ग/ बोटलिङ समेत),पेपर एण्ड पल्प उद्योग, चिनी उद्योग, छाला प्रशोधन उद्योग, वनस्पति घ्यू उद्योग, ग्यालभानाइजिङ तथा इलेक्ट्रो प्लेटिङ्ग गर्ने उद्योग, कपडा डाइङ एवं प्रिन्टीङ्ग उद्योग, ईटा/ टायल उद्योग (VSBK बाहेक), साबुन उद्योग, प्राथमिक रसायन उत्पादन गर्ने उद्योग, सिमेण्ट उद्योग, पशु बधशाला, पेट्रोलियम तथा पेट्रोकेमिकल प्रशोधन उद्योग, ऊन प्रशोधन उद्योग, एसेवस्टस सिट उद्योग, गहौं धातु उत्पादन तथा प्रशोधन उद्योग (मर्करी, लिड, क्याडमियम इत्यादी), रोडा ढुंगा उद्योग गरी १७ प्रकारका उद्योगहरु पहिचान गरेको देखिन्छ[33]। प्रदूषण तथा कार्बन उत्सर्जन गर्ने त्यस्ता उद्योगहरूको विस्तारले जैविक विविधता, स्थानीय बासिन्दाहरूको स्वास्थ्य जोखिम, पुरातात्विक सम्पत्ति, सामाजिक र सांस्कृतिक मूल्यहरूमा क्षयिकरण जस्ता विभिन्न समस्याहरू उत्पन्न गरेको छ[34]।

७०. यस सन्दर्भमा, उद्योगहरुबाट उत्सर्जन भएको प्रदूषण विशेष गरि वायु प्रदूषणले पुरातात्विक तथा सांस्कृतिक सम्पदामा कस्तो असर गर्दछ भन्ने सम्बन्धमा विभिन्न अध्ययनहरु भएका छन्। एक अध्ययनमा भनिएको छ, वायु प्रदूषणमा मुख्यतः ग्यासीय प्रदूषक र साना ठोस कणहरू समावेश हुन्छन्। जुन सांस्कृतिक सम्पदाको दिगो संरक्षणका लागि सबैभन्दा ठूलो खतरा तत्व हो। वायु प्रदूषकमा रहेका अम्लीय तथा अक्सिडाइजिङ ग्यासहरूले अम्लीकरण तथा अक्सिडेसन प्रतिक्रियामार्फत सम्पदाको सतहमा रहेका ढुंगा, काठ, धातु, रङ तथा अन्य सामग्रीमा गम्भीर प्रभाव पार्दछ[35]। विशेषगरी सिमेन्ट उद्योगबाट उत्पन्न सल्फरयुक्त प्रदूषणले पुरातात्विक स्थललाई क्षयिकारण गर्दछ[36] भनिएको छ।लुम्बिनी क्षेत्रमा रहेको ऐतिहासिक तथा पुरातात्विक

---

[33] औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड, मिति २०६९/०४/२६ मा सम्पन्न १९७ औं बैठकको निर्णय (स्रोतः औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको सचिवालय, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं)।

[34] Deepak Paudel et al., *The Birthplace of the Lord Buddha: Environmental and Industrial Impact Assessment Around Lumbini World Heritage Property*, Exec. Summary pt. iii, Document Code KAT/2013/PI/H/1 (UNESCO Kathmandu Office & IUCN 2013).

[35] D. de la Fuente et al., *City Scale Assessment Model for Air Pollution Effects on the Cultural Heritage*, 45 Atmos. Env't 1242 (2011), cited in Bo Xiao et al., *The Impact of Air Pollution on the Protection of World Cultural Heritage in China*, ___ Atmosphere ___ (2022). - (Air pollution, which mainly includes gaseous pollutants and small solid pollutants, is one of the greatest threats to the sustainable protection of cultural heritage. The acid gases and oxidizing gases contained in air pollutants cause serious corrosion effects on stone, wood, metals, paints and other materials on the surface of the heritage through acidification reactions and oxidation reactions.)

[36] A. Moropoulou, K. Bisbikou, K. Torfs & R. Van Grieken, *Risk Analysis for the Protection of Cultural Heritage from Industrial Pollution*, abstract, Transactions on the Built Environment (1999). - (The study of sulfur isotopes permits the investigation of the sources of sulfurrich pollutants triggering gypsum formation.

वस्तुहरुलाई असर गरिरहेको सन्दर्भमा युनेस्कोका परामर्शदाता तथा स्टोन विशेषज्ञ Costantino Meucci ले लुम्बिनी क्षेत्रमा अत्यन्तै महत्त्व रहेको अशोक स्तम्भमा जिप्सम नुनको उपस्थितिका कारण पनि असर परेको पाइन्छ। प्रारम्भिक विश्लेषणात्मक प्रतिवेदनले अशोक स्तम्भको सतहमा सिमेन्ट उद्योगबाट उत्पन्न हुने खनिज तत्वहरू भेटिएको पुष्टि गरेको छ । अन्य स्मारकहरू पनि औद्योगिक प्रदूषणबाट प्रभावित हुन सक्ने भएतापनि यसबारे विस्तृत अध्ययन आवश्यक छ। यस सन्दर्भमा C. Meucci द्वारा २८ मार्च २०११ मा गरिएको अध्ययनले धेरै उद्योगहरूको सञ्चालनले अशोक स्तम्भमा अपूरणीय क्षति पुग्ने खतरा बढाएको देखाएको छ[37]।त्यस्तै ब्रह्माण्डको अतुलनीय मूल्य बोकेको विश्वसम्पदा लुम्बिनी क्षयीकरण भइरहेको छ र यसबाट विश्व सम्पदाको मौलिक स्वरुपमा असर परिरहेको र विश्व सम्पदालाई असर गर्ने मुख्य कारक तत्वको रुपमा उद्योगहरु रहेको युनेस्कोले उल्लेख गरेको छ[38]।

७१. लुम्बिनी क्षेत्रमा रहेको त्यस्ता उद्योगहरुले लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा पुरातात्विक सम्पदालाई मात्र नभई त्यस क्षेत्रको वातावरण तथा जैविक विविधतामा समेत असर गरिरहेको देखिन्छ। यस क्षेत्रमा रहेको उद्योगहरुको कारण भूमीगत जलश्रोतको अत्याधिक दोहनको कारण पानीको सतह घट्दै गएको[39] यसबाट सिमसार क्षेत्रमा प्रभाव परिरहेको पाईन्छ। International Union for Conservation of Nature (IUCN) ले गरेको एक अध्ययनमा लुम्बिनी संरक्षित क्षेत्र जैविक विविधताका दृष्टिले समृद्ध भए पनि औद्योगिकीकरण, शहरीकरण र बढ्दो मानवीय हस्तक्षेपका कारण प्राकृतिक बासस्थान नष्ट हुँदै जाँदा वनस्पति र वन्यजन्तुमा नकारात्मक असर परेको छ। जसले नीलगाई, सरीसृप, उभयचर र चराहरूको संख्या घटेको देखिन्छ। उद्योगबाट निस्कने अप्रशोधित

Gypsum crusts and dusts on the monument marbles and crusts on buildings in the city were sampled, and aerosol samples were collected from the emissions of the nearby industries. The isotopic ratio ^S/^S, in terms of delta values (5^S) of the sulfur-rich pollutants from industry shows that the main impact of suspended particles to the archaeological site, is caused by the industry; cement industry in particular. The advanced analysis of the weathering risks by this interdisciplinary approach provides tools for the proper planning of environmental management and specifically of the industrial emissions in order to prevent weathering of historic structures and complexes by industrial pollution.)

[37] Paudel et al., supra note 34, at 44-45. (major threat to this important archaeological site is the floods in the region. In addition, the Ashoka Pillar is impacted due to the presence of gypsum salt (Costantino, Meucci, 2011). A preliminary analytical report remarked that the monument of the Ashoka Pillar confirms the presence of some minerals on its surface and minerals usually produced by the cement industries (Costantino, Meucci, 2011). Other monuments are vulnerable to industrial pollution but these threats need to be identified with a detailed study. In this regard, the study conducted by C. Meucci, in March 28, 2011 highlighted that the operation of many industries has contributed to the threat of irreversible damage to the Ashoka Pillar.)

[38] *Lumbini, the Birthplace of the Lord Buddha*, supra note 8.

[39] Paudel et al., supra note 34, at 50.

फोहोर, धुलो र धुवाँ सिधै नदी, सिमसार र खेतमा मिसिँदा जलस्रोत प्रदूषित भई जलचर र सारसजस्ता संकटमा रहेको प्रजाति प्रभावित भएका छन्। औद्योगिक क्षेत्र वरपर वायु प्रदूषण उच्च रहेको र अनुगमनको अभावले वास्तविक असर स्पष्ट नभए पनि स्थानीय बासिन्दाले यसको प्रभाव अनुभव गरिरहेका छन्। त्यस्तै, फोहोर लेदो र धुलोका कारण माटोको गुणस्तर घट्दै गई खेती उत्पादनमा समेत नकारात्मक असर परेको तथा बिरुवाको वृद्धि, फूलफूल्ने र परागसेचन प्रक्रियामा अवरोध सिर्जना भएको देखाउँछ[40]। भैरहवा देखि लुम्बिनी जाने मार्ग धेरै वर्षदेखि उपजाउ खेतीयोग्य भूमि भएको क्षेत्र रहँदै आएको छ। तर तीव्र औद्योगिक विकासका कारण वातावरणमा नकारात्मक द्रुत परिवर्तन देखिन्छ। जसले उक्त क्षेत्रमा निरन्तर खतरा उत्पन्न गरिरहेको छ। लुम्बिनी संरक्षित क्षेत्र (Lumbini Protection Zone) वरिपरिका उद्योगहरूबाट उत्पन्न बढ्दो र विद्यमान कार्बन उत्सर्जनका कारण बढ्दो वातावरणीय प्रदूषणले पनि लुम्बिनी विश्व सम्पदा स्थललाई जोखिममा पारिरहेको छ[41]।त्यस्तै, लुम्बिनी घोषणा (Lumbini Delcaration) २०१८ ले विस्तारित लुम्बिनी क्षेत्रमा वातावरणको सुरक्षा गर्न तथा सबै प्रकारका प्रदूषणका स्रोतहरू निगरानी र नियन्त्रण गर्न निर्देश गर्नु पर्ने देखिन्छ[42]।

७२. लुम्बिनी क्षेत्रमा रहेको उद्योगहरुबाट निस्कने प्रदूषणले त्यस क्षेत्र वरपर बसोबास गर्ने मानव स्वास्थमा समेत असर गरिरहेको देखिन्छ। विश्व स्वास्थ संगठनले लुम्बिनी क्षेत्रमा वायु प्रदूषणको मात्रा २७० माईक्रो ग्राम पर किउविक मिटर (ug/m3) रहेको र उक्त मात्रा तोकिएको मापदण्ड भन्दा ११ गुणा बढी भएको जनाएको छ।छवी रानाभाटले विश्व स्वास्थय सङ्गठनलाई बुझाएको प्रतिवेदनमा लुम्बिनी क्षेत्रमा सिमेन्ट, अटोमोबाइल, कागज तथा अन्य उद्योगहरूको कारण स्थानीय मानिसहरूले विभिन्न प्रकारका स्वास्थ्य समस्याहरू भोग्नुपरेको अवस्था रहेको छ[43]।लुम्बिनी तथा आसपासका क्षेत्रहरूमा देखिएको कमजोर वायु गुणस्तर सार्वजनिक स्वास्थ्यका साथै

---

[40] IUCN नेपाल तथा UNESCO काठमाडौं कार्यालय, गौतम बुद्धको जन्मस्थल तथा विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्र वरपर भएको औद्योगिक विकासले पारेको वातावरणीय असरको अध्ययनको संक्षेप, डकुमेन्ट कोडः KAT/2013/PI/H/2 (UNESCO काठमाडौं कार्यालय, 2013) ।

[41] Paudel et al., supra note 34.

[42] Lumbini Declaration 2018, *Lumbini, Nepal: The Birthplace of Lord Buddha and the Fountain of Buddhism and World Peace* (2018).

[43] Chhabi Ranabhat, *Health Impact Due to Industrial Air Pollution Near Birth Place Limbini: A Cross Sectional Study* 12 (2011), available at https://www.academia.edu/9207744/Health_impact_due_to_industrial_air_pollution_near_birth_place_Limbini_A_cross_sectional_study

लुम्बिनीको सम्पदा र संस्कृतिको संरक्षण, सुरक्षा तथा प्रवर्द्धनका लागि गम्भीर चिन्ताको विषय बनेको छ[44] र त्यस्तो वायू प्रदूषणले विशेष गरी स्कूल जाने बच्चाबच्चीहरुको स्वास्थमा नकारात्क असर गरिरहेको छ[45]। क्लिङ्करको धुलो र सुक्खा सिमेन्टको धुलाका कारण स्थानीय समुदायले आँखामा जलनको समस्या भोगिरहेका छन्। त्यसैगरी, छाला सुख्खा हुने, असहजता, जलन तथा गम्भीर पोलाइका कारण यस क्षेत्रमा छालासम्बन्धी विभिन्न समस्याहरू पनि देखिएका छन्[46]।

७३. त्यसैगरि, लुम्बिनी क्षेत्रमा रहेको सिमेन्ट उद्योगहरुको लागि क्लिन्कर ढुवानी गर्ने ट्रकहरूले अत्याधिक वजन लिई गुड्ने गरेको पाईएको र लुम्बिनी क्षेत्रको सडक क्षति भै धुलाम्य भैरहेको र यदि ती सिमेन्ट उद्योगहरुलाई स्थान्तरण नगर्ने हो भने सडकले भार थग्ने सक्दैन[47] तथा यसबाट हुने वायु प्रदूषण नियन्त्रण गर्न पनि त्यस्ता सवारीसाधनको आवागमन नियमन गरेर नियन्त्रण गर्नु पर्ने देखिन्छ[48]। सोही सम्बन्धामा, आयोजना निर्देशनालय (ए.डी.वी.) रोड कनेक्टिभिटी सेक्टर १ प्रोजेक्ट भैरहवा तौलिहवा सडक योजनाले अञ्चल यातायात व्यवस्था कार्यालय लुम्बिनी, बुटवललाई च.नं. ९४ को मिति २०६७।११।१७ मा लेखेको पत्रमा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १६ मा ट्रकको क्षमता प्रति एक्सल १०.२ टनसम्म भार बहन गर्न सक्ने भनी उल्लेख भएको छ । तर वेलहिया नाकाबाट यस भैरहवा - तौलिहवा सडक योजनाको बुद्धचोक हुँदै गुरवानिया सम्म विशेषतः क्लिङ्कर ढुवानी गर्ने ट्रकहरुले अत्यधिक वजन लिई गुड्ने गरेको पाइएको छ। ती ट्रकहरुको कुल भार (gross weight) ५० देखि ६० टन सम्मको पाइएको छ। यसरी अत्यधिक भार लिई उल्लेखित सडक खण्डमा ट्रकहरु गुड्ने गरेका कारण उक्त सडक तथा सो सडक खण्डमा रहेका पुलहरु over stress भई जोखिमपूर्ण रहेको अवस्थामा सडक तथा पुलको आयु घट्ने मात्र नभएर कुनै पनि बेला दुर्घटना भई धनजनको क्षति हुन नदिन तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्न यस्ता अत्यधिक वजन (over load) भएका ट्रकहरुको आवागमन नियन्त्रण गरिदिन अनुरोध गरेको देखिएबाट उक्त क्षेत्रमा

[44] Dipesh Rupakheti et al., *Buddha's Birthplace (Lumbini, Nepal) Is Polluted*, 18 Geophysical Rsch. Abstracts EGU2016-10242 (paper presented at the EGU General Assembly 2016) (2016). (Poor air quality in Lumbini and surrounding regions is a great concern for public health as well as for preservation, protection and promotion of Buddhist heritage and culture)

[45] LEADERS Nepal, *Children's Health and Air Pollution in Lumbini*, at 1 (Jan. 18, 2024).

[46] Paudel et al., supra note 34, at 79.

[47] Ranabhat, supra note 43.

[48] UNESCO, supra note 32, at 98.

उद्योगहरुका लागि अत्यधिक भार बोक्ने ट्रकहरुले लुम्बिनी क्षेत्रको वायु प्रदूषण तथा सौंदर्यको क्षयिकारणमा योगदान पुऱ्याइरहेको भन्ने देखिन्छ।

७४. यसरी लुम्बिनी क्षेत्रमा धुलो, धुवाँ, प्रदूषण तथा रासायनीक पदार्य उत्सर्जन गर्ने उद्योगहरुले विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रलाई असर गरिरहेको र यसको अस्तित्वलाई नै खतरामा पारिरहेको अवस्थामा औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको १९० औ बैठकबाट भएको निर्णय तथा लुम्बिनी क्षेत्रमा प्रदूषण उत्सर्जन गरिरहेका उद्योगहरु स्थानान्तरण गर्ने सम्बन्धमा UNESCO ले गरेको अध्ययनले लुम्बिनीको दीर्घकालीन विकासलाई सहज बनाउनका लागि निश्चित समयसीमाभित्र Lumbini Protected Zone (LPZ) भित्र रहेका कार्बन उत्सर्जन गर्ने उद्योगहरूलाई अन्यत्र स्थानान्तरण गर्नु आवश्यक रहेको देखिएको[49] र सोको लागि, जिल्लाको पूर्वी भागलाई औद्योगिक क्षेत्रका रूपमा घोषणा गर्न सकिने देखिएको छ[50]। उद्योगहरुको प्रदूषणका कारण वातावरणलाई असर गरेको सम्बन्धमा भारतको सर्वोच्च अदालतले **M.C. Mehta vs Union Of India & Ors on 8 July, 1996[51],** को मुद्दामा भारतको राजधानी नयाँ दिल्लीमा रहेका उद्योगहरूले वातावरणमा पारेको प्रभाव मूल्याङ्कन गरेर त्यहाँ रहेका १२२६ उद्योगहरू मध्ये १६८ वटा प्रदूषण जन्य उद्योगको सञ्चालनमा तत्काल रोक लगाई अन्यत्र सार्न आदेश दिएको र ७६२ वटा उद्योगहरूलाई पुनः सूचना प्रकाशित गरी बोलाउनु र नआएमा १० दिन भित्र किन प्रदूषणजन्य उद्योग घोषणा नगर्ने भनी स्पष्टीकरण माग्नु भनी आदेश गरेको पाइन्छ। नेपालमा जस्तै भारतमा रहेको विश्व सम्पदा सूचीमा सूचीकृत ताज महल क्षेत्र वरपर रहेको उद्योगहरुले उत्सर्जन गरिरहेको प्रदूषणले ताज महललाई क्षयिकरण गरिरहेको स्थितिमा यसको संरक्षण गर्न भारतको सर्वोच्च अदालतले **M.C. Mehta vs Union Of India & Ors , 1996[52]** को मुद्दामा विकाससंगै वातावरणमा परेको नकारात्मक असरहरूमा समेत ध्यान दिनु पर्छ भनी ताज महल वरपर रहेका २९२ उद्योगहरूले ताज महललाई प्रभाव पारेको हुँदा

---

[49] Paudel et al., supra note 34, Exec. Summary pt. iv. ( The study also recommended a sustainable approach to address these issues. A transfer of the existing carbon-emitting industries from the LPZ is needed within a certain timeframe in order to facilitate the long-term development of Lumbini)

[50] UNESCO, supra note 32, at 98. (As for the polluting industries in the surroundings, it might be necessary to shift them away from the Lumbini area. For example, the eastern part of the district may be declared as an industrial zone)

[51] M.C. Mehta vs Union of India & Ors on 8 July, 1996, 1996 SCC (4) 750

[52] AIR 1997 SUPREME COURT 734, 1997 (2) SCC 353

प्राकृति ग्यासमा आधारित उद्योगमा परिवर्तन गर्ने र सो नभए स्थानान्तरण वा बन्द गर्न आदेश दिएको थियो। यस मुद्दामा अदालतले अत्यन्त कडा धारणा अख्तियार गर्दै वातावरणीय ह्रासको मुद्दामा शून्य सहनशीलताको अवधारणालाई अघि सारेको छ एवं यस सम्बन्धी प्रमाणको भार पनि सम्बन्धित उद्योगहरु कै हुने भन्ने उल्लेख गरिएको छ।जसमा भनिएको छ, The atmospheric pollution in TTZ has to be eliminated at any cost. Not even one per cent chance can be taken when - human life apart -the preservation of a prestigious monument like The Taj is involved. In any case, in view of the precautionary principle as defined by this Court, the environmental measures must anticipate, prevent and attack the causes of environmental degradation. The 'onus of proof is on an industry to show thatits operation with the aid of coke/coal is environmentally benign. It is, rather, proved beyond doubt that the emissions generated by the use of coke/coal by the industries in TTZ are the main polluters of the ambient air. The court held that the above-mentioned 292 industries shall as per the schedule indicated change-over to natural gas as an industrial-fuel and the industries which were not in a position to get gas connections for any reason would stop functioning with the aid of coke/coal in the TTZ and may relocate themselves as per the orders given by the Supreme Court. त्यस्तै विश्व सम्पदामा सूचीकृत ताज महलको संरक्षणको लागि भारतीय सर्वोच्च अदालतले **M.C. Mehta vs Union Of India (Uoi) And Ors, 2002[53],** को मुद्दामा “The State Government is also directed to find out whether unauthorised brick kilns/foundries/factories causing such increase in the level of RSPM are still functioning within the 20 KM radial circle of Taj Monument”. ...“It is therefore, proposed that these monuments and co- attached areas be declared protected, so as to maintain its ancient structure and immediate orders be passed by the competent authority for restraining the extensive encroachments by constructions in the areas, so as to preserve and safeguard the monuments." भनिएको छ। ताजको सांकृतिक महत्त्वलाई दृष्टिगत गर्दै राज्य सरकारलाई उक्त स्थानको २० कि.मि गोलाकार सिमा भित्र अझै अनधिकृत इँटा भट्टा/फाउन्ड्री/कारखानाहरू जसले RSPM स्तर बढाइरहेको छ भने त्यस्ता उद्योग पत्ता लगाई बन्द गर्नु, बनाउन नदिनु र त्यहाँको जैविक विविधता र सांस्कृतिक सम्पदाको रक्षा गर्न आदेश दिएको पाइन्छ।यसबाट उद्योग व्यवसायको विकास आर्थिक दृष्टिले आवश्यक भए पनि विश्व सम्पदा स्थलहरूको संरक्षण राज्यको उच्च प्राथमिकताको विषय रहेको स्पष्ट हुन्छ। **विश्व सम्पदा स्थल कुनै एक राष्ट्रको**

[53] AIR 2002 SC 3696

**सीमाभित्र अवस्थित भए पनि त्यसको ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा पुरातात्विक मूल्य सम्पूर्ण मानव सभ्यताको साझा सम्पत्ति मानिन्छ। तसर्थ यस्ता सम्पदामा दीर्घकालीन नकारात्मक असर पार्ने औद्योगिक तथा अन्य विकासका गतिविधिहरूलाई राज्यले नियमन गर्नु, आवश्यक परे सीमित वा नियन्त्रण गर्नु, तथा सम्पदा संरक्षणलाई प्राथमिकता दिनु राज्यको संवैधानिक, कानूनी तथा अन्तराष्ट्रिय दायित्वको स्वाभाविक परिणाम हो।**

७५. सरकारी निकाय तथा UNESCO ले लुम्बिनी क्षेत्रमा रहेको धुलो, धुवाँ, प्रदूषण तथा रासायनीक पदार्य उत्सर्जन गर्ने उद्योगहरुको स्थानान्तरण गर्नुपर्ने सुझाव पश्चात पनि सोको कार्यान्वयन हुन नसकेको अवस्थामा सन् २०१९ सालमा विश्व सम्पदा समितिले नेपाल सरकारलाई दिएको सुझावमा यस्ता उद्योगहरुको कारण प्रदूषण बढ्दै गएको देखिदा सम्पदा प्रभाव मूल्याङ्कन (Heritage Impact Assessment) गर्न भनी यो भन्दा पूर्व दिएको सुझावलाई वेवास्ता गरेकोमा सो प्रति खेद प्रकट गर्दै विश्व सम्पदा केन्द्रले सम्पदा क्षेत्रमा वा वरपर वातावरणीय गुणस्तर बिग्रँदै गएको, औद्योगिक विकास बढिरहेको तथा प्रस्तावित वा कार्यान्वयनको क्रममा रहेका केही परियोजनाहरूले सम्पदाको Outstanding Universal Value (OUV) बोकेको विश्व सम्पदामा असर पार्न सक्ने भनी तेस्रो पक्षबाट व्यक्त चिन्तासम्बन्धी सूचनाहरू प्राप्त गरिरहेकै छ। तर, नेपाल सरकार (राज्य पक्ष) ले केही विशेष परियोजनासम्बन्धी माग गरिएको जानकारी उपलब्ध गराएको छैन। विकासका गतिविधि तथा वातावरणीय क्षयका सम्भावित असरलाई ध्यानमा राख्दै, समितिले Greater Lumbini Area (GLA) तथा यसको आसपासका क्षेत्रहरू तिलौराकोट र रामग्राम लगायतको संरक्षणका लागि स्पष्ट रणनीति तथा ठोस कार्ययोजना तयार गरी सम्पदा क्षेत्र वरपरको औद्योगिक गतिविधि थप न्यूनीकरण गर्न राज्य पक्षलाई पूनः आग्रह गरेको देखिन्छ। साथै, प्रस्तावित परियोजनाहरूका लागि Heritage Impact Assessment (HIA) सम्पन्न गरी त्यससम्बन्धी विवरण विश्व सम्पदा केन्द्रमा पेश गर्न राज्य पक्षले आवश्यक कदम चाल्नुपर्छ[54] भनिएको छ।

---

[54] U.N. Educ., Scientific & Cultural Org., *Convention Concerning the Protection of the World Cultural and Natural Heritage: World Heritage Committee, Forty-Third Session, Baku, Republic of Azerbaijan, 30 June–10 July 2019* 158–59 (2019).- (“ The World Heritage Centre continues to receive third-party information expressing concerns about the worsening environmental quality and increasing industrial development at or around the property, as well as projects, both proposed or in progress, which may affect the OUV of the

७६. UNESCO ले दिएको सुझावहरुको कार्यान्वयन तथा लुम्बिनी क्षेत्रको वृहत्तर विकासका लागि नेपाल सरकारले 1st FEBRUARY 2025 मा LUMBINI THE BIRTHPLACE OF THE LORD BUDDHA (Nepal) (C 666rev) STATE OF CONSERVATION REPORT प्रस्तुत गरेको देखिन्छ। उक्त रिपोर्टमा राज्य पक्षले लुम्बिनी क्षेत्रलाई वायु प्रदूषण तथा अन्य वातावरणीय समस्याबाट जोगाउन अवलम्बन गरिएका नीति तथा नियमहरूलाई निरन्तरता दिनुपर्छ। श्रीराम सिमेन्ट उद्योग बन्द गरी स्थानान्तरण गरिए तापनि, नेपाल सरकार (राज्य पक्ष) ले विस्तारित लुम्बिनी क्षेत्र तथा यसको आसपासका क्षेत्रहरू तिलौराकोट र रामग्राम लगायतको संरक्षणका लागि स्पष्ट रणनीति तथा थप ठोस कार्ययोजना विकास गर्नुपर्नेछ। साथै, सम्पदा क्षेत्र वरपर बढ्दो औद्योगिक गतिविधिलाई नियन्त्रण तथा न्यूनीकरण गर्न पनि आवश्यक कदमहरू चालिनुपर्छ[55] भनेको छ। त्यस्तै लुम्बिनी विकास कोषले तयार पारेको Integrated Management Framework – Strategy for Disaster Risk Management ले यस क्षेत्रमा स्थापना गरिएका प्रदूषण फैलाउने उद्योगहरूले पुरातात्विक सम्पदा स्थलमा भौतिक, दृश्यात्मक तथा रासायनिक रूपमा नकारात्मक प्रभाव पारेका छन्। १५ किलोमिटरको संरक्षण क्षेत्र तोकिएको भएता पनि थप अनुगमन तथा संरक्षणात्मक उपायहरू आवश्यक देखिन्छन्[56] भनिएको पाइन्छ।

७७. UNESCO ले दिएको सुझावहरुको कार्यान्वयन नभएको अवस्थामा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदालाई खतरामा राखी अन्तत विश्व सम्पदा सूचीबाट हटाउने निर्णयसमेत गर्न सक्ने अवस्था रहन सक्छ। तर नेपाललाई UNESCO ले दिएको सुझावको

---

property. The State Party has not provided the information requested with respect to particular projects. In light of the potential impacts of development and environmental degradation, the Committee should reiterate its request to the State Party to develop a clear strategy, encompassing specific actions for the protection of the GLA and its setting, including but not limited to Tilaurakot and Ramagrama, and to reduce further the industrial activity in the vicinity of the property. The State Party should also conduct HIAs for the proposed projects and submit information to the World Heritage Centre.")

[55] Gov't of Nepal, Ministry of Culture, Tourism & Civil Aviation, Dep't of Archaeology, *Lumbini: The Birthplace of the Lord Buddha (Nepal) (C 666rev), State of Conservation Report* 59 (Feb. 1, 2025) (prepared in coordination with Lumbini Development Trust). - (*Threat of industrial development Polluting industries have been established in the region which has impacted the archaeological heritage site, physically, visually and chemically. In spite of a 15 km protective zone, further monitoring and protective measures are required.)*

[56] LUMBINI DEV. TR., *Lumbini, the Birthplace of the Lord Buddha, World Heritage Property: Integrated Management Framework – Sector Strategies* § 4, Strategy for Disaster Risk Management, at 56 (Jan. 2025) (prepared in collaboration with Gov't of Nepal, Ministry of Culture, Tourism & Civil Aviation & Dep't of Archaeology with support of UNESCO). (Threat of industrial development Polluting industries have been established in the region which has impacted the archaeological heritage site, physically, visually and chemically. In spite of a 15 km protective zone, further monitoring and protective measures are required)

कार्यान्वयनको लागि नेपाल सरकारले खाका प्रस्तुत गरेको देखिन्छ। जसमा नेपालले लुम्बिनी क्षेत्रको संरक्षण गर्न विशेष गरि निम्न कार्य[57] गरेको छ भनिएको पाइन्छः-

- The State Party has been establishing the legal means and standard procedures for implementing Heritage Impact Assessments (HIA). It has also been noted that HIA is in the ongoing amendment of the Ancient Monument Preservation Act 1956 (sixth amendment), which will ascertain legal validation.
- The Government of Nepal has also taken measures to protect Lumbini, as well as the Greater Lumbini Area from industrial pollution.
- With the establishment of a 15-kilometre protection zone around Lumbini from any polluting industries, the Government of Nepal has shown its commitment. Within the planning of the Greater Lumbini Area "specific bylaws and planning regulations, including those on environmental protection, should be prepared and implemented at heritage and archaeological sites"
- The Government of Nepal has also taken measures to protect Lumbini, as well as the Greater Lumbini Area from industrial pollution.
- The Government of Nepal is committed to ensuring the protection of the environment, as per its national legislation. With the establishment of a 15-kilometre protection zone around Lumbini from any polluting industries, the Government of Nepal has shown its commitment.

७८. लुम्बिनी क्षेत्र संरक्षण गर्नुपर्ने भन्ने सम्बन्धित अन्य प्रतिवेदनहरुले विश्व सम्पदा क्षेत्रको buffer zone[58] लाई सम्पूर्ण बाह्य पवित्र उद्यान (Outer Sacred Garden) समेट्ने गरी विस्तार गरिनेछ र यसलाई ध्यानमा राखी योजनागत कार्य अगाडि बढाइनेछ[59] र सम्पदालाई प्रदूषणकारी उद्योगहरूबाट संरक्षण गर्न उक्त क्षेत्र वरिपरि १५

---

57 Gov't of Nepal, supra note 55 at 8-30.

58 UNESCO, supra note 9, नियम २.च, नं. १०४, पेज २४-२५. (सन्निकट क्षेत्र भनेको मनोनित सम्पत्तिको प्रभावकारी संरक्षणको लागि छुट्टयाइएको सम्पत्तिलाई वरिपरिबाट घेरेर रहेको त्यस्तो क्षेत्र हो जसको प्रयोग तथा विकासमा वस्तुसंगत कानूनी र / वा चलनचल्तीका बन्देजहरू लगाइएको हुन्छ जसले संरक्षित सम्पत्तिलाई एक अतिरिक्त सुरक्षा घेरा प्रदान गर्दछ। यस अन्तर्गत मनोनित सम्पत्ति लगत्तैको परिवेश, महत्त्वपूर्ण दृश्य तथा त्यस्तो सम्पदाको भरथेग र सुरक्षाका लागि व्यावहारिक रुपमा महत्त्वपूर्ण अन्य क्षेत्र वा विशेषताहरू पर्दछन्। हरेक स्थितिमा सन्निकट क्षेत्रले समेट्ने भूभाग उपयुक्त व्यवस्थामार्फत निर्धारण गरिनुपर्दछ । सन्निकट क्षेत्रको आकार, विशेषता, आधिकारिक प्रयोगका साथै सम्पदा तथा यसको सन्निकट क्षेत्रको सिमाना स्पष्टसँग देखाइएको नक्सासमेत मनोनयनका क्रममा पेश गरिनुपर्छ।)

59 Lumbini Dev. Tr., *Lumbini, Birthplace of the Lord Buddha, World Heritage Property: Integrated Management Framework* 16 (Apr. 2022), prepared in close collaboration with the Gov't of Nepal, Ministry of Culture, Tourism & Civil Aviation, Dep't of Archaeology, World Heritage Centre & UNESCO Office in Kathmandu.

किलोमिटरको संरक्षण क्षेत्र स्थापना गरिएको छ[60]। पवित्र बगैचा, लुम्बिनी मास्टर प्लान क्षेत्र तथा वरपरको क्षेत्रभित्र वन्यजन्तु र तिनका प्राकृतिक आवासलाई कडाइका साथ संरक्षण गरिनेछ[61] भनेको पाइन्छ। यसरी नेपाल सरकार स्वयंले गरेको प्रतिबद्धता पुरा गरी लुम्बिनीको घेरा देखि १५ कि.मी. वरिपरिको क्षेत्र प्रदूषण मुक्त बनाउनु पर्नेमा युनेस्को र नेपाल पक्ष दुबै विच सम्झदारी बनिसकेको देखिन्छ।

७९. अब, यस रिट निवेदनमा विपक्षी रहेका उद्योगहरुले आफ्नो लिखित जवाफमा नेपालको कानून बमोजिम सबै शर्तहरु पुरा गरी स्थापना भएका उद्योगहरुले ठुलो संख्यामा रोजगारी तथा राज्यलाई कर तिरि रहेको अवस्थामा नेपालको संविधानको धारा १७(१) को (च) ले नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ भन्ने व्यवस्था गरेको छ। सो अधिकार बमोजिम उद्योग तथा कलकारखाना सञ्चालन गर्न पाउँनु आफ्नो संवैधानिक अधिकार रहेको हुँदा उद्योगहरु स्थानान्तरण गर्नु सट्टा अरु वैकल्पिक उपाय अपनाउनु पर्दछ भन्ने जिकिरका सम्बन्धमा हेर्दा, उद्योगहरु समेत लुम्बिनी विश्व सम्पदा सूचीमा सूचीकृत क्षेत्र तथा सम्भावित विश्व सम्पदा सूची (Tentative List) मा समावेश रहेको तिलौराकोट र रामग्राम क्षेत्रलाई प्रवर्द्धन तथा संरक्षण गर्नुपर्ने विषयमा सहमत रहेको देखिन्छ। विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्नु सबै निकाय तथा सरोकारवालाको दायित्व हो। नेपालको संविधानको धारा १७(१)(च) ले नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने र उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता हुनेछ भने व्यवस्था गरेको भए पनि धाराको १७(१)(च) को प्रतिबन्धात्मक वाक्यांशको (६) खण्ड (च) मा कुनै कुराले संघीय इकाइबीचको सु-सम्बन्धमा खलल् पुऱ्याउने कार्य वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ, शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भन्ने व्यवस्थाले धारा १७ ले दिएको अधिकार निरिपेक्ष

[60] Intergovernmental Comm. for the Prot. of the World Cultural & Natural Heritage, Convention Concerning the Protection of the World Cultural and Natural Heritage, 47th Sess., 141 U.N. Doc. WHC/25/47.COM/7B (May 26, 2025).
[61] Lumbini Dev. Tr., supra note 59.

नभएर सापेक्षीप भन्ने देखिन्छ। साथै नेपालको संविधानले धर्म, संस्कृति तथा वातावरण संरक्षणलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ र यसको संरक्षण तथा संवर्द्धन गर्नु राज्यको दायित्व हुने सम्बन्धमा माथि उल्लिखित प्रकरणहरुमा चर्चा गरिसकेको छ।

८०. औद्योगिक विकास, रोजगारी सिर्जना र राजस्व वृद्धिका लागि आवश्यक भए पनि ऐतिहासिक तथा सांस्कृतिक स्थल र संरचनाहरूको संरक्षण तथा संवर्द्धनले पर्यटन उद्योगको प्रवर्द्धनमार्फत दीर्घकालीन आर्थिक विकासलाई महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। यसले राजस्व वृद्धि गर्नुका साथै पर्यटन क्षेत्रमा रोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउँछ र कुनै क्षेत्रको पहिचान, आकर्षण तथा सांस्कृतिक चरित्रलाई जीवन्त राख्दै समाजलाई आफ्नै इतिहास र सभ्यतासँग जोड्ने काम गर्दछ। **विश्वले नेपाललाई गौतम बुद्धको जन्म स्थलका रुपमा पनि चिन्ने गरेको अवस्थामा लुम्बिनी जस्तो विश्व सम्पदा नेपाल र नेपालीहरूको मात्र नभई सम्पूर्ण मानव सभ्यताको साझा धरोहर भएकाले यसको संरक्षणमा विश्व समुदायको समान चासो र जिम्मेवारी रहन्छ। औद्योगिक विकासको नाममा विश्व सम्पदाको अस्तित्व नै खतरामा पार्ने कार्यलाई स्वीकार्य मान्न मिल्दैन। यस्ता सम्पदाले हाम्रो इतिहास, संस्कृति, सभ्यता र पहिचानको जीवित प्रमाण प्रस्तुत गर्छन् र भावी पुस्तालाई विगतसँग जोड्ने आधार बनाउँदछ। विश्व सम्पदा वरपर रहने औद्योगिकीकरण तथा अव्यवस्थित विकास गतिविधिहरूले सम्पदा स्थल र ऐतिहासिक संरचनाहरूमा क्षति पुऱ्याउने जोखिम बढाइरहेका छन्। जसले सांस्कृतिक मूल्य मात्र होइन पर्यटनमा निर्भर स्थानीय अर्थतन्त्रमा समेत नकारात्मक असर पार्न सक्छ।** विशेषगरी औद्योगिक विकासबाट उत्सर्जीत प्रदूषणले विश्व सम्पदा क्षेत्रहरूमा दीर्घकालीन प्रभाव पारिरहेको देखिन्छ। लुम्बिनी आफैंमा ठूलो आध्यात्मिक तथा पर्यटन उद्योगका रूपमा हजारौं मानिसलाई रोजगारी प्रदान गर्दै राष्ट्रिय अर्थतन्त्रलाई समेत महत्त्वपूर्ण टेवा पुऱ्याइरहेको छ। **विश्व सम्पदालाई असर पुऱ्याउने उद्योगहरू आवश्यक परे अन्य स्थानमा सार्न वा नयाँ ठाउँमा स्थापना गर्न सकिन्छ। तर एकपटक नष्ट भएको सम्पदालाई पुरानै अवस्थामा पुनःस्थापित गर्न असम्भव हुन्छ। यस अर्थ लुम्बिनी क्षेत्रमा रहेको प्रदूषण उत्सर्जन गर्ने उद्योगहरु स्थानान्तरण हुन सक्छ, तर भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनी अर्को स्थानमा स्थानान्तरण हुन सक्दैन।** त्यसैले सम्पदा संरक्षण र आर्थिक सामाजिक

विकासबीच सन्तुलन कायम गर्नु अपरिहार्य छ। जसका लागि सम्पदा क्षेत्र वरपर बफर जोन कायम गर्ने, विकास परियोजनामा संरक्षणका तत्व समावेश गर्ने तथा सम्पदालाई आर्थिक रूपमा दिगो बनाउने उपायहरू अवलम्बन गर्नु आवश्यक छ, ताकि हाम्रा पुर्खाले निर्माण गरेका तथा प्रकृतिले प्रदान गरेका अमूल्य सम्पदाहरू भावी पुस्ताका लागि सुरक्षित रहुन र हाम्रो ऐतिहासिक तथा सांस्कृतिक पहिचान निरन्तर जीवन्त रहि रहुन। त्यसैले औद्योगिक विकासभन्दा विश्व सम्पदाको महत्त्व दीर्घकालीन रूपमा अझ बढी रहेको हुन्छ। प्रकाशमणि शर्मा विरुद्ध नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालय सिंहदरबार, काठमाडौंसमेतको रिट निवेदनमा[62] ..प्रकृतिले दिएका उपहारको मूल्यसँग विकासका क्रियाकलापले दिने लाभको तुलना हुन सक्दैन। त्यसैले भौतिक विकासका क्रियाकलापबाट कुनै ठूलै लाभ हुने रहेछ भनेपनि प्रकृति र वातावरणलाई नकारात्मक प्रभाव पार्ने वा विनास गर्ने क्रियाकलापले निरन्तरता पाउँन हुदैन ।... जसरी हामी कुनै विकास वा आर्थिक लाभका निमित्त हाम्रा अमूल्य ऐतिहासिक धरोहर भत्काउन वा पुर्ने कुरा गर्न सक्दैनौं, त्यसरी नै जैविक विविधताको मूल्यलाई मार्वल वा रोडा ढुंगासँग साटन सकिन्न भनी व्याख्या भएको देखिन्छ।

८१. लुम्बिनी क्षेत्रमा रहेको अधिकंश उद्योगहरुले कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी उद्योग स्थापना गरेको भनी जीकिर लिएको सम्बन्धमा विचार गर्दा, वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ ले प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरेको छ भने वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ ले प्रस्तावकले अनुसूची-१ मा उल्लेख भएका प्रस्तावकहरुले प्रारम्भिक वातावरणीय र अनुसूची-२ मा उल्लेख भएका प्रस्तावहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। त्यस्तै, ऐ.ऐन,२०५३ को दफा ७(१) ले प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्न कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जन स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुदैन भन्ने व्यवस्थालाई हाल

[62] ने.का.प. २०७३, अङ्क ४, नि.नं. ९५७५

प्रचलनमा रहेको वातावारण संरक्षण ऐन, २०७६ को दफा १५(१) ले निरन्तरता दिएको छ भने दफा १५(२) ले कसैले पनि जनजीवन, जनस्वास्थ एवं वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरितको कुनै काम गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको छ।ऐ. ऐन, २०५३ को दफा ७(२) ले उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउँने गरी रोक लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको छ भने दफा १०(१) ले वातावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरु भएको नेपाल अधिराज्यभित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ । उपदफा (२) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्रमा तोकिए बमोजिमको कुनै काम गर्न नपाउँने गरी रोक लगाउन सकिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ भने IEE वा EIA नगरी वा स्वीकृत प्रस्ताव विपरीत कुनै कार्य गरेमा, अर्थात प्रदूषणको नियन्त्रण नगरी कुनै पनि उद्योग सञ्चालन गरेमा त्यस्तो कार्यलाई तुरून्त बन्द गरी जरिवाना गर्न सक्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ ले व्यवस्था गरेको देखिन्छ।

८२. उपर्युक्त कानूनी व्यवस्थाहरूको समग्र विश्लेषण गर्दा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले विकास र औद्योगिक गतिविधिलाई पूर्णतः निषेध नगरी त्यसलाई वातावरणीय दायित्व र उत्तरदायित्वभित्र सञ्चालन गर्नुपर्ने सिद्धान्तलाई स्थापित गरेको देखिन्छ। **कानूनले उद्योग स्थापना अघि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य गरी विकास गतिविधिबाट वातावरण, जनस्वास्थ्य तथा सांस्कृतिक सम्पदामा पर्न सक्ने नकारात्मक प्रभावको पूर्वानुमान र नियन्त्रणको व्यवस्था गरेको छ। तर IEE वा EIA सम्पन्न भएको मात्र आधारमा उद्योगलाई अनियन्त्रित रूपमा सञ्चालन गर्न दिने भन्दा पनि IEE वा EIA अनुरुप त्यस्ता उद्योगहरुले आफूले प्रतिबद्धता जाहेर गरेका विषय पुरा गरेको वा नगरेको सम्बन्धमा विस्तृत रुपमा हेर्नु पर्दछ।** यसमा राज्यको नियमित

अनुगमन तथा मूल्याङ्कन हुन जरुरी देखिन्छ। यस सम्बन्धमा, हाल कार्यान्वयनमा रहेको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३२(७) मा सम्बन्धित सरोकारवाला निकायले राष्ट्रिय सम्पदाको नियमित अनुगमन गरी सोको वार्षिक प्रतिवेदन तयार गरी विभाग र मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था गरेको समेत देखिन्छ। IUCN ले गरेको The Birthplace of the Lord Buddha: Environmental and Industrial Impact Assessment Around Lumbini World Heritage Property सम्बन्धी अध्ययनले लुम्बिनी रोड औद्योगिक करिडोरमा सञ्चालनमा रहेका अधिकांश उद्योगहरूले वातावरण संरक्षणसम्बन्धी प्रचलित नियम तथा मार्गनिर्देशनहरू स्पष्ट रूपमा उल्लङ्घन गरिरहेका छन्। यसका कारण वातावरण, वनस्पति तथा वन्यजन्तु, स्थानीय बासिन्दाहरूको स्वास्थ्य तथा सुरक्षा उपायहरूमा प्रतिकूल प्रभाव परेको छ[63]। लुम्बिनी संरक्षित क्षेत्र भित्र वा लुम्बिनी वरपर रहेका अन्य सम्पदा क्षेत्रहरूमा स्थापना गरिने उद्योगहरूले पूर्ण वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रक्रिया पूरा गरी वातावरण मन्त्रालय, पुरातत्त्व विभाग, संस्कृति मन्त्रालय, युनेस्को (विश्व सम्पदा स्थलको हकमा) तथा सम्बन्धित सरोकारवालाहरूबाट अन्तिम स्वीकृति प्राप्त गर्नुपर्ने हुन्छ[64] भनिएको छ । UNESCO ले विश्व सम्पदा रहेको क्षेत्रमा उद्योगहरु स्थापना तथा सञ्चालन गर्दा Heritage Impact Assessement गर्नु पर्ने व्यवस्था गरेको पाइन्छ। त्यस्तै यदि उद्योग वा अन्य गतिविधिबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्न गएमा सम्बन्धित निकायले शर्त तोक्न, सुधार गर्न वा आवश्यक परे त्यस्ता गतिविधि नै रोक लगाउन सक्ने स्पष्ट अधिकार पनि कानूनले प्रदान गरेको छ। विशेषगरी ऐ.ऐन, २०५३ को दफा १० ले प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गरी त्यस्ता महत्त्वपूर्ण क्षेत्रलाई असर गर्ने औद्योगिक वा अन्य गतिविधिमा प्रतिबन्ध लगाउन सकिने व्यवस्था गरेकाले **लुम्बिनी जस्तो विश्व सम्पदा क्षेत्रमा औद्योगिक गतिविधिबाट सम्पदाको मौलिकता, वातावरणीय सन्तुलन तथा सांस्कृतिक महत्त्वमा असर पर्ने अवस्था सिर्जना भएमा राज्यले उद्योग प्रवर्द्धनभन्दा वातावरण, प्रकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षणलाई प्राथमिकता दिनुपर्ने संवैधानिक र कानूनी दायित्व स्थापित हुन्छ। औद्योगिक विकास र वातावरणीय तथा सांस्कृतिक संरक्षणसँग सन्तुलनमा हुनुपर्ने भए पनि अन्ततः दीर्घकालीन सार्वजनिक हित, मानव स्वास्थ्य, जैविक**

63 Paudel et al., supra note 34, at 28.
64 Id.at. 81.

**विविधता तथा विश्व सम्पदाको संरक्षण नै राज्यको प्रमुख प्राथमिकता हुनुपदर्छ भन्नेमा दुईमत हुन सक्दैन।**

८३. निरुपण हुनुपर्ने अन्तिम प्रश्न, प्रस्तुत विवादमा रिट निवेदकको माग बमोजिम आदेश जारी गर्नु पर्ने हो वा होइन? विपक्षीहरुको नाममा अन्य कुनै आदेश वा निर्देश जारी गर्नु पर्ने अवस्था छ वा छैन? भन्ने सम्बन्धमा विचार गर्दा, विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी तथा तिरौलाकोट र रामग्राम क्षेत्रहरूलाई युनेस्कोको सम्भावित सूची (tentative list) मा समावेश गरेको अवस्थामा यस क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्नुको विकल्प छैन। **औद्योगिक विकासका नाममा हाम्रा पूर्वजहरूले छाडेर गएको र विश्व सम्पदाका रूपमा समेत मान्यता प्राप्त राष्ट्रिय सम्पदालाई जोखिममा पार्न सकिँदैन। यी सम्पदाहरू केबल वर्तमान पुस्ताका लागि मात्र नभई भावी पुस्ताको लागि समेत हाम्रो पहिचान, इतिहास र सभ्यताको आधार भएकाले तिनको दीर्घकालीन संरक्षण आवश्यक हुन्छ।** लुम्बिनी क्षेत्र ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक, वातावरणीय तथा जैविक विविधताको दृष्टिले अत्यन्त महत्त्वपूर्ण सम्पदा रहेको विषयमा माथिका विभिन्न प्रकरणहरुमा विवेचना भइसकेको छ। साथै, यस क्षेत्रमा सञ्चालित उद्योगहरूबाट उत्सर्जित प्रदूषणले लुम्बिनी क्षेत्रको ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक धरोहरसंगै पर्यावरणीय सन्तुलन र सम्पदाको मौलिक अस्तित्वलाई नै गम्भीर जोखिममा पारिरहेको अवस्थासमेत देखिएको हुँदा औद्योगिक प्रवर्द्धन बोर्डले मिति २०६६।०८।१२ (November 7, 2009) मा लुम्बिनी क्षेत्रको संरक्षण र संवर्द्धनका लागि गरेको निर्णय विपरित उद्योग स्थापना गर्न उद्योग विभाग वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकार वा सो मातहतका निकायहरुबाट भए गरेका सम्पूर्ण काम कारबाही र पत्राचार तथा निर्णयहरु उत्प्रेषणको आदेशले बदर गरि दिएको छ ।

८४. साथै, माथि विभिन्न प्रकारणहरुमा विवेचित आधार र कारणबाट लुम्बिनीको संरक्षणको विषय रिट निवेदकहरु संगै समस्त नेपाली र विश्व मानवताको सार्वजनिक चिन्ता, चासो र हितको विषय भएकाले निम्न बमोजिमको कार्य गर्न गराउन विपक्षीहरुको नाममा नेपालको संविधानको धारा २६, धारा ३० ,धारा ४६, धारा ५१ (ठ) तथा धारा १३३ (२) र (३) बमोजिम परमादेशको आदेश जारी गरिदिएको छः-

क) लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खाल (Boundary) को दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तरतर्फ पर्खाल देखि १५ कि.मी. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मी. भित्र धुलो, धुवाँ तथा कार्बन उत्सर्जन गर्ने कुनै पनि नयाँ उद्योग स्थापना गर्न अनुमती नदिनु ।

ख) नेपाल औद्योगिक प्रवर्द्धन बोर्डको मिति २०६६।०८।१२ को १९० औं बैठकको निर्णयले लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको १५ कि.मि. भित्र कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने भनी निर्णय गर्नुको अर्थ पर्खालबाट १५ कि. मि. सम्मको क्षेत्र धुलो, धुवाँ तथा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योग मुक्त क्षेत्र बनाउने लक्ष्य अनुसारकै हो भन्ने देखियो । सो निर्णयमा मिति २०६६।०८।१२ भन्दा अघि दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुको हकमा समेत पहिलो प्राथमिकतामा उद्योग स्थानान्तरण गर्ने उल्लेख भएको र यसरी सञ्चालित उद्योगहरुको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप तथा विद्युत क्षमता थप गर्न स्वीकृति प्रदान नगर्ने नीति कायम राख्नुको अर्थ क्रमशः त्यस्ता उद्योगहरु बन्द गराई स्थानान्तरण गराउने लक्ष्य रहेको प्रष्ट देखिएको समग्र अवस्थालाई मध्यनजर राखी ब्रम्हाण्डकै अतुलनीय मूल्य (Outstanding universal value) बोकेको भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको दिर्घकालीन संरक्षणका लागि यो आदेश प्राप्त भएको मितिले २ वर्ष भित्र धुलो, धुँवा वा कार्बन जन्य प्रदूषण उत्सर्जन गर्ने लुम्बिनीकों पर्खालघेराको पूर्व, पश्चिम, उत्तर १५ कि.मि. दुरीसम्मका र दक्षिणमा भारतीय सिमासम्मका बन्द वा स्थानान्तरण नभएको उद्योग तथा कलकारखाना बन्द गर्नु वा स्थानान्तरण गर्नु गराउनु र यसरी धुलो, धुँवा वा कार्बन जन्य प्रदूषण उत्सर्जन गर्ने उद्योग तथा कलकारखाना बन्द वा स्थानान्तरण गर्दा वृहत्तर लुम्बिनीक्षेत्रको दिर्घकालिन संरक्षणमा समेत पर्याप्त ध्यान पुऱ्याउनु।

ग) उल्लेखित उद्योगहरु स्थानान्तरण भएपछिको खाली हुन जाने जग्गामा सम्बन्धित जग्गा धनीले पर्यटन मैत्री व्यवसाय सञ्चालन गर्न चाहेमा आवश्यक सहुलियत सुविधा उपलब्ध गराउनु।

घ) लुम्बिनी क्षेत्र संरक्षणको निम्ति निर्मित पर्खालको दक्षिणतर्फ भारतीय सीमासम्म र पूर्व पश्चिम तथा उत्तरतर्फ पर्खाल देखि १५ कि.मी. दुरी भित्र साथै लुम्बिनी भैरहवा कोरिडोर खण्डमा सडकको दायाँ बायाँ ८०० मी. क्षेत्र भित्रको सडकमा १९ टन भन्दा बढी भार बाहन क्षमता भएको सार्वजनिक सवारी साधनको आवागमनमा रोक लगाउनु।

८५. यो आदेशको प्रतिलिपि साथै राखी आदेश कार्यान्वयनको लागि महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई पत्राचार गर्नू। साथै, मुख्य न्यायाधिवक्ताको कार्यालय, लुम्बिनीमार्फत लुम्बिनी प्रदेश तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत लुम्बिनी क्षेत्र भित्र रहेका पालिकाहरुलाई यस फैसलाको प्रतिलिपी सहित पत्राचार गर्नु। यो फैसलाको कार्यान्वयनको लागि यस अदालतको फैसला कार्यान्वयन निर्देशनालयबाट निरन्तर अनुगमन गर्नू।

८६. प्रस्तुत आदेश यस अदालतको विद्युतीय मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्टी गरी पीठमा जनाई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

(कुमार रेग्मी)
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

(सुनिल कुमार पोखरेल)
न्यायाधीश

इजलास अधिकृत (उपसचिव) : लालबहादुर कार्की

फैसलाको मस्यौदा तयार गर्नेः विकेश महर्जन (शाखा अधिकृत)

कम्प्युटर टाइप : अमिर रत्न महर्जन

इति सम्वत् २०८२ भाद्र महिना ११ गते रोज शुभम् ----------------------------।